# महालेखापरीक्षकको
# वार्षिक प्रतिवेदन
## २०७९

## खप्तड छेडेदह गाउँपालिका

### बाजुरा




**महालेखापरीक्षकको कार्यालय**

**काठमाडौं, नेपाल**


# महालेखापरीक्षकको

# वार्षिक प्रतिवेदन

## २०७९

## खप्तड छेडेदह गाउँपालिका

### बाजुरा




**महालेखापरीक्षकको कार्यालय**

**काठमाडौं, नेपाल**

महालेखापरीक्षकको

# वार्षिक प्रतिवेदन

## २०७९

## खप्तड छेडेदह गाउँपालिका

बाजुरा

**महालेखापरीक्षकको कार्यालय**

**काठमाडौं, नेपाल**

## दूरदृष्टि (VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था

*(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य (MISSION)

राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

*(Provide independent and Quality Audit Service to Nation)*

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| निष्ठा | *(Integrity)* |
| स्वतन्त्रता | *(Independence)* |
| व्यावसायिकता | *(Professionalism)* |
| पारदर्शिता | *(Transparency)* |
| जवाफदेहिता | *(Accountability)* |

## महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २० (२) मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्था बमोजिम स्थानीय तहको २०७८/७९ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ ।

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, नेपाल सरकारी लेखापरीक्षण मान, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको उद्देश्यमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको पालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी, जवाफदेहिता एवं पारदर्शिता र सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु साथै स्रोत साधनको प्राप्ति र परिचालन सम्बन्धमा नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता भए नभएको विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रदान गरी सुशासन प्रवर्द्धनमा टेवा पुऱ्याउनु रहेको छ । आर्थिक वर्ष २०७८/७९ को लेखापरीक्षण सम्पन्न भएपश्चात जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका विषयहरू मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर राय सहितको अन्तिम प्रतिवेदन पठाइएको छ ।

यस वर्षको लेखापरीक्षणबाट देखिएका व्यहोराहरु मूलतः आवश्यक कानुनहरु तर्जुमा नगरेको, तर्जुमा भएका कानुनहरु राजपत्रमा प्रकाशन नगरेको, आन्तरिक आय र राजस्व बाँडफाँटको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आय न्यून रहेको, बक्यौता असुलीमा प्रभावकारिता नआएको, बजेट अनुशासन कमजोर रहेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरेको, वर्षान्तमा बढी खर्च गरेको, खरिद कानुन विपरीत सोझै खरिद गरेको, प्रशासनिक खर्च बढ्दै गएको बाँकी अनुदान बर्षान्तमा फिर्ता नगरेको, अनुत्पादक तथा वितरणमुखी खर्च गरेको लगायतका छन् । त्यसैगरी विकास निर्माणतर्फ योजना प्राथमिकीकरण नगरेको, टुक्रे आयोजनाको छनौट गरी खर्च गरेको, विस्तृत आयोजना प्रतिवेदन तयारीमा परामर्शदातामाथि निर्भर रहेको, जटिल प्रकृतिका कार्यहरू समेत उपभोक्ता समितिबाट गराएको, जनसहभागिता नजुटेको जस्ता समस्या रहेका छन् ।

स्थानीय तहको आन्तरिक व्यवस्थापनतर्फ दरबन्दी अनुसार पदपूर्ति नभएको, दरबन्दी वेगरका कर्मचारी नियुक्ति गरेको, उपभोक्ता समितिको कार्यमा सेवा प्रवाह सहज र व्यवस्थित नभएको, सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणालीमा जिन्सी एंव सम्पत्ति अभिलेख नराखेको, सञ्चालित योजना, कार्यक्रम तथा सेवा प्रवाहको अभिलेख नराखेको, बैङ्क हिसाब नभिडेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहेको पाइएको छ। स्थानीय तहमा महालेखापरीक्षकको लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजू फर्स्यौट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा भएको देखिएन । लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरू आवश्यक कारवाही गरी वित्तीय अनुशासन कायम गर्नुपर्दछ।

समय र जनशक्तिको सीमितताको बाबजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गरिएको र लेखापरीक्षणको क्रममा लेखापरीक्षण टोलीले स्थानीय तहका प्रमुख सहितका पदाधिकारीहरूसँग छलफल समेत गरिएको छ। लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापन, विकास निर्माण र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरू र लेखापरीक्षण कार्यमा संलग्न यस कार्यालयका कर्मचारीहरूको कार्यसम्पादनको उच्च मूल्याङ्कन गर्दै विशेष धन्यवाद दिन चाहन्छु।

**(टंकमणि शर्मा दंगाल)**

२०७९ चैत्र

**महालेखापरीक्षक**

# महालेखापरीक्षकको कार्यालय
## Office of the Auditor General
अनामनगर, काठमाडौं, नेपाल
Anamnagar, Kathmandu, Nepal

**प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय**
(सुदूरपश्चिम प्रदेश)

पत्र संख्याः २०७९।८०
च.नं. ५५७

मितिः २०७९।१२।२९

विषयः लेखापरीक्षण प्रतिवेदन ।

श्री अध्यक्षज्यू,
खप्तड छेडेदह गाउँपालिका, गाउँकार्यपालिकाको कार्यालय,
बाजुरा ।

**कैफियत सहितको राय**

हामीले खप्तड छेडेदह गाउँपालिकाको आर्थिक वर्ष २०७८/७९ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरण तथा लेखा टिप्पणीहरूको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेस भएको २०७९ आषाढ ३२ मा समाप्त भएको आर्थिक वर्ष २०७८/७९ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरणले स्थानीय तहसँग सम्बन्धित प्रचलित कानुन बमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ ।

**कैफियत सहितको राय व्यक्त गर्ने आधार**

१. गाउँपालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा पूर्ण रुपमा प्रयोग गरी वित्तीय विवरण तयार गरेको छैन ।
२. लेखापरीक्षणबाट रू. २ करोड ४८ लाख ८ हजार बेरुजू देखिएको छ । सो सम्बन्धमा कुनै पनि प्रतिक्रिया प्राप्त नभई बाँकी बेरुजू असुल गर्नुपर्ने रू. ४१ लाख ४६ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू. ७७ लाख ४५ हजार, नियमित गर्नुपर्ने रु. १ करोड २१ लाख ६९ हजार र पेश्की रू. ७ लाख ४८ हजार रहेको छ । पालिकाको गतवर्ष सम्म रु. १० करोड ८६ लाख ५१ हजार बेरुजू बाँकी रहेकोमा यो वर्ष कायम भएको बेरुजू समेत हालसम्मको अद्यावधिक बेरुजू रु. १३ करोड ३४ लाख ५९ हजार रहेको छ । गाउँपालिकाको **बेरुजू वर्गीकरण र अद्यावधिक बेरुजू स्थितिको व्यहोरा यसैसाथ संलग्न छ ।**
३. गाउँपालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, असुली लक्ष्य अनुसार नभएको, कर्मचारीको दरबन्दी अनुसार स्थायी पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा प्रभावकारिता नआएको, अनुदानको पर्याप्त अनुगमन नभएको, वितरणमुखी कार्यक्रम सञ्चालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको लगायतका व्यहोरा लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएको छ । कार्यालयबाट सम्प्रेषित लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन यसको अङ्गको रुपमा रहेको छ ।
४. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं। त्यसैगरी स्वीकृत आचार संहिताको पालना गरी कार्यसम्पादन गरेका छौं । लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ ।

**वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ । गाउँ कार्यपालिका, अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत गाउँपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ती समेतका कारण सारभूतरूपमा गलत आँकडा रहित होस् भनी उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो । लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ती पत्ता लगाउन सक्ने निश्चितता भने हुँदैन । वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तीलाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।

(ताराप्रसाद पाण्डे)
नायब महालेखापरीक्षक

खप्तड छेडेदह गाउँपालिका, बाजुरा

# १. चालु वर्षको बेरुजू २०७८।७९

## १.१. बेरुजू बर्गिकरण (बिनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

*(रु. हजारमा)*

| प्रारम्भिक बेरुजू | | | प्रतिक्रियाबाट फछ्र्यौट | | | बाँकी बेरुजू | | | बेरुजू | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | दफा संख्या | | रकम | असुल गर्नुपर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | राजस्व लगत जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | |
| ८२ | ४१ | २४८०८ | ० | ० | ० | ८२ | ४१ | २४८०८ | ४१४६ | १२१६९ | ७७४५ | ० | ० | १९९१४ | ७४८ |

# २. अद्यावधिक बेरुजू स्थिति २०७८।७९

*(रु. हजारमा)*

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्षको फछ्र्यौट | बाँकी बेरुजू | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजू | यो वर्षको बेरुजू | कुल बेरुजू बाँकी |
|---|---|---|---|---|---|---|---|
| खप्तड छेडेदह गाउँपालिका, बाजुरा | १०८६५१ | ० | ० | १०८६५१ | ० | २४८०८ | १३३४५९ |

**आर्थिक कारोबारको स्थिति**

आर्थिक बर्षः २०७८/७९

कार्यालय र स्थान : खप्तड छेडेदह गाउँपालिका, बाजुरा

| **पद** | **नाम** | **कार्यकाल सुरु मिति** | **कार्यकाल समाप्त मिति** |
|---|---|---|---|
| कार्यालय प्रमुख | कृष्णराज जोशी | २०७७-४-१ | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | अमर बहादुर माझी | २०७७-४-१ | हाल सम्म कार्यरत |
| | | **बेरुजु रकम** | २४,८०८,९४५ |

स्थानीय तह :

| | | | |
|---|---|---|---|
| **गत बर्षको जिम्मेवारी** | | ७,२३,०४,१३८.३७ | |
| **आम्दानी** | | **खर्च** | |
| **संघीय सरकारबाट अनुदान** | ४०,६८,६३,००० | **चालु खर्च** | २९,७९,४६,४१४.१६ |
| **प्रदेश सरकारबाट अनुदान** | २,०७,०७,००० | **पूँजीगत खर्च** | १३,९२,५९,९३२.६३ |
| **राजश्व बाँडफाँट** | ६,८५,६७,७९६.८८ | **वित्तीय/अन्य व्यवस्था** | २३,९५,२४,३९८.७४ |
| **आन्तरिक आय** | २९,४३,२४८.८२ | | |
| **अन्य आय** | १०,५३,४५,५६१.४६ | | |
| **कुल आय** | ६०,४४,२६,६०७.१६ | **कुल खर्च** | ६७,६७,३०,७४५.५३ |
| **बाँकी मौज्दात** | | ९,४५,१९,४६३.९२ | |

| **क्रम** | **भौचर नम्बर** | **भौचर मिति** | **बिषय** | **बेरुजु रकम** |
|---|---|---|---|---|
| १ | | | **परिचय**<br><br>स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले यस गाउँपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाई प्रवद्र्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु गाउँपालिकाको उद्देश्य रहेको छ । यस गाउँपालिका अन्तर्गत ७ वडा ३९ सभा सदस्य १३५ वर्ग किलोमिटर क्षेत्रफल तथा घरधुरी सर्वेक्षण २०७४ बमोजिम २२१३५ जनसंख्या रहेको छ ।<br>कार्यालयको आ.व. २०७८।७९ को प्रस्तुत आर्थिक विवरण र सो सँग सम्बन्धित आर्थिक कारोवारको कार्यालयले पेश गरेको श्रेस्ताको विस्तृत लेखापरीक्षण योजना एवम् कार्यक्रम, व्यवस्थापन प्रतिनिधित्वपत्र र आन्तरिक लेखापरीक्षण प्रतिवेदन समेतका आधारमा लेखापरीक्षण गरिएको छ । लेखापरीक्षण गर्दा जटिल प्राविधिक विषय, सिमित समय, कमजोर अभिलेख एवम् सुचनाको अपर्याप्तताको सिमा भित्र रहि लेखापरीक्षण सम्पन्न गरिएको छ । लेखापरीक्षणवाट देखिएका व्यहोराहरु निम्नानुसार छन्ः | |
| २ | | | **बित्तिय व्यवस्था**<br><br>सुत्र सफ्टवेयरले तयार गरेको वित्तीय विवरण निम्नानुसार रहेको छ। | |

| विवरण | टिप्पणी | यस वर्ष रु. | | | | गतवर्ष रु. | | |
|---|---|---|---|---|---|---|---|---|
| | | बजेट | आफैले गरेको प्राप्ति/भुक्तानी | वस्तुगत/सोझै भुक्तानी | जम्मा | आफैले गरेको प्राप्ति/भुक्तानी | वस्तुगत/सोझै भुक्तानी | जम्मा |
| प्राप्ती (क+ख) | | ५०,८२,६७,००६.७२ | ५०,६१,१४,०९५.९८ | | ५०,६१,१४,०९५.९८ | ५२,५५,४२,१८१.८९ | ४१,००,००० | ५२,९६,४२,१८१.८९ |
| क. प्राप्ति (संचितकोषमा आम्दानी बाँधिने) | | ५०,६९,१५,४३७.०६ | ४९,९०,८१,०४५.७० | ० | ४९,९०,८१,०४५.७० | ४७,८०,४५,४४८.८३ | ४१,००,००० | ४८,२१,४५,४४८.८३ |
| ११००० कर | ११ | ७,५६,९३,७२७ | ७,०५,७२,४६२.८२ | ० | ७,०५,७२,४६२.८२ | ६,०१,०७,१०५.८१ | ० | ६,०१,०७,१०५.८१ |
| १३००० अनुदान | | ४२,९०,३८,००० | ४२,७५,७०,००० | ० | ४२,७५,७०,००० | ४१,७०,९५,८१० | ४१,००,००० | ४२,११,९५,८१० |
| संघीय सरकार | १२ | ४०,८३,३१,००० | ४०,६८,६३,००० | ० | ४०,६८,६३,००० | ३८,१५,५८,८१० | ४१,००,००० | ३८,५६,५८,८१० |
| प्रदेश सरकार | १२ | २,०७,०७,००० | २,०७,०७,००० | ० | २,०७,०७,००० | ३,५५,३७,००० | ० | ३,५५,३७,००० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| १४००० अन्य राजस्व | | २१,८३,७१०.०६ | ९,३८,५८२.८८ | ० | ९,३८,५८२.८८ | ८,४२,५३३.०२ | ० | ८,४२,५३३.०२ |
| ख. अन्य प्राप्ति | | १३,५१,५६९.६६ | ७०,३३,०५०.२८ | | ७०,३३,०५०.२८ | ४,७४,९६,७३३.०६ | | ४,७४,९६,७३३.०६ |
| वितरण गर्न बाकी राजस्व | | ० | ० | ० | ० | ० | ० | ० |
| कोषहरु | | १३,५१,५६९.६६ | १३,५१,५६९.६६ | ० | १३,५१,५६९.६६ | ४,४०,३८,८४२.५४ | ० | ४,४०,३८,८४२.५४ |
| धरौटी | | ० | ५६,८१,४८०.६२ | ० | ५६,८१,४८०.६२ | ३४,५७,८९०.५२ | ० | ३४,५७,८९०.५२ |
| संघीय, प्रदेश सरकार वा अन्य कार्यक्रम | | ० | ० | ० | ० | ० | ० | ० |
| भुक्तानी (ग+घ) | | ५७,६४,३२,१९८.३९ | ४४,००,८९,८४९.८४ | | ४४,००,८९,८४९.८४ | ४४,९२,८५,११०.४८ | ३४,५७,२१६ | ४५,२७,४२,३२६.४८ |
| ग. भुक्तानी (सञ्चित कोषबाट) | | ५७,५०,८०,६२८.७३ | ४३,७२,०६,३४६.७९ | | ४३,७२,०६,३४६.७९ | ४२,३९,९५,६४८.४३ | ३४,५७,२१६ | ४२,७४,५२,८६४.४३ |
| १०००० राजस्व तथा अनुदान | १८ | ० | ० | ० | ० | २१,७१,४०० | ० | २१,७१,४०० |
| २१००० पारिश्रमिक / सुविधा | १८ | १६,०५,२०,८०० | १३,५७,८७,२२४.५३ | ० | १३,५७,८७,२२४.५३ | १२,६८,५२,८६४.४३ | ० | १२,६८,५२,८६४.४३ |
| २२००० मालसामान तथा सेवाको उपयोग | १८ | ११,६९,२७,८२८.७३ | ७,९७,३२,३४९.१३ | ० | ७,९७,३२,३४९.१३ | ७,३६,१९,५०५.७७ | ९,८१,४१९ | ७,४६,००,९२४.७७ |
| २५००० सहायता (Subsidy) | १८ | १,१५,५५,००० | १,००,१२,३९१ | ० | १,००,१२,३९१ | १,२०,००० | ० | १,२०,००० |
| २६००० अनुदान | १८ | ० | ० | ० | ० | ७१,६१,००० | ० | ७१,६१,००० |
| २७००० सामाजिक सुरक्षा | १८ | ७,९०,८२,००० | ७,२०,६१,९८९.५० | ० | ७,२०,६१,९८९.५० | ४,५१,२१,७६३ | ० | ४,५१,२१,७६३ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| २८००० अन्य खर्च | १८ | ८,००,००० | ३,५२,४६० | ० | ३,५२,४६० | ३,५२,७०० | ० | ३,५२,७०० |
| ३१००० गैर वित्तीय सम्पत्ती / पूँजीगत खर्च | १८ | २०,६१,९५,००० | १३,९२,५९,९३२.६३ | ० | १३,९२,५९,९३२.६३ | १६,८५,९६,४१५.२३ | २४,७५,७९७ | १७,१०,७२,२१२.२३ |
| ३२००० वित्तीय सम्पत्ति | १८ | ० | ० | ० | ० | ० | ० | ० |
| घ. अन्य भूक्तानी | | १३,५१,५६९.६६ | २८,८३,५०३.०५ | | २८,८३,५०३.०५ | ४४,९२,८५,११०.४८ | ३४,५७,२१६ | ४५,२७,४२,३२६.४८ |
| कोषहरु | | १३,५१,५६९.६६ | १०,३४,७५० | ० | १०,३४,७५० | २,२४,९७,२६८ | ० | २,२४,९७,२६८ |
| धरौटी | | ० | १८,४८,७५३.०५ | ० | १८,४८,७५३.०५ | २७,९२,१९४.०५ | ० | २७,९२,१९४.०५ |
| संघीय, प्रदेश सरकार वा अन्य कार्यक्रम | | ० | ० | ० | ० | ० | ० | ० |
| ङ. यो वर्षको बचत (न्युन) | | (६,८१,६५,१९१.६७) | ६,६०,२४,२४६.१४ | | ६,६०,२४,२४६.१४ | ७,६२,५७,०७१.४१ | ६,४२,७८४ | ७,६८,९९,८५५.४१ |
| च. गतवर्षको जिम्मेवारी रकम (अ.ल्या) | | | ७,१५,२९,५६८.७१ | | ७,१५,२९,५६८.७१ | ६,०४,५१,५८१ | | ६,०४,५१,५८१ |
| वर्षान्तको बाकी रकम (ङ + च) | | (६,८१,६५,१९१.६७) | १३,७५,५३,८१४.८५ | | १३,७५,५३,८१४.८५ | १३,६७,०८,६५२.४१ | ६,४२,७८४ | १३,७३,५१,४३६.४१ |
| बैंक तथा नगद बाकी | २४ | | १३,७५,५३,८१४.८५ | | १३,७५,५३,८१४.८५ | ९,५१,६३,९०५.४६ | | ९,५१,६३,९०५.४६ |

कार्यालयले तयार गरेको आय व्यय र सूत्र प्रणालीबाट तयार आम्दानी खर्चको विवरण अनुसार देहायको कैफियत देखिएका छन्।

क) सुत्र प्रणाली अनुसारको प्राप्ति भुक्तानी हिसाव अनुसार २०७८ आषाढ मसान्तको मौज्दात रु ९,५१,६३,९०५.४६ रहेकोमा यो वर्ष २०७८ श्रावणको शुरु मौज्दात जिम्मेवारी रु ७,१५,२९,५६८.७१ सारेकोले रु २३६३४३३६।५७घटी जिम्मेवारी सारेको देखिएको कारण उल्लेख नगरेकोले एकिन गर्नु पर्दछ ।

ख) एकिकृत आय व्यय विवरणमा यस बर्षको कुल आय रु ६७६७३०७४५।५३ रहेकोमा सुत्र प्रणालीको प्राप्ति तथा भुक्तानीको विवरणमा आफैले गरेको प्राप्ति कोलम अनुसार रु ५०,६१,१४,०९५.९८ देखाएकोले कार्यालयको आम्दानीमा रु १७०६१६६४९।५५ फरक परेकोले एकिन गर्नुपर्दछ।

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
| --- | --- | --- | --- | --- |
| | | | ग) कार्यालयले तयार गरेको आय-व्यय विवरण अनुसार यस बर्षको बाँकी मौज्दात रु ९४५१९४६३।९२ रहेकोमा सुत्र सफ्टवेयरबाट जारी प्रतिवेदनमा बर्षान्तको बाँकी बैंक तथा नगद मौज्दात रु १३,७५,५३,८१४.८५ रहेकोले रु ४३०३४३५०।९३ फरक परेको छ। यस सम्बन्धमा कार्यालयले एकिन गर्नुपर्दछ।<br>घ ) पालिकामा प्राप्त हुने सबै प्रकारका अनुदान तथा सहयोग रकम सुत्र प्रणालीमा समावेश गर्नुपर्नेमा यस बर्ष अन्तरसरकारी अख्तियारीबाट रु ९९०८७०८०।८४ प्राप्त भई खर्च भएकोमा सुत्र प्रणालीमा समावेश गरेको छैन। गाउँपालिकामा प्राप्त हुने सबै प्रकारका रकम अनुदान सुत्र प्रणालीमा आम्दानी जनाई खर्च गरिनु पर्दछ | |
| ३ | | | **बजेट तथा कार्यक्रम**<br><br>पालिकाको बजेट तथा कार्यक्रम सम्बन्धि नियन्त्रण व्यवस्था निम्नानुसार रहेको छ । | |
| ३.१ | | | **स्रोत अनुमान राजश्व परामर्श समिति**– स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६५(२) मा राजश्व परामर्श समितिले राजश्व सम्बन्धी नीति तथा कानूनको तर्जुमा, संशोधन परिमार्जन सम्बन्धमा आवश्यक परामर्श दिने, स्रोत दायरा र दरसमेको विश्लेषण गरी आर्थिक वर्षमा प्राप्त हुन सक्ने राजश्वको अनुमान गर्ने, राजश्व प्रशासन सुधारको लागि आवश्यक परामर्श दिने लगायतको कार्य गर्नुपर्ने व्यवस्था गरेको छ । राजश्व परामर्श समिति गठन गरी २०७८ असार ८ मा मिटिङको माईन्युट सम्म गरे पनि समितिले गरेका निर्णय लेखापरीक्षणमा पेश भएन। पालिकाको आन्तरीक लेखापरीक्षकले समेत राजश्व समिति निष्कृय रहेको प्रतिवेदन पेश गरेको छ । ऐन अनुसार समिति गठन भएकोमा नियमित बैठक बस्ने तथा पालिकाको आय बृद्दि गर्न राजश्वका दर तोक्ने तथा राजश्वको दायरा बृद्दि गर्ने तर्फ ध्यान दिनु पर्दछ ।<br>त्यस्तै स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) मा स्रोत अनुमान तथा बजेट सिमा निर्धारण समिति रहने र समितिले ऐन बमोजिम आयको प्राक्षेपण गरी बजेटको सिमा निर्धारण, बजेट तथा कार्यक्रमको प्राथमिकिकरण गर्ने लगायतका कार्य गर्न श्रोत अनुमान तथा बजेट निर्धारण गर्नुपर्ने व्यवस्था छ । पालिकाले स्रोत अनुमान समिति बैठक २०७८ बैसाख ६ मा बसेपनि बजेट श्रोत र सिमा निर्धारण नगरेको तथा वडा र पालिकाको लागि क्षेत्रगत बजेट सिलिङ नतोकी एकमुष्ट रु ५५३६४०००० । अनुमान हुने अनुमान गरेकोमा सोही रकम बरावर बजेट पेश भएको छ । ऐनको व्यवस्था बमोजिम समितिले बजेट स्रोत, सिमा निर्धारण, बजेट तथा कार्यक्रमको प्राथमिकिकरणको कार्य गरिनुपर्दछ । | |
| ३.२ | | | **बजेट तर्जुमा** – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(२) मा बजेट तथा कार्यक्रम तर्जुमा समितिले आयको प्रक्षेपण, वितरणको खाका तथा कार्यक्रम तर्जुमा गर्दा बजेट तथा कार्यक्रमको प्राथमिकिकरण, क्षेत्रगत रुपमा छलफल गरी अन्तिम प्रस्ताव तयार गर्ने, कार्यक्रममा दोहोरोपना आउन नदिने लगायतका कार्य गर्नुपर्दछ । पालिकामा बजेट तर्जुमा समिति गठन गरी बजेट तयार गरेको देखिएन । ऐन अनुसार समिति गठन गरी आयको प्रक्षेपण, वितरणको खाका तथा कार्यक्रम तर्जुमा, कार्यक्रमको प्राथमिकिकरण, क्षेत्रगत रुपमा छलफल गरी अन्तिम प्रस्ताव तयार गर्ने, कार्यक्रममा दोहोरोपना आउन नदिने लगायतका कार्य गर्नुपर्दछ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ३.३ | | | स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा २४ मा बमोजिम आवधिक योजना, मध्यमकालिन, दीर्घकालीन विकास योजना, आयोजनाको प्राथमिकिकरण गरी नेपाल सरकार र प्रदेश सरकारको नीति , लक्ष्य र प्रक्रिया तथा दिगो विकास लक्ष्यको आन्तरिकिकरण र सामजस्यता गर्नु पर्दछ । कार्यालयले आवधिक योजना, मध्यमकालिन, दीर्घकालीन विकास योजना, आयोजनाको प्राथमिकिकरण गरेको तथा नेपाल सरकार र प्रदेश सरकारको नीति लक्ष्य तथा दिगो विकासको लक्ष्य बमोजमि योजनाहरु आन्तरीकिकरण गरेको देखिएन । यसमा सुधार हुनुपर्दछ । | |
| ३.४ | | | **गतवर्षको दायित्व** – कार्यलयले बजेट तथा कार्यक्रम स्वीकृत गर्दा प्राप्त बजेट सिमाबाट प्रतिवद्धता रकम र भुक्तानी हुन बाँकी सिर्जित दायित्वको लागि पुग्ने रकम छुट्याएर मात्र कार्यक्रमको लागि बजेट स्वीकृत गर्नु पर्दछ । यसवर्ष कार्यालयले बजेट तर्जुमा गर्दा भुक्तानी गर्न वाँकीको कारण उल्लेख नगरी आ व २०७७।७८ मा स्वीकृत भएका योजना तथा कार्यक्रम सम्झौता अवधि भित्र काम नगरी र भुक्तानी दिन वाँकीको यथार्थता यकिन नगरी कार्यपालिकाको मिति २०७८।५।११ को निर्णय अनुसार रु १२४६०५२। भुक्तानी खर्च लेखेको छ । योजनाहरु उपभोक्ता समिति मार्फत सञ्चालन भएकोमा सम्झौता अविध भित्र काम नगरी अर्को बर्षको लागि दायित्व सिर्जना गरी काम गराएको उचित नदेखिनुका साथै भुक्तानी दिन वाँकीको प्रमाणित विवरण वेगर भुक्तानी दिने कार्यमा नियन्त्रण हुनुपर्दछ । | |
| ३.५ | | | **बजेट पेश, पारित र अख्तियारी** - स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । पालिकाले मिति २०७६।3।१० मा नीति कार्यक्रम, आर्थिक ऐन, विनियोजन ऐन पेश गरी २०७८।३।११ मा रु ५५३६४००००। पारित गरेको छ । पारित बजेट भन्दा रु ३३३९०३७१।२७ घटी अर्थात रु ५२०२४९६२८।७३ को खर्च गर्ने अख्तियारी २०७८।४।३ मा प्रदान गरेको देखियो । कानूनले तोकेको समयमा आय र व्ययको अनुमान पेश गरी पारित गर्ने र पारित वजेट अनुसारकै अख्तियारी दिनेतर्फ ध्यान दिनुपर्दछ । | |
| ३.६ | | | **अवण्डा** – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ अनुसार बजेट पेश गर्ने र पारित गर्ने सम्बन्धी व्यवस्था छ । उक्त व्यवस्था विपरीत यसवर्ष पालिकाले पशुसेवा तर्फ रु ४१ लाख ९४ हजार, शिक्षा क्षेत्र तर्फ रु ६६ लाख र आवश्यकता अनुसार गाउँपालिका भित्रका विभिन्न योजना तथा पूर्वाधारमा रु ३६ लाख समेत रु १ करोड ४३ लाख ९४ हजार अवण्डा विनियोजन गरेको देखियो । सभामा कार्यक्रम तथा बजेट पेश गरी स्वीकृत गराई खर्च गर्नुपर्नेमा सो नगरी खर्च लेखेकोले यसमा सुधार हुनुपर्दछ । | |
| ३.७ | | | **रकमान्तर** - स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७९ रकमान्तर सम्बन्धी व्यवस्था रकमान्तर सम्बन्धी विवरण माग भएकोमा लेखापरीक्षणमा पेश भएन । कानून वमोजिम रकमान्तर गर्ने र सो को अद्यावधिक विवरण राख्ने तर्फ कार्यालयको ध्यान जानु पर्दछ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ३.८ | | | कार्यालयले चौमासिक र बार्षिक प्रगति विवरण बनाई पेश गर्नुपर्नेमा कार्यालयले सञ्चालन गरेका स्थानीय स्तर, प्रदेश स्तर, जिल्ला स्तर तथा केन्द्रिय स्तरका योजनाको नियम बमोजिमको ढाँचामा चौमासिक प्रगति विवरण तयार गरेको छैन । नियम बमोजिमको ढाँचामा चौमासिक प्रगति विवरण तयार तयार गर्ने तर्फ पालिकाको ध्यान जानु पर्दछ । | |
| ४ | | | **कर्मचारी कल्याण कोष –**<br><br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ बमोजिम स्थानीय तहले स्थानीय सेवाका आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी जम्मा गर्नुपर्ने व्यवस्था छ । गाउँपालिकाले यस वर्ष कल्याण कोषमा कुनै पनि रकम ट्रान्सफर गरेको र कोषको संचालन सम्बन्धी पनि कुनै ऐन कानूनको व्यवस्था भएको देखिएन । | |
| ५ | | | **धरौटी जिम्मेवारी** –<br><br>गत वर्षको लेखापरीक्षण प्रतिवेदन अनुसार धरौटी खातामा रु. १७,७९,९३९।९३ मौज्दात रहेकामा कार्यालयले रु.१०,५६,६३९।७२ मात्र जिम्मेवारी सारेकोले रु ७२३३००।२१ घटी जिम्मेवारी सारेको देखियो ।कार्यालयको धरौटी श्रेस्ता अनुसार गो भौ नं १।२०७८।८।१३ बाट रु १०५६६३९।७२ गो भौ नं ९।२०७८।८। बाट रु ४१२०००।०० २५।२०७९।३।३२ बाट रु ११९०००।०० पटक पटक जिम्मेवारी मौज्दात देखाएको छ । धरौटी खातामा रहेको गतको मौज्दात र बैंक मौज्दात अनुशार बैक समायोजन विवरण बनाई फरक परको भए सो समेत औल्याई खाता अध्यावधिक गर्नुपर्दछ । | |
| ६ | | | **समानीकरण अनुदानबाट शिक्षकको तलब भत्ता –**<br><br>अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ९ ले स्थानीय तहलाई स्वीकृत दरबन्दी भित्रका शिक्षकको तलब भत्ता बापत सशर्त अनुदान उपलब्ध गराउने व्यवस्था छ । पालिकाले स्वीकृत दरबन्दीभित्र नपरेका एवं विद्यालयले गत विगतदेखि नै आन्तरिक स्रोतबाट तलब भत्ता व्यहोरेका शिक्षकलाई वित्तीय समानीकरण अनुदानबाट रु.६०३९७९९.०० तलब भत्ता भुक्तानी गरेको पाईयो । | |
| ७ | | | **आर्थिक सहायता –**<br><br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय तहको रकमबाट आर्थिक सहायता, चन्दा, पुरस्कार एवं संस्थागत अनुदान वितरण गर्न पाउने व्यवस्था रहेको देखिंदैन । यस स्थानीय तहले १ देखि ६ नम्वरका वडाहरुका बिरामीहरुलाई उपचार खर्च प्रयोजनको लागि यो वर्ष ३३ व्यक्तिलाई रु. ८०००००।०० आर्थिक सहायता वितरण गरेको पाइयो ।यसैगरी उद्दार राहत तथा पुनस्थापना खर्च शिर्षकबाट बाटो तथा काठेपुल मर्मत कार्यमा रु ३१५०००।०० खर्च गरेको पाईयो । यस्तो खर्चमा मितव्ययिता कायम गर्नु पर्दछ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ८ | | | **सम्पत्ति हस्तान्तरण –**<br><br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७, ९८ र १०४ अनुसार विषयगत कार्यालयको चल–अचल सम्पत्ति, दायित्व तथा अभिलेख गरी, त्यसरी कायम भएका गाउँपालिका वा नगरपालिकामा स्वतः हस्तान्तरण हुने व्यवस्था छ । यसरी हस्तान्तरण हुने सम्पूर्ण सम्पत्तिको अभिलेख तथा जिन्सी लगत खाता २०७५ असार मसान्त भित्र स्थानीय तहले तयार गरी प्रतिबेदन तयार गर्नुपर्ने व्यवस्था गरेकोमा पालिकाले वडागतसमेत सम्पत्तिको अभिलेख तथा जिन्सी लगत तयार नगरेको, कम्प्युटर, ल्यापटप, प्रिन्टर, मोबाईल फोन सेट र अन्य फर्निचर जस्ता मूल्यवान सामानहरु पालिकाको मूल जिन्सी खातामा जिम्मेवारी सारेको पाईएन । यसरी जिन्सी मालसामानको आम्दानी नजनाउँदा जिन्सी मालसामानहरु हराउन, हिनामिना हुन सक्ने हुँदा खरिद गरिएका मालसामानहरुको प्रकृति अनुसार सम्बन्धित जिन्सी खातामा आम्दानी जनाई जिन्सी खाता अद्याबधिक गर्नुपर्दछ । वडा, स्वास्थ्य, शिक्षा, सेवा केन्द्र, पालिका लगायतको सम्पत्तिलाई एकिकृत गरिनुपर्दछ | |
| ९ | | | **जिन्सी निरीक्षण –**<br><br>पालिकाले जिन्सी व्यवस्थापनमा सार्वजनिक सम्पत्ती व्यवस्थापन प्रणाली जस्ता सफ्टवेयर प्रयोगमा ल्याएको पाइएन । त्यस्तै आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ५० वमोजिम जिन्सी सामानहरु के कस्तो अवस्थामा छन् कार्यालय प्रमुखले एक वर्षमा कम्तीमा एक पटक आफैंले निरिक्षण गरी वा त्यस्तो मालसामान जिम्मा लिने कर्मचारी वाहेक अन्य कर्मचारी वा प्राविधिक द्वारा निरिक्षण गर्न लगाई त्यसको प्रतिवेदन लिखित रुपमा लिई राख्नुपर्ने व्यवस्था रहेकोमा कार्यालयले आ.व. २०७८।७९ मा जिन्सी निरिक्षण गरेको भएता पनि त्यस्तो प्रतिवेदनले औंल्याएका कैफियतहरुलाई समयमै सम्बोधन गरेको पाइएन । उल्लिखित कमजोरीहरु समयमै सुधार गरी जिन्सी समानहरुको अभिलेख, संरक्षण तथा उपयोगलाई व्यवस्थित बनाइनुपर्दछ । | |
| १० | | | | |
| १०.१ | | | **चौमासिक खर्च**:– स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६ (३) अनुसार प्रमुख प्रशासकीय अधिकृतले पालिका कोषबाट खर्च भएको रकमको चौमासिक प्रगति त्यस्तो अवधि समाप्त भएको पन्ध्र दिनभित्र कार्यपालिकाको बैठकमा पेश गर्नुपर्ने उल्लेख छ । कार्यालयले पेश गरेको पूँजीगत शीर्षकको चौमासिक खर्च विवरण विश्लेषण गर्दा जम्मा खर्च रु.४३ करोड ७२ लाख ०६ हजार मध्ये तेश्रो चौमासिकमा रु.२६ करोड ८ लाख ९४ हजार र आषाढ महिनामा रु.१५ करोड ७७ लाख ८८ हजार खर्च भएको पाइयो । जस अनुसार तेस्रो चौमासिकमा कूल खर्चको ५९.६७% र आषाढमा ३६.०९% खर्च भएको देखियो । अतः आर्थिक बर्षको अन्त्यमा मात्र कार्य हुने र त्यसरी काम गर्दा अनुगमन तथा मूल्यांकन गर्न समय कम भै कामको गुणस्तरमा असर पर्ने अवस्थालाई मध्यनजर राखेर कार्ययोजना अनुसार कार्यसम्पादन गरिनु पर्दछ। | |
| १०.२ | | | क्षेत्रगत बजेट र खर्चको स्थितिः स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०७८।७९ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ। | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><th rowspan="2">क्र. स</th><th rowspan="2">क्षेत्र</th><th rowspan="2">बजेट</th><th rowspan="2">खर्च</th><th>खर्च प्रतिशत</th></tr>
<tr><th>जम्मा खर्चको तुलनामा</th></tr>
<tr><td>१</td><td>आर्थिक विकास</td><td>३,६१,१०,०००</td><td>३,२५,४८,६१८</td><td>७।४४</td></tr>
<tr><td>२</td><td>पूर्वाधार विकास</td><td>१२,९५,३०,०००</td><td>८,१७,८१,२७५.२८</td><td>१८।७१</td></tr>
<tr><td>३</td><td>सामाजिक विकास</td><td>३२,६१,१५,०००</td><td>२७,३०,५२,२२६.७०</td><td>६२।४५</td></tr>
<tr><td>४</td><td>बातावरण तथा विकास</td><td>०,०</td><td>०,०</td><td>०</td></tr>
<tr><td>५</td><td>संस्थागत विकास, सेवा प्रवाह र सुशासन</td><td>७०,७२,०००</td><td>४०,९३,३३३</td><td>।९३४</td></tr>
<tr><td>६</td><td>अन्य कार्यालय संचालन तथा प्रशासनिक</td><td>७,६२,५३,६२८.७३</td><td>४,५७,३०,८९३.८१</td><td>१०।४६</td></tr>
<tr><td colspan="2">जम्मा</td><td>५७,५०,८०,६२८.७३</td><td>४३,७२,०६,३४६.७९</td><td></td></tr>
</table>
उपरोक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेट मध्ये सामाजिक विकास क्षेत्रमा सबैभन्दा बढी ६२।४५ प्रतिशत र संस्थागत विकास, सेवा प्रवाह र सुशासनमा सबै भन्दा घटीमा ०।९४ प्रतिशत खर्च गरेको छ भने वातावरण विकास क्षेत्रमा वजेट विनियोजन गरी खर्च नै गरेको छैन ।
</td><td></td></tr>
<tr><td>१०.३</td><td></td><td></td><td>लक्ष्य प्रगति–स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार पालिकाले लक्ष्य प्रगति विवरण तयार गर्नु पर्ने व्यवस्था छ । कार्यालयले सञ्चालन गरेका जिल्ला स्तरीय तथा केन्द्र स्तरीय आयोजनामध्ये ५७७ आयोजनाको उपर्युक्त ऐन बमोजिमको ढाँचामा प्रगति विवरण तयार गरेको देखिएन । ऐन बमोजिमको ढाँचामा बार्षिक लक्ष्य तथा प्रगति विवरण तयार गर्नु पर्दछ ।
<table>
<tr><td></td><td></td><td>वार्षिक प्रगति स्थिती</td><td></td></tr>
</table>
</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><th>कार्यक्रम/योजना</th><th>कुल कार्यक्रम</th><th>शून्य प्रगती</th><th>२५%सम्म प्रगति</th><th>५०% सम्म प्रगति</th><th>७५% सम्म प्रगति</th><th></th></tr>
<tr><td>५७७</td><td>४३७२०६०००</td><td>९४</td><td>०</td><td>५</td><td>४७८</td><td></td></tr>
</table>
</td><td></td></tr>
<tr><td>११</td><td></td><td></td><td></td><td></td></tr>
<tr><td>११.१</td><td></td><td></td><td>स्थानीय तथ्याङ्क, अभिलेख तथा स्रोत नक्साङ्कन : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीयतहले आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क संकलन, अभिलेख र सोको ब्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक श्रोत अन्तर्गत खानी, जंगल तथा अन्य श्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कनसहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने ब्यवस्था छ । पालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन गरेको देखिएन । स्थानीय तहका हरेक प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपूर्ण भुमिका खेल्ने हुँदा सोको संकलन र अभिलेख राख्ने कार्यमा पहल हुनु आवश्यक छ । तथ्याङ्कवेगर प्राथमिकतामा राखिएका योजना, बजेट, प्रक्रिया र कार्यान्वयनले उचित सार्थकता नपाउने हुँदा यस तर्फ पालिकाले अभिलेख ब्यवस्थापनमा ध्यान दिनुपर्दछ</td><td></td></tr>
<tr><td>११.२</td><td></td><td></td><td>सेवा प्रवाह – सुशासन (व्यवस्था पन तथा संचालन) ऐन, २०६४ को दफा २५ मा सर्वसाधारणलाई सेवा प्रदान गर्ने वा जनसम्पर्क कायम गर्ने प्रत्येक सरकारी निकायले सबैले देख्ने ठाँउमा कार्यालयले दिने सेवा र त्यसको प्रकृति, सेवाग्राहीले सेवा प्राप्त गर्न पूरा गर्नु पर्ने कार्यबिधि, सेवा प्रदान गर्ने पदाधिकारी र निजको कार्यकक्षको विवरण ,सेवा प्रदान गर्न लाग्ने समयाबधि र सेवा प्राप्त गर्न कुनै दस्तुर तथा अन्य रकम लाग्ने भए सो को विवरण , खुलाई नागरिक वडापत्र राख्नु पर्ने र सो बमोजिम सेवा प्रदान गरेको अभिलेख राख्नुपर्ने ब्यवस्था छ ।कार्यालयले पेश गरेको विवरण अनुसार यस वर्ष घरनक्सा पासको विवरण पेश नभएको, १५०८ ब्यक्तिगत घटना दर्ता जस्ता सेवा प्रवाह गरेको छ । स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११ मा उल्लेखित स्थानीय निकायको काम कर्तव्य र अधिकार मध्ये अधिकांश सेवा प्रवाह गर्नुपर्ने विषयमा निकायको सिमित जनशक्ति र पूर्वाधारका कारण प्रवाह गर्न सकेको छैन । अतः जनशक्ति र पूर्वाधारको विकास गरी निकायको सेवा प्रवाह प्रभावकारी बनाउनु पर्दछ ।</td><td></td></tr>
<tr><td>११.३</td><td></td><td></td><td>आन्तरिक लेखापरीक्षणको बेरुजू: प्रदेश आर्थिक कार्यविधि नियमावली, २०७६ को नियम ९७ (३) अनुसार कार्यालयले आन्तरिक लेखापरीक्षणबाट निस्केका बेरुजु अन्तिम लेखापरीक्षण हुनु भन्दा अगाडी नै नियमित गराउनु पर्नेमा नियमित गराई वा प्रमाण पेश गर्नुपर्नेमा प्रमाण पेश गरी वा असूल उपर गर्नुपर्नेमा असूल उपर गरी बेरुजु लगत कट्टा गरी फछर्यौट गरिसक्नुपर्ने व्यबस्था छ । गाउँपालिकाले उक्त कानूनी व्यस्था पालना नगरी अन्तिम लेखापरीक्षणको लागि श्रेस्ता पेश गर्दा देहायबमोजिमका व्यहोराहरु फछर्यौट गरेको प्रमाण पेश नभएको रु.</td><td>१,१०४,१९५</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| गो भौ नं मिति | व्यहोरा | रकम |
|---|---|---|
| | **गा पा चालु तर्फ** | |
| ३६/२०७८.८.२ | स्वास्थ्य शाखाबाट गाउपालिका भित्रका स्वास्थ्य शाखामा सामान ढूवानी गरेको भनि स्वास्थ्य संयोजक नन्द बहादुर रावतले ज्याला तथा गाडी ढूवानी दोहोरो भुक्तानी लिएको रु | २४३०० |
| २१७/२०७८.१२.८ | वडा नं २ का प्रशासन सहायक पदम बहादुर बुढाले बैठक भत्ता शिर्षकबाट खाजा खर्च रु ४००० बढी भुक्तानी लिएको असुल हुनुपर्ने रु | ४००० |
| ३०५/२०७९.२.११ | शिवपार्वती फर्निचर उधोगको विलमा उल्लेखित रु ९२६६०।०० रहेकोमा पालिकाले रु ९७६३५।०० भुक्तानी गरेको देखिएकोले रु ४९७५।०० बढी भुक्तानी गरेको असुल गर्नुपर्ने रु | ४९७५ |
| ३२१/२०७९.२.३१ | अपाङ्ग असाहय जेहेन्दार अनाथ बालवालिकालाई स्टेशनरी तथा विद्यालय पोसाक वितरण कार्यक्रम अन्तर्गत रु ९९८००।०० भुक्तानी गरेकोमा वितरण भर्पाई तथा विद्यालयको सिफारिस पेश गर्नुपर्ने रु | ९९८०० |
| ३९०/२०७९.३.१७ | शैलेश्वरी आ वि शैक्षिक प्रर्वर्द्धनको रु १५०००००।०० बाट मष्टा होटल डगोडीको बिल पेश गरी चिया नास्ता वापतको रु ६२८००।०० विल पेशगरी भुक्तानी लिएकोले कार्यक्रम वेगर विविध खर्च भुक्तानी गरेको रु | ६२८०० |
| ४१८/२०७९.३.२२ | युवा लक्षित कार्यक्रमको रकम कार्य सम्पन्न गर्ने पार्टीको नाममा भुक्तानी गर्नुपर्नेमा जगत बुढाको व्यक्तिगत नाममा रु ६९२२०।०० को चेक काटेर भुक्तानी गरेको नियमित नदेखिएको रु | ६९२२० |
| ४२२/२०७९.३.२२ | अपाङ्ग लक्षित कार्यक्रमको रकम मन्नाले ढोलिको व्यक्तिगत खातामा भुक्तानी रु ३००००।०० अनियमित देखिएको रु | ३०००० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| | | |
|---|---|---|
| ४४९/२०७९.३.२२ | देउराली बालविकास शैक्षीक प्रवर्द्धन र खापर जगननाथ शैक्षिक प्रवर्द्धनको रकम क्रमश बासुवेद रावललाई रु ४९२६९।०० र सरिता देवि रावललाई रु ३४५३५।०० कार्यक्रम वेगर भुक्तानी गरेको प्रमाण पेश गर्ने रु | ८५०००।०० |
| | **शसर्त चालु तर्फ** | |
| ३८/२०७८.९.३० | गो भौ नं ४४ बाट नन्द बहादुर रावतलाई रु २५५०।०० र मनोज सेरालालाई रु २५५०।०० लाई स्वा संयोजक नन्द बहादुर रावतको कार्क्रमबाट दोहोरो भत्ता भुक्तानी भएकोले असुल हुनुपर्ने रु | ५१०० |
| १५९/२०७९.२.२३ | बृहत शैक्षिक सुधार गुणस्तर अभिबृध्दि कार्यक्रमबाट रु १४९०००।०० स्टेशनरी सामाग्री तथा झोलाहरु खरिद गरेकोमा वितरणको भरपाइ पेस नभएकोले भर्पाई पेश हुनुपर्ने रु | १४९००० |
| २२१/२०७९.३.१७ | स्वा सं श्री नन्द बहादुर रावतले तपशिल बमोजिमका व्यक्तिहरुको नाम संलग्न गरी अनुगमन भत्ता आधार वेगर भुक्तानी गरेको रु<br>१ नरेन्द्र बुढा रु ५२८००।००<br>२ कफिन वि क रु २८८००।००<br>३ बद्रि सुनार रु१३६००।००<br>४ दल बहादुर रावत रु २८८००।००<br>५ रमेश बहादुर ओली रु ३२०००।०० | १५६००० |
| २३४/२०७९.३.१९ | शैक्षिक सुधार गुणस्तर र सवैको पहुच अभिबृध्दि शिर्षकबाट खरिद गरिएको सामाग्री विद्यालय पठाएको प्रमाण पेश हुनुपर्ने रु | ४९९००० |
| | जम्मा | ११०४१९५ |

| क्रम | कर्मचारीको/फर्म/संगठन नाम | असुली रकम |
|---|---|---|

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | ११.३.१ आन्तरिक लेखापरीक्षणबाट निस्केका बेरुजु लगत कट्टा गरी फछर्यौट गरिसक्नुपर्ने ११,०४,१९५ | |
| १२ | | | **आन्तरिक नियन्त्रण, वित्तीय उत्तरदायित्व एवम् कानुनको पालना**: स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले आफ्नो कार्यालयवाट सम्पादन गरिने कार्य नियमित, मितव्ययी, प्रभावकारी र दक्षतापुर्ण ढंगवाट सम्पादन गर्न र वित्तिय प्रतिवेदन प्रणालीलाई विश्वसनिय वनाउन तथा प्रचलित कानून वमोजिम कार्य सम्पादन गर्न आ–आफ्नो कामको प्रकृती अनुसारको आन्तरिक नियन्त्रण प्रणाली तयार गरी कार्यान्वयनमा ल्याउनुपर्ने व्यवस्था छ । यसैगरी आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ८१ मा कामको प्रकृति अनुसार आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागु गर्नुपर्ने व्यवस्था छ । कार्यालयको लेखापरीक्षण गर्दा आन्तरिक नियन्त्रण प्रणाली सम्बन्धमा देहायका कमजोरी रही असर पर्ने देखिएको छ । अतः आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउन वित्तीय उत्तरदायित्व सम्बन्धी कानूनको कार्यान्वयनमा ध्यान दिनुपर्ने देखिन्छ । पालिकाले आन्तरिक नियन्त्रण प्रणाली तयार गरी कार्यान्वयन गरेको देखिएन । यसबाट सम्बन्धित काम मितव्ययी एवं प्रभावकारी ढङ्गले कार्यान्वयन भएको छ भनी विश्वस्त हनु सक्ने आधार भएन । यसमा सुधार गरी कार्यालयबाट सम्पादन हुने कामलाई नियमीत, मितव्ययी एवं प्रभावकारी बनाउनु पर्दछ:-<br>• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८ बमोजिम वार्षिक खरिद योजना तयार नभएको,<br>• अध्यक्षको तोकादेश बाट योजना स्वीकृत गर्ने गरेको, गाउँ सभाबाट स्वीकृत गर्नुपर्ने,<br>• निजामती सेवा ऐन २०४९ को दफा ५(क) बमोजिम प्रत्येक निजामती पदको कार्य विवरण बनाई लागु नगरेको ,<br>• वातावरण संरक्षणको एकिकृत दिर्घकालिन योजना तयार नगरेको<br>• वितरणमूखी कार्यक्रमलाई संचालन गरेको,<br>• पूँजिगत खर्चमा आयोजनाको प्राथमिकिकरण नभएको,<br>• स साना योजनालाई प्राथमिकता दिएको,<br>• नापी किताब (म.ले.प.फा.नं. ५०३) छुट्टै अभिलेखको रुपमा राख्ने व्यवस्था नगरेको,<br>• नापी किताब नियन्त्रण खाता (म.ले.प.फा.नं. ५१२) नरहेको ।<br>• भेरिएशन अभिलेख खाता (म.ले.प.फा.नं. ५०१) नराखेको ।<br>• आइटमवाइज कार्य अभिलेख खाता (म.ले.प.फा.नं. ५०५) नराखेको ।<br>• ठेक्कागत अभिलेख खाता (म.ले.प.फा.नं. ५०६) तयार नगरेको ।<br>• ठेक्का सम्बन्धी गोश्वारा लगत (म.ले.प.फा.नं. ५०७) तयार नगरेको ।<br>• जनसहभागितामा सम्पादित कार्यको प्रतिवेदन (म.ले.प.फा.नं. ५१४) तयार नगरेको ।<br>• कोषहरुको कार्यविधि कानून नवनाएको, • उपभोक्ताको योगदान न्यूनरुपले जुटाएको,<br>• कर तथा शुल्क अनुमानको ठोस आधार निर्माण नगरेको,<br>• कार्यविधि वेगर आर्थिक सहायता वितरण गरेको,<br>• संस्थागत क्षमता विकासमा उल्लेखनिय प्रगति नगरेको,<br>• आर्थिक वर्षको अन्तमा खर्चको चाप हुने गरी काम गरेको, | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | • कार्य सम्पादन जमानीको मान्य अवधि नविकरण भएको नदेखिएको,<br>• उपभोक्ताबाट खरिद सामान परिमाण र नापी तथा उपयोग नभिडेको,<br>• चालु प्रकृतिका खर्चलाई पूँजिगत खर्चमा विनियोजन गरी खर्च गरेको,<br>• राजस्वको अनुमान र प्राप्ती प्रक्षेपणमूखी र दायरामुखी वनाउन नसकेको,<br>• सवै कर्मचारीको तलवी प्रतिवेदन पारित नगरेको<br>• प्राप्ती तथा भूक्तानीको खर्च सार्वजनिकीकरण नगरेको,<br>• विद्यार्थी तथा शिक्षक अनुपात नभिडेको मर्जरको कार्यक्रम अगाडी नवढाएको<br>• अवकास कोष सम्वन्धि कानूनी व्यवस्था कार्यान्वयन नगरेको,<br>• एकिकृत सम्पत्ति विवरण र जिन्सीको एकीकृत लगत र निरीक्षण गरेको,<br>• लक्षित समूह खर्चलाई नियन्त्रणमा ल्याउन नसकेको,<br>• विविध खर्चमा नियन्त्रण नगरेको, कतिपय विविध खर्चको विलमा घरयासी प्रयोजनका खाद्यान्न सामानको प्रयोजन नखुलाई विल राखी भुक्तानी गरेको,<br>• कार्यालयमा टेलिफोन नभएको भनी प्रयोजन नखुलाई निजी फोनमा रिचार्ज खर्च लेख्ने गरेको,<br>• उपभोक्ता समितिको गठन प्रक्रिया नियमानुसार नभएको,<br>• अनुगमन संयन्त्र निर्माण गरी योजना अनुगमनलाई प्रभावकारी नबनाएको,<br>• सवं प्रकारका आयोजनामा निर्माण कार्यको गुणस्तर आश्वस्त हुने प्रमाण संलग्न गर्ने नगरेको ,<br>• उपभोक्ता समितिबाट गराएको काममा नियमानुसार खर्च अनुमोदन, खर्चको सूचना सार्वजनिकीकरण नगरेको, मर्मत सम्भारको जिम्मा सहित सम्पन्न योजना उपभोक्तालाई योजना हस्तान्तरण र सो को अभिलेखिकरण नगरेको ,<br>• लेखा श्रेस्ता अद्यावधिक भए नभएको कार्यालय प्रमुखले जाँच गर्नुपर्ने व्यवस्था कार्यान्वयन नगरेको<br>• जिन्सी खाता,बैक नगदी किताव, लेजर खाताहरु प्रमाणित गरी श्रेस्ता अद्यावधिक नगरेको/एउटा पेश्की बाँकी छँदै अर्को पेश्की दिने गरेको,<br>• आम्दानी तर्फको म.ले.प.फा.नं. १०४ देखि १०९ सम्म नराखेको,<br>• म.ले.प.फा.नं.४०७ र ४०८ जिन्सी खाता अद्यावधिक नगरेको ,<br>• समयमा पेश्की फछ्र्यौट नगरेको,<br>• केही उपशिर्षकमा बैंक नगदी किताब र आषाढको खर्चको फाटवारी नमिलेको,<br>• नियम बमोजिम खर्चको विल भरपाईको तेरिज, जोडजम्मा, प्रमाणिकरण,भुक्तानीको छाप र खर्चका यथेष्ट प्रमाण नरहेको,<br>• ईन्धन खर्चको लगबुक नराखेको,<br>• कतिपय निजी सवारी साधन मर्मत खर्च भुक्तानी गरेको, नियम, कानुन र निर्देशिका अनुसार कार्यान्वयन गर्नुपर्ने<br>उपरोक्त व्यहोरा पूर्ण रुपमा कार्यान्वयन नगरेका कारण वित्तीय उत्तरदायित्व एवम जवाफदेहिता र कानूनको पालनामा कमी आएको हुँदा जिम्मेवार पदाधिकारीले कामको प्रकृति अनूरुप आन्तरिक नियन्त्रण प्रणाली तयार गर्ने र कानूनको पालना गराउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | | |
| १३ | | | **कानून निर्माण एवं कार्यान्वयन - पालिकाको कानून निर्माण एवं कार्यान्वयनको अवस्था देहाय बमोजिम रहेका छन;-** | |
| १३.१ | | | **कानून र सञ्चालन स्थिति** – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । जसअनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट ३० नमूना कानूनहरु बनाई उपलब्ध गराएकोमा यस गाउँपालिकाले हालसम्म १६ वटा ऐन, ८ वटा नियमावली, ५ कार्यविधि ५ निर्देशिका र ३ नर्म्स लगायत ३७ वटा कानुन निर्माण गरी कार्यान्यनमा ल्याएकोछ । | |
| १३.२ | | | **न्यायीक समिति** – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतबर्ष फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाकी १ र यो बर्ष थप कुनै पनि विवाद दर्ता नै नभई १ वटा मात्र विवाद बाँकी रहेकोमा फछ्र्यौटका लागि अदालत लेखि पठाएको जनाएकोमा विस्तृत विवरण पेश भएन । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ । | |
| १४ | | | **वित्तीय विवरण परीक्षण**<br><br>कार्यालयको बित्तिय विवरण सम्बन्धी नियन्त्रण व्यवस्था निम्नानुसार रहेको छ । | |
| १४.१ | | | **सञ्चित कोष** – स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ६९ मा सञ्चित कोष रहने र जुनसुकै रकम सञ्चितकोषमा आम्दानी जनाएर खर्च खातामा ट्रान्सफर गरी खर्च गर्न पाईने व्यवस्था छ । कार्यालयले सञ्चित कोषमा आम्दानी बाँध्दा आम्दानी बाँध्न छुट भएको रकम मासिक रुपमा बैक हिसाव मिलान विवरण तयार गरी खाता अद्यावधिक गर्नुपर्नेमा व्यवस्था छ । पालिकाको सञ्चित कोष खाताको परीक्षण गर्दा प्राप्त निकासा तथा आम्दानी संचित कोषमा आम्दानी बाँधे पनि जुन खर्च शिर्षकको लागि प्राप्त गरेको हो सवै रकम खर्च खातामा ट्रान्सफर गरेकोले आर्थिक वर्षको अन्त्यमा संचित कोषको बैंक नगदी खाता र बैंक शुन्य रहेको अवस्था छ । आवश्यकता अनुसार खर्च शिर्षक खातावाट खर्च हुने रकम मात्र संचित कोषबाट निकासा ट्रान्सफर गर्ने र संचित कोषखाता शुन्य बनाई रकम ट्रान्सफर गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ ।आर्थिक वर्षको अन्त्यमा खर्च खातामा मौज्दात रकम संचित कोष खातामा ट्रान्सफर नगरेको तथा संचित कोष खाता शुन्य रहेकोले संचित कोष खाताको बास्तविक मौज्दात रकम यकिन गर्न सकिएन । | |
| १४.२ | | | स्थानीय तहले पेश गरेको कोषहरुको कारोवारलाई शुत्रमा आवद्ध गरी अद्यावधिक हिसाव मिलान गर्नु पर्दछ । पालिका अन्तर्गत रहेको कोषहरुको हिसाव सुत्र प्रणालीमा आवद्ध गरेको छैन । पालिकाका सवै कोषहरु सुत्र प्रणालीमा आवद्ध गरिनु पर्दछ । | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>१४.३</td><td></td><td></td><td>खर्च खाता फ्रिज नगरेको – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७५ मा एक आर्थिक वर्षमा खर्च हुन नसकी बाँकी रहेको रकम आर्थिक वर्षको अन्त्यमा स्थानीय सञ्चित कोषमा स्वतः फिर्ता हुने व्यवस्था छ । आर्थिक वर्षको अन्त्यमा पालिकाको बैंक नगदी किताव अनुसार चालु खर्च खातामा रु. ३,७४,८७,७२२।३४ र पूँजीगत खर्च खातामा रु. ५,११,०२,२५४।३७ समेत रु. ८८५८९९७६।७१ खर्च नभई खर्च खातामै मौज्दात रहेको छ । ऐनको प्रावधान अनुसार आर्थिक वर्षको अन्त्यमा खर्च खातामा मौज्दात रहेको रकम स्थानीय सञ्चित कोष फिर्ता हुनुपर्दछ ।</td><td></td></tr>
<tr><td>१४.४</td><td></td><td></td><td>बैंक हिसाव मिलान – स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७६ (२) बमोजिम स्थानीय तहले आफ्नो कारोवारको लेखा महालेखा नियन्त्रक कार्यालयको सिफारीशमा महालेखा परीक्षकवाट स्वीकृत ढाँचामा राख्नुपर्ने उल्लेख छ । सो बमोजिम मासिक रुपमा श्रेष्ता र बैंक खाताको हिसाव मिलान विवरण तयार गर्न बैक खाता र श्रेस्ताको कारोवारको फरकलाई पुष्टि गर्ने बैक हिसाव मिलान विवरण (म.ले.प.फा.न. २१२ ) तयार गरी वित्तीय प्रतिवेदन साथ पेश गर्नु पर्नेमा स्थानीय तहले संचालन गरेको देहायका खातामा निम्नानुसारको फरक रकम देखिएको छ । फरक रकम को हिसाव मिलान विवरण तयार गरी पेश हुनुपर्दछ ।
<table>
<tr><th>खाताको नाम</th><th>श्रेष्ता अनुसार बाँकी</th><th>बैंक अनुसार बाँकी</th><th>बैंक घटी/ बढी</th></tr>
<tr><td>चालु खर्च खाता</td><td>३७४८७७२२.३४</td><td>६०९२१२४१।१६</td><td>२३४३३५१८।८२</td></tr>
<tr><td>पूँजीगत खर्च खाता</td><td>५११०२२५४।३७</td><td>७०७८०५४८।४८</td><td>१९६७८२९४।११</td></tr>
<tr><td>सञ्चित कोष खाता</td><td>०</td><td>०</td><td>०</td></tr>
<tr><td>धरौटी खाता</td><td>३५३५२९५।५५</td><td>५६१२६६७।५५</td><td>२०७७३७२</td></tr>
<tr><td>प्रकोप व्यवस्थापन कोष</td><td>११७८१९।६६</td><td>११७८१९।६६</td><td>०</td></tr>
</table></td><td></td></tr>
<tr><td>१४.५</td><td></td><td></td><td>आम्दानी बाँध्नुपर्ने रकम - बैंक स्टेटमेन्ट विवरण अनुसार कार्यालयको चालु तथा पूँजीगत खर्च खाताको असार मसान्तको बैंक मौज्दात रु १३१७०१७८९।७१ रहेको र श्रावण १० गते संघीय तथा प्रदेश तर्फको अनुदान रकम खर्च नभई मौज्दात रहेको रु ४३०३४३५०।९३ सम्बन्धित सञ्चित कोषमा फिर्ता गरेकोले रु ८८६६७४३८।७१ मौज्दात छ । तर कार्यालयको बैंक नगदी किताव अनुसार रु ८८५८९९७६।७१ रहेकोले खाता भन्दा बैंक बढी रहेको रु ७७४६२। बैंक नगदी कितावमा आम्दानी बाधि हिसाब मिलान गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>१४.६</td><td></td><td></td><td>स्थानीय तहमा प्राप्त हुने सामाजिक सुरक्षा तथा संरक्षण कार्यक्रम, पूर्वाधार विकास साझेदारी कार्यक्रम, लगायतलाई समेटी समावेश गरी वित्तीय प्रतिवेदन (म.ले.प.फा.न. २७२ ) तयार गरेको छैन । सवै कारोवारलाई वित्तीय प्रतिवेदनमा समावेश गरिनु पर्दछ।</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १४.७ | | | **सञ्चित कोषको चौमासिक विवरण** - स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७६(५) मा गाउँपालिकाले स्थानीय सञ्चित कोषमा भएको आय व्ययको चौमासिक शीर्षगत विवरण तयार गरी संघीय अर्थ मन्त्रालय, प्रदेश अर्थ मन्त्रालय, मन्त्रालय तथा राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगमा पठाउनुपर्ने व्यवस्था रहेको छ।गाउँपालिकाले यो वर्ष सञ्चित कोषको चौमासिक हिसाव तालुक निकायमा पठाएको देखिएन।तहगत अनुगमन व्यवस्थालाई क्रियाशील बनाउन कानून बमोजिम विवरणहरु तालुक निकायमा पठाउनु पर्दछ । | |
| १५ | | | **अनुदान प्राप्ति**<br><br>कार्यालयको अनुदान प्राप्ती, वितरण, उपयोग र फिर्ता सम्वन्धमा देखिएका व्यहोराहरु निम्नानुसार छन् | |
| १५.१ | | | प्रदेश समपुरक अनुदानको लागत साझेदारीमा प्रदेशको ४० प्रतिशत र पालिकाको ६० प्रतिशत साझेदारी रहने कार्यविधिमा उल्लेख भएको र संघीय समपुरकको हकमा संचालन हुने योजनाहरुमा ५० प्रतिशत अनुदानवाट प्राप्त हुने रकम र ५० प्रतिशत गाउँपालिकाको समपुरक योजनाको लागि छुट्टयाईएको रकमबाट खर्च गरिनु पर्दछ ।यस वर्ष समपुरक अनुदान वापत रकम प्राप्त भएकोमा समपुरक अनुदान कार्यविधि बमोजिम तोकिएको साझेदारी भएको पाईएन । तोकिएको साझेदारी हुनुपर्दछ । | |
| १५.२ | | | **अनुदान फिर्ताः** संघीय एवं प्रदेश सरकारको कानून एवं कार्यविधि बमोजिम ती निकायबाट स्थानीय तहमा प्राप्त हुने सशर्त तर्फका कार्यक्रमको वर्षभरी खर्च नभई बाँकी रहेको अवस्थामा सम्बन्धित निकायमा फिर्ता गर्नुपर्ने व्यवस्था रहेको छ । प्राप्त विवरण (सुत्रको अनुसूची १२ र २१) अनुसार २०७९ असार मसान्तमा देहायबमोजिमको अनुदान खर्च नभई बाँकी रहेकोमा मिति २०७९।४।१० मा रु ३,९३,६९,५२९।९३ सो रकम कार्यालयले फिर्ता गरेको छ। | |
| १६ | | | **शिक्षक अनुदान :**<br><br>शिक्षक अनुदान : शिक्षा तथा मानवस्रोत विकास केन्द्रबाट प्रकाशित कार्यक्रम कार्यान्वयन पुस्तिका २०७८।७९ अनुसार दरवबन्दीभित्रका शिक्षक कर्मचारीहरूको लागि अनुदान दिने व्यवस्था छ । यस पालिकाले विभिन्न २० विद्यालयका ३२ जना स्वयंसेवक शिक्षकहरूको कार्यक्रमनै स्विकृत तथा बजेट बिनियोजन गरी गोश्वारा भौचर नं २४२।२०७९।०३।२५ बाट तेस्रो चौमासिक तलब भत्तावापत रु २६,७६,०००।- निकासा दिएको छ । स्वयंसेवक शिक्षकलाई शसर्त अनुदानबाट कार्यक्रम राखी खर्च गर्ने नियन्त्रण हुनुपर्दछ । | |
| १७ | | | **एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणाली (IEMIS) :**<br><br>एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणाली (IEMIS) : कार्यक्रम कार्यान्वयन पुस्तिका (आ. व. २०७८।७९) मा IEMIS मा प्रविष्ट तथ्याङ्कलाई सम्बन्धित विद्यालयबाट कक्षागत विद्यार्थीहरूको यथार्थ तथ्याङ्कसँग सत्यापन (भिडान) गराई शिक्षा अधिकृतबाट प्रमाणित गरी सोका आधारमा विद्यालयहरूलाई छात्रा छात्रवृत्ती र दलित छात्रवृत्ती (कक्षा १-८) प्रति विद्यार्थी वार्षिक रु. ४००। | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | का दरले, शिक्षण सिकाइ सामग्री तथा Book Corner व्यवस्थापनका लागि कक्षा १-५ प्रति विद्यार्थी वार्षिक रु.१५० का दरले, कक्षा ६-१० प्रति विद्यार्थी वार्षिक रु.२००। का दरले, प्रति विद्यार्थी इकाइ लागतका आधारमा प्रारम्भिक बाल विकास/पूर्व प्राथमिक कक्षाका लागि प्रति विद्यार्थी वार्षिक रु. ५००। का दरले, कक्षा ८ को परीक्षा सञ्चालन प्रति विद्यार्थी वार्षिक रु. २५०। का दरले विद्यालयलाई अनुदान दिने व्यवस्था छ । कार्यालयले IEMIS मा प्रविष्ट तथ्याङ्कलाई कक्षागत विद्यार्थीहरूको यथार्थ तथ्याङ्कसँग सत्यापन गरेको पाइएन । जसले गर्दा वास्तविक विद्यार्थी सङ्ख्याभन्दा बढी निकासा गएको छैन भन्न सक्ने आधार भएन। कार्यालयले कार्यक्रम कार्यान्वयन पुस्तिकामा उल्लेख भएबमोजिम IEMIS डाटालाई विद्यार्थी हाजिरी पुस्तिका, परीक्षामा सहभागी सङ्ख्या र अनुगमनबाट विद्यार्थीहरूको यथार्थ तथ्याङ्कसँग सत्यापन गराई शिक्षा अधिकृतबाट प्रमाणित गरेर मात्र अनुदान निकासा दिनुपर्दछ । | |
| १८ | | | **कट्टी रकमः**<br><br>कट्टी रकमः बिद्यालयहरूले त्रैमाशिक निकासा माग फाराम पेश गर्दा अघिल्लो त्रैमासिकको तलब भत्ता वितरण गर्दा हाजिरीको, कट्टी भएको सा.सु.कर, पारिश्रमिक कर, ना.ल.कोष कट्टी तथा सापटी कट्टी गरी दाखिला गरेको प्रमाण पेश गर्नुपर्ने ब्यवस्था छ। बिद्यालयहरूले त्रैमाशिक निकासा माग फाराम पेश गर्दा शिक्षकहरूको अघिल्लो त्रैमासिकको हाजिरी विवरण, तलब भत्ता वितरण गर्दा कट्टी भएको सा.सु. कर, पारिश्रमिक कर, ना.ल. कोष कट्टी, क.सं.कोष कट्टी तथा सापटी कट्टी गरी दाखिला गरेको प्रमाण पेश गरेको छैन । यसबाट सम्बन्धित शिक्षकको नाममा सम्बन्धित निकायमा रकम जम्मा भएको छ भन्ने बिश्वस्त आधार भएन। उल्लेखित कमजोरी समयमै सुधार हुनुपर्दछ । | |
| १९ | | | **बिद्यालयगत निकासा** :<br><br>बिद्यालयगत निकासा : पालिकाले प्रत्येक बिद्यालयको स्थायी र अस्थायी दरवन्दी र राहत कोटामा कार्यरत शिक्षकहरुको नाम, नियुक्ति मिति, तलब ग्रेड र बिद्यालयलाई निकासा जाने सबै रकमहरू देखिने गरी बिद्यालयगत निकासा खाता अध्यावधिक गरेको देखिएन । निकासाका रुपमा जाने तलव, भत्ता र बिभिन्न अनुदान रकमहरूको बिद्यालयगत स्थिति स्पष्ट हुन सकेन । बिद्यालयलाई जाने सबै रकमहरू देखिने गरी सफ्टवेयरमा प्रविष्टि गरी बिद्यालयगत रकम निकासाको एकिकृत अभिलेख तयार गर्नुपर्दछ । | |
| २० | | | **सेनिटरी प्याड** :<br><br>सामुदायिक विद्यालयमा अध्ययनरत किशोरावस्थाका छात्राहरूलाई महिनावारीका समयमा आवश्यक पर्ने सेनिटरी प्याड निशुल्क उपलब्ध गराउन सिलबन्दी दरभाउपत्रको माध्यमबाट गो.भौ.नं. १२४।२०७९/०१/२१ बाट प्रति सेनिटरी प्याड रु. ५२।00 (मूअकर वाहेक) का दरले २९८२६ प्याकेट खरिद गरी मूल्यअभिवृद्धि करसमेत रु. १७,५२,५७५। खर्च लेखेको छ । सो सम्बन्धमा देखिएका ब्यहोरा निम्न छन् : | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| २०.१ | | | **स्पेशिफिकेशन उल्लेख नगरेको** : सेनिटरी प्याड (वितरण तथा व्यवस्थापन) कार्यविधि, २०७६ को दफा २० मा स्थानीय तहले सेनिटरी प्याड प्रयोग गर्ने छात्राहरूको स्वास्थ्यमा असर नपुग्ने र उक्त सामाग्रीको गुणस्तरमा कुनै पनि सम्झौता नहुने अवस्थाको सुनिश्चितता गर्नुपर्ने उल्लेख छ । कार्यालयले आपूर्ती भएका सेनिटरी प्याड तोकिएको गुणस्तरअनुरूप भए नभएको परीक्षण गरी प्रतिवेदन पेस गरेको छैन । | |
| २०.२ | | | **लागत अनुमान तयार नगरी खरिद** : सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५ मा सार्वजनिक निकायले एक लाख रुपैंया भन्दा बढी रकमको मालसामान, परामर्श सेवा वा अन्य सेवा खरिद गर्दा तोकिए बमोजिम लागत अनुमान तयार गरी स्वीकृत गर्नुपर्ने व्यवस्था छ । सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११ मा नियम ९ र सम्बन्धित मालसामानको स्पेसिफिकेसनको अधिनमा रही लागत अनुमान तयार गर्नुपर्ने, लागत अनुमान तयार गर्दा अघिल्ला वर्षहरूमा खरिद गर्दा लागेको मूल्य, स्थानीय बजारको प्रचलित दरभाउ, अन्य बजारको प्रचलित दरभाउ र मालसामान आपूर्ति गर्ने स्थानसम्म लाग्ने अनुमानित ढुवानी खर्च र उद्योग वाणिज्य सङ्घले जारी गरेको दररेटको आधारमा तयार गर्नुपर्ने व्यवस्था छ । कार्यालयले लागत अनुमान तयार गरेको कुनै आधार खुलाएको छैन । नियमावलीमा भएका व्यवस्थाहरूको पालना नगरी आधार नखुलाई लागत अनुमान तयार गर्दा खरिद मितव्ययी र पारदर्शी हुन नसक्ने भएकाले नियमावलीको व्यवस्था पालना गरी लागत अनुमान तयार गर्नुपर्दछ । | |
| २०.३ | | | **वितरण नगरेको** : सेनिटरी प्याड (वितरण तथा व्यवस्थापन) कार्यविधि, २०७६ अनुसार कार्यालयले २९८२६ प्याकेट सेनिटरी प्याड रु. १७ लाख ५२ हजार ५७५ मा खरिद गरी कार्यक्रमको लक्षित सामुदायिक विद्यालयमामा अध्ययनरत किशोरावस्थाका छात्राहरूलाई वितरण गर्न सामुदायिक विद्यालयलाई हस्तान्तरण गरिएकोमा सेनिटरी प्याडको सम्बन्धित विद्यालयको जिन्सी खातामा दाखिला भएको प्रमाण पेश गर्नुपर्ने रु. | १,७५२,५७५ |
| २१ | | | **तलवी प्रतिवेदनः**<br><br>तलवी प्रतिवेदनः स्थानिय सरकार सञ्चालन ऐन, २०७४ तथा निजामती सेवा ऐन, २०४९ को दफा ७ ख १ अनुसार तलवि प्रतिवेदन पारित गराई कर्मचारीहरूलाई तलब खुवाउनु पर्ने व्यवस्था छ । पालिकाले स्वास्थ्यतर्फका कर्मचारीहरूको तलबी प्रतिवेदन पारित नगरी खर्च लेखेकोले ग्रेड रकम भिडान गर्न सकिएन । | |
| २२ | | | **क्षमता अभिवृद्धि तालिम**<br><br>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ (७) र (८) बमोजिम कुनै तालिम, सेमिनार, गोष्ठी कार्यशाला जस्ता कार्यक्रमको लागि रकम खर्च गर्दा त्यस्तो कार्यक्रमको लागत अनुमान अधिकारप्राप्त अधिकारीबाट स्वीकृत हुनुपर्ने र त्यसरी सञ्चालित कार्यक्रम सम्पन्न भइसकेपछि त्यस्तो कार्यमा भएको खर्च, खरिद गरिएको मालसामानको विववरण तथा विल, भरपाइसहित कार्यक्रममा उपस्थित तथा कार्यक्रमबाट लाभान्वित व्यक्तिहरूको सङ्ख्या र उपस्थितिसमेत समावेश गरी प्रतिवेदन तयार गरी अधिकार प्राप्त अधिकारीबाट स्वीकृत गराउनुपर्ने व्यवस्था छ । यस पालिकाले गोश्वारा भौचर नं ४४।२०७८।१०।१४ | २१०,५६८ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | बाट स्वास्थ्यतर्फ बृहत पोषण विशेष क्षमता अभिवृद्धि तालिम कार्यक्रममा रु २१०५६८ लेखेकोमा नियमानुसारको लागत अनुमान स्वीकृत नगराई खर्च लेखेको नियमसंगत नदेखिएको रु | |
| २३ | | | **बाख्रा खरिद तथा वितरण** :<br><br>बाख्रा खरिद तथा वितरण : आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४१ बमोजिम अधिकार प्राप्त अधिकारीले सरकारी रकम खर्च गर्दा आर्थिक कारोबार प्रचलित कानूनबमोजिम भएको र खर्चको लागि आवश्यक प्रमाण पुगेको, कार्यक्रमअनुसार निर्धारित समयभित्र प्रगति भएको कामको गुणस्तर र परिमाणसमेत सन्तोषजनक भएको, कुनै काम अनावश्यक रूपमा दोहोरो हुनेगरी विभिन्न कर्मचारीबाट नगरिएको, स्वीकृत लागत र खर्चको सीमाभित्र रही कार्यक्रम सञ्चालन गरिएको जस्ता विषय सुनिश्चित भएको यकिन गरी खर्च गर्नुपर्ने व्यवस्था छ । कार्यालयले निम्नानुसार गरिब, विपन्न, महिला तथा दलित वर्गलाई आयआर्जनमा टेवा पुऱ्याउने उद्देश्यले बाख्रा खरिद गरी वितरण गरेकोमा बाख्राको प्रजाति, स्रोत केन्द्र, जात उल्लेख नगरी लागत अनुमान समेत तयार नगरी कर्मचारीमार्फत कार्यक्रम सञ्चालन गरी रु २४२८०००। खर्च गरेको छ । खरिद तथा वितरण भएका बाख्राको वीमा नगरेको भेटेनरीबाट जाँचपास नगराएको बाख्रा वितरणका लागि छनौट भएका व्यक्तिहरूको आधार तयार नगरेको र वितरित बाख्रा कुन अवस्थामा रहेका छन् कार्यालयबाट अनुगमन तथा निरीक्षण समेत भएको नदेखिएकोले कार्यक्रमको लिएको लक्ष्यबमोजिम उद्देश्य पुरा होला भन्न सक्ने अवस्थासमेत देखिएन । कार्यक्रमको उद्देश्यको अनुसार बाख्रा पालन भए नभएको अनुगमन गरी प्रगति प्रतिवेदन पेस हुनुपर्दछ । | |

| गो.भौ.नं./मिति | फर्मको नाम | बाख्राको सङ्ख्या | खरिद मूल्य | खर्च रकम |
|---|---|---|---|---|
| २३६।२०७९।०३।२३ (सङ्घीय सशर्त) | ज्यूलेक बहुउद्देश्यी कृषि तथा पशुपंक्षी फर्म | ५० | १३३०० | ६६५००० |
| २८६।२०७९।०३।२३ (सङ्घीय सशर्त) | ज्यूलेक बहुउद्देश्यी कृषि तथा पशुपंक्षी फर्म | ७१ | १२५०० | ८८७५०० |
| २९०।२०७९।०३।२३ (सङ्घीय सशर्त) | ज्यूलेक बहुउद्देश्यी कृषि तथा पशुपंक्षी फर्म | ५० | १२५०० | ६२५५०० |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>१।२०७९।०२।१२ (गरिबसँग विश्वेश्वर)</td><td>विजय पालन बहुउद्देश्यीय सहकारी संस्था</td><td>२७</td><td>९२६०</td><td>२५००००</td></tr>
<tr><td></td><td>जम्मा</td><td></td><td></td><td>२४२८०००।</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>२४</td><td></td><td></td><td>प्रधानमन्त्री रोजगार कार्यक्रम :</td><td></td></tr>
<tr><td>२४.१</td><td></td><td></td><td>बढी दरमा लागत अनुमान तयारः सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० मा स्वीकृत नर्म्सबमोजिम दररेट निर्धारण समितिले तोकेको दररेटको आधारमा निर्माण कार्यको लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था छ । प्रधान मन्त्री रोजगार कार्यक्रममा ग्यावियन ढुङ्गा सङ्कलन, ढुवानी लगायत कार्यमा दरविश्लेषण गर्दा प्रधानमन्त्री रोजगार कार्यक्रम कार्यविधिअनुसार ज्यामी ज्याला रु ५७७।– उल्लेख गर्नुपर्नेमा नर्मशमा उल्लेखित दक्ष जनशक्तीको दररेट जिल्ला दररेटमा उल्लेखित दक्ष ज्यामी ज्याला रु ११५० उल्लेख गरी दर विश्लेषण गरेकाले निम्न लिखित योजनामा रु 599794 बढी मूल्याङ्कन हुन गएको छ । बढी मूल्याङ्कन भएको रकम प्राविधिकलाई जिम्मेवार बनाई असुल गर्नुपर्ने रु.
<table>
<tr><th>सि.नं.</th><th>आयोजनाको नाम</th><th>कामको विवरण</th><th>कामको परिमाण</th><th>कार्यालयले तयार गरेको दरविश्लेषण प्रति घनमिटर</th><th>स्वीकृत नर्म्स अनुसार तयार हुनुपर्ने दरविश्लेषण</th><th>फरक दर</th><th>बढी भुक्तानी</th></tr>
<tr><td>१</td><td>काँडाका सबै सडक सोलिङ तथा नाली निर्माण</td><td>Dry stone masonry work</td><td>१६.०८</td><td>३९२३.९८</td><td>३३५०.९८</td><td>५७३</td><td>९२१४</td></tr>
<tr><td>२</td><td>विद्युकाली सामुदायिक बन घेरावार मर्मत</td><td>Dry stone masonry work</td><td>६५.१</td><td>४०४६.७४</td><td>३४७३.७४</td><td>५७३</td><td>३७३०२</td></tr>
<tr><td>३</td><td>जय दुर्गा आ वि फिल्ड निर्माण</td><td>Dry stone masonry work</td><td>१७६.५</td><td>३८०१.२२</td><td>३२२८.२२</td><td>५७३</td><td>१०११३५</td></tr>
</table>
</td><td>५९९,७९४</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>४</td><td>मष्ठा आ वि र मष्ठा मन्दिर घेरावार निर्माण</td><td>Dry stone masonry work</td><td>५७८.८८</td><td>४१६९.५</td><td>३५९६.५</td><td>५७३</td><td>३३१६९८</td></tr>
<tr><td>५</td><td>काँडा भवानी मावि घेरावार निर्माण</td><td>Dry stone masonry work</td><td>२१०.२</td><td>४३५३.६४</td><td>३७८०.६४</td><td>५७३</td><td>१२०४४५</td></tr>
<tr><td></td><td>जम्मा</td><td></td><td></td><td></td><td></td><td></td><td>५९९७९४</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>२४.२</td><td></td><td></td><td>उपभोक्ता मार्फत खरिद – प्रधानमन्त्रि रोजगार कार्यक्रम अन्तर्गत सञ्चालन भएका योजनाका लागि आवश्यक पर्ने निर्माण सामग्री लागत अनुमान तयार गरी प्रतिष्पर्धाको माध्यमबाट खरिद गरी उपलब्ध गराउनुपर्नेमा सम्बन्धित आयोजनाले खरिद गरी खर्च लेखेको देखियो । निर्माण सामग्री खरिद गरी श्रमिकलाई ज्यालामा कार्य गराउनुपर्नेमा सम्बन्धित योजनालाई नै सामग्री खरिद गर्न दिई एउटै फर्मका बिल संलग्न गरी रकम भुक्तानी गरेको देखिएकोले खरिद कार्य मितव्ययी तथा पारदर्शी भएको छ भन्न सक्ने अवस्था समेत देखिएन । अतः कानूनमा उल्लेखित व्यवस्थाको पालना गरी खरिद कार्य मितव्ययी तथा पारदर्शी गर्नेतर्फ कार्यालयको ध्यान जानुपर्दछ ।</td><td></td></tr>
<tr><td>२५</td><td></td><td></td><td>कृषि कार्यक्रम :<br><br>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ बमोजिम बिलभरपाई संलग्न गरी खेच लेख्दा रीत पुगे नपुगेको जाँच गरी भुक्तानी गर्नुपनर्ने व्यवस्थाछ ।यस सम्बन्धमा देखिएका ब्यहोरा देहायबमोजिम रहेका छन्</td><td></td></tr>
<tr><td>२५.१</td><td></td><td></td><td>कार्यालयले गोश्वारा भौचर नं २१८।२०७९।०३।१७ मा कृषि पशुपंक्षी तथा मत्स्य तथ्याङ्क अद्यावधिक कार्यक्रम सञ्चालन गर्न श्री विष्णुमाया पंडितलाई रु १००००० उपलब्ध गराएकोमा तथ्याङ्क अद्यावधिक गरेको प्रमाण पेस नभएको रु</td><td>१००,०००</td></tr>
<tr><td>२५.२</td><td></td><td></td><td>कार्यालयले गोश्वारा भौचर नं ४३६।२०७९।०३।२३ मा स्काइ प्रिन्टर्सबाट पोषण प्रोफाइल किताब १४० थान प्रतिथान रु २१०।८० का दरले छपाइ रु २९४०० खर्च लेखेकोमा प्रोफाइल किताब पेस नभएको रु २९४००</td><td>२९,४००</td></tr>
<tr><td>२६</td><td></td><td></td><td>हाइटेक प्लास्टिक टनेल :<br><br>कार्यालयले गोश्वारा भौचर नं २५१।२०७९।०३।२५ बाट ७५ प्रतिशत नवीनतम प्रविधिमा आधारित हाइटेक टनेल निर्माण कार्य गराई सिद्धि रिद्धि एग्रोटेक एण्ड मेशिनरीलाई रु ४९८९०० भुक्तानी गरेकोमा देखिएका ब्यहोरा देहायबमोजिम रहेका छन्।</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>२६.१</td><td></td><td></td><td>कार्यालयले ७५ प्रतिशत अनुदानमा ३ प्लास्टिक टनेल खरिद तथा जडान गर्न फर्मलाई रु ३७४९९९ भुक्तानी गर्नुपर्नेमा रु ४४९९९९ भुक्तानी भएकोले रु ७५००० बढी भुक्तानी भएको छ । सम्बन्धित फर्मलाई बढी भुक्तान भएको रु...</td><td>७५,०००</td></tr>
<tr><td>२६.२</td><td></td><td></td><td>प्रतिवेदन : खरिद भएका निर्माण सामग्री प्रयोग भएको प्राविधिक प्रतिवेदन तयार हुनुपर्दछ । कार्यालयले निम्नानुसार निर्माण सामग्री खरिद गरी रु ३०४०००। खर्च गरेकोमा सम्बन्धितले प्रयोग तथा जडान गरेको प्राविधिक बिल खर्चसाथ संलग्न भएको देखिएन । सामान प्रयोग भएको प्राविधिक प्रतिवेदन पेश गर्नुपर्ने रु
<table>
<tr><th>गो.भौ.नं./मिति</th><th>फर्मको नाम</th><th>विवरण</th><th>रकम</th></tr>
<tr><td>२७८।०७९।१।१६</td><td>तृपति एग्रो सेन्टर</td><td>प्लास्टिक टनेल हाउपभोक्ता समिति १० थान</td><td>९४०००</td></tr>
<tr><td>१६५।०७८।१०।१०</td><td>साउद एग्रोभेट सेन्टर</td><td>सिल्पोलिन प्लास्टिक ३० पि.सि.सि.</td><td>२१००००</td></tr>
<tr><td></td><td></td><td>जम्मा</td><td>३०४०००</td></tr>
</table></td><td>३०४,०००</td></tr>
<tr><td>२६.३</td><td></td><td></td><td>फर्मले जारी गरेको बिलमा हाइटेक टनेल सम्बन्धित स्थानमा लगी जडान गरेको बिल बीजक नंबर २१४।२०७९।०३।२० जारी गरेको अवस्थामा कार्यालयले धनगढीदेखि दोगडीसम्म सामान ढुवानी भनी पदम बहादुर खड्कालाई रु ४९००० खर्च लेखेकोले सम्बन्धित फर्मसँग सामान ढुवानीसमेतको बिल भुक्तानी भइसकेको अवस्थामा पुन ढुवानी खर्च भुक्तानी भएकोले सम्बन्धितबाट दोहोरो परेको ढुवानी खर्च असुल गरी दाखिला गर्नुपर्ने रु</td><td>४९,०००</td></tr>
<tr><td>२७</td><td></td><td></td><td>निशुल्क औषधी वितरण:-<br><br>निशुल्क औषधी वितरण:- पालिकाले यस वर्ष सशर्त तथा पालिका चालु समेत गरी रु. १५२१४४६। मुल्यको औषधी तथा स्वास्थ्य उपकरण सोझै खरिदगरि पालीका भित्रका स्वास्थ्य चौकी तथा सामुदायिक स्वास्थ्य इकाईहरुलाई हस्तान्तरण गरि पठाएको छ । विभिन्न औषधीहरु निशुल्क वितरण गर्ने नेपाल सरकारको नीतिलाई कार्यान्वयन गर्नको लागि पालिकाले समयमै औषधी खरिद गरेको देखिदैन । खरिद भएका औषधीको माग अनुसार उपलब्धता, वितरण, उपयोगको अवस्था र मौज्दात (म्याद सकिएको, कम म्याद भएको औषधी) को स्थिति सम्वन्धमा आवश्यक विवरण प्राप्त हुन नसकेकोले खर्च र यसको उपयोगिताको यथार्थता विश्लेषण</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | गर्न सकिएन । पालिकाले खरिद गरिएको औषधिमा नि:शुल्क वितरण गरिने छाप लगाएको पाईएन । पालिकाले हस्तान्तरण गरेको औषधि सम्वन्धित स्वास्थ्य चौकिहरुले आफ्नो जिन्सि खातामा आम्दानी वाधि नागरिकलाई निशुल्क वितरण गरेको सुनिश्चित गर्नुपर्दछ। | |
| २८ | | | **जनश्रमदान** :<br><br>उपभोक्ताको कार्यमा न्यूनतम १५ प्रतिशत जनश्रमदान गर्नेगरी गाउँसभाबाट पारित भएकोमा कार्यालयले गोश्वारा भौचर नं ३३२।२०७९।०३।२५ बाट विद्युत मर्मत उपभोक्ता समितिलाई कार्य गराई खुद रु ६६५००० कार्य भएकोमा उल्लेखित व्यवस्थाअनुसार रु ५६५२५० भुक्तानी गर्नुपर्नेमा रु ६६५००० भुक्तानी भएकोले बढी भुक्तानी भएको रु ९९७५० सम्बन्धित उपभोक्ता समितिबाट असुल गरी दाखिला गर्नुपर्ने रु | ९९,७५० |
| २९ | | | **वि पि स्मृति भवन** :<br><br>कार्यालयले गोश्वारा भौचर नं ३२५।२०७९।०३।२५ मा न्यू वडालेक निर्माण सेवाबाट वि पि स्मृति भवन मर्मत संभार कार्य गराई रु ९०६८०० भुक्तानी गरेको सम्बन्धमा देखिएका ब्यहोरा देहायबमोजिम रहेका छन् | |
| २९.१ | | | **लमसम** : कार्यालयले लागत अनुमान तयार गरी सोझै कार्य गर्न दिँदा निम्नानुसार दुई आइटम लम्पसम उल्लेख गरी रु ११०७४० को कार्य गर्न दिएकोमा कार्य भएको पुष्ट्याइँ खर्च साथ नहुनुका साथै स्थलगत अवलोकन गर्दा विद्युतीय कार्यमा भएको आइटम तथा खानेपानी तथा ट्वाइलेटमा इन्जिनियरको निर्देशन अनुसार हुने कार्य भए नभएको यकिन गर्न नसकिएकोले कार्य भएक नभएको यकिन गरी असुल फर्स्योट गर्नुपर्ने रु<br><br>बिबरण — रकम<br>Supplying and placing sanitary fixtures including pipes and fitting used in toilet and septic tank all complete as instruction of engineer — ५६०००<br>Supplying and placing of different types of bulbs, fans, switches, wires, pipes etc necessary for electrification with proper earthing all complete as per direction of site engineer — ४२००० | ११०,७४० |
| २९.२ | | | **कार्य नभएको मूल्याङ्कन** : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ बमोजिम प्राविधिक नापजाँच गरी वास्तविक कार्यसम्पन्नको आधारमा बिल र बीजकको भुक्तानी गर्नुपर्ने व्यवस्था छ । कार्यालयले गोश्वारा भौचर नं ३२५।२०७९।०३।२५ मा न्यू वडालेक निर्माण सेवाबाट वि पि स्मृति भवन मर्मत संभार कार्य गराई रु ९०६८०० भुक्तानी गरेकोमा लेखापरीक्षणको क्रममा | २०९,४५७ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | स्थलगत अवलोकन गर्दा कुनै आइटमको कामै नभएको र कुनै कम काम भएकोमा समेत पुरै काम भएको नापी मूल्याङ्कन गरी रु २०९४५० दिएको देखिएकोले वास्तविकता यकिन गरी कामै नभएको आइटमको नापी गर्ने प्राविधिकलाई समेत जिम्मेवार बनाई उक्त रकम सम्बन्धित फर्मबाट असुल गर्नुपर्ने रु | |

| | | | |
|---|---|---|---|
| Foundation | ३.४६ | ८०५ | २७८५.३ |
| soling | ०.४३ | २८३६ | १२१९.५ |
| PCC (1:3:6) | ०.२२ | १८७९० | ४१३३.८ |
| RCC (1:2:4) | १.५ | २१६२४ | ३२४३६ |
| Steel work | २०२.७३ | १५५ | ३१४२३ |
| Framework | ०.०६८ | ९५९९० | ६५२७.३ |
| Stair case railing | १६०.७६ | १६५ | २६५२५ |
| shutter of window | ३.६३ | ८३५० | ३०३११ |
| Supply and fixing gate with frame of ISNB son inner portion with ISNB as per instruction of site engineer | | | ५०००० |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td><table>
<tr><td></td><td></td><td>Total</td><td>१८५३६१</td></tr>
<tr><td></td><td></td><td>VAT</td><td>२४०९७</td></tr>
<tr><td></td><td></td><td>Grand Total</td><td>२०९४५८</td></tr>
</table></td><td></td></tr>
<tr><td>३०</td><td></td><td></td><td>दरबन्दी मिलान :<br><br>दरवन्दी मिलानः शिक्षा नियमावलीले व्यवस्था गरे अनुसार बिद्यालयगत शिक्षकको दरबन्दी मिलान गर्नुपर्नेमा यस पालिकामा जिल्ला शिक्षा इकाई कार्यालयले उपलब्ध गराएको विवरण अनुसार प्रा.बि., नि.मा.बि. र मा.बि. मा राहात दरबन्दी र बिद्यालयको अवस्था, तथा बिद्यार्थीको सङ्ख्या यकिन गरी पालिकाले दरबन्दी मिलान गरेको देखिएन । दरबन्दी मिलान नहुँदा कुनै विद्यालयमा शिक्षक बढी हुने र कुनै विद्यालयमा शिक्षक अभाव हुन गई पालिकाको शैक्षिक प्रणालीमा नै नराम्रो असर पर्न जाने भएकोले समयमै दरबन्दी मिलान गर्नुपर्दछ । दरबन्दी मिलान बेगर पालिकाले गरेको शिक्षक तलबको लागि निकासा दिएको रकम वास्तबिक हो भनी यकिन गर्न सकिएन ।</td><td></td></tr>
<tr><td>३१</td><td></td><td></td><td>कार्यालय सञ्चालन खर्च -</td><td></td></tr>
<tr><td>३१.१</td><td></td><td></td><td>घरभाडाः पालिकाले यो बर्ष कार्यालय प्रयोजनको लागि घरभाडा शिर्षकमा रु ३,५२,४६०। खर्च लेखेकोमा लेखापरीक्षणको क्रममा घरभाडाको सम्झौता पेश नभएकोले भुक्तानी भएको मासिक दर र कुल रकम यथार्थ हो भनी एकिन गर्न सकिएन । खर्च लेख्दा सम्झौता लगायतका कागजात संलग्न नगर्ने तथा लेखापरीक्षणमा पेश नगर्ने कमजोरीमा सुधार हुनुपर्दछ ।</td><td></td></tr>
<tr><td>३१.२</td><td></td><td></td><td>फिल्ड भत्ता - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८६ बमोजिम स्थानीय तहको सेवा सञ्चालन, व्यवस्थापन, सेवाका शर्त तथा सुविधा संघीय कानुनबमोजिम हुने व्यवस्था छ ।स्थानीय तहका कर्मचारीको तलब भत्ता सम्बन्धमा प्रदेश सरकारले छुट्टै व्यवस्था नगरेको अवस्थामा पालिकाले कार्यरत प्राविधिक कर्मचारीलाई तलबको अतिरिक्त फिल्ड भत्ता बापत रु.३३००००।०० खर्च लेखेको छ। आन्तरिक स्रोत न्यून भएको अवस्थामा संघीय अनुदानबाट यस्तो खर्च लेख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ ।</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ३१.३ | | | **परामर्श सेवा —** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२ मा सार्वजनिक निकायमा कार्यरत जनशक्तीबाट नभ्याउने र बढी दक्षता आवश्यक पर्ने कार्य अनुसार परामर्श सेवाको लागत अनुमान तयार गरी प्रतिस्पर्धा माध्यमले खरिद गर्नुपर्ने व्यवस्था छ । स्थानीय शासन प्रभाबकारिता सम्बन्धि अध्ययन बापत रियर्सन इन्टरनेशनल एजुकेशनल कन्सल्टेन्सी प्रा. लिं.लाई सो क्षेत्रमा कार्य गरेको अनुभव वेगर सोझै खरिद गरी रु ३५०००००।०० भुक्तानी गरेको पाईयो । पालिकाले स्थानीय विकासमा टेवा पुग्ने तथा दीर्धकालीन पुँजी निर्माण हुने मागमा आधारित आयोजनाको छनौट भएपछि लाभ लागत यकिन गरी उपलब्ध जनशक्तिबाट हुन नसक्ने कार्यको लागि प्रतिरुधाको माध्यमले परामर्श सेवा खरिद गनुपर्नेमा सो गरेको देखिएन ।सम्झौता बमोजिमको प्रतिवेदन पेश हुनुपर्ने तथा स्थानीय शासन प्रभाबकारिता सम्बन्धि अध्ययनबाट पालिकाले हासिल गरेको उपलव्धिको मूल्याङ्कन हुनुपर्ने रु | ३५०,००० |
| ३२ | | | **भ्रमण अभिलेख एवं प्रतिबेदन -**<br><br>**भ्रमण अभिलेख एवं प्रतिबेदनः** भ्रमण खर्च नियमावली, २०६४ अनुसार आफू कार्यरत क्षेत्रभित्र भ्रमण गर्दा दैनिक भ्रमण भत्ता नपाउने तथा एकै दिन गएर फर्किन सक्ने ठाउमा खाजा खर्च वापत दैनिक भ्रमण भत्ताको २५ प्रतिशत रकम दिन सकिने उल्लेख छ । नियम २१ मा भ्रमणमा खटिने पदाधिकारी वा कर्मचारीले भ्रमण प्रारम्भ गरेपछि सम्बन्धित कार्यालयले अनुसूची—६ बमोजिमको ढाँचामा भ्रमण अभिलेख राख्नुपर्ने उल्लेख छ । कार्यालयले विभिन्न कर्मचारीले विभिन्न स्थानमा भ्रमण गरेको भ्रमण आदेश र भ्रमण विल अनुसार रु. ३५३५९३०.00 खर्च लेखेकोमा भ्रमण अभिलेख व्यवस्थित राखेको छैन । एउटै गोश्बारा भौचरबाट अनुगमन तथा मुल्याँकन, सरुवा तथा भ्रमण भत्ता एकमुष्ट भ्रमण/अनुगमन प्रतिबेदन बेगर तेरिज तयार नगरी खर्च लेखेको उचित देखिएन । नियमाबलीमा उल्लेख भए बमोजिम भ्रमण अभिलेख तथा भ्रमण प्रतिबेदन राखेरमात्र भ्रमण खर्च लेख्ने र एकैदिन जान आउन सकिने स्थानमा बास बस्ने गरी काज खटाउने कार्यमा नियन्त्रण गर्नुपर्दछ । | |
| ३३ | | | **चालु खर्च -** | |
| ३३.१ | | | **पत्रपत्रिका छपाई तथा सूचना प्रकाशनः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५(१क) मा रु ५ लाख रुपैंयासम्मको निर्माण कार्य, मालसमान र परामर्श सेवा सोझै खरिद गर्न सकिने व्यवस्था छ । त्यस्तै नियम ८५ अनुसार एक आर्थिक बर्षमा एकै फर्म वा व्यवसायी वा संस्थाबाट ५ लाख भन्दा बढीको सामान सोझै खरिद गर्न नहुने व्यवस्था छ । तर पालिकाले पत्रपत्रिका छपाइ तथा सूचना प्रकाशनमा सोझै खरिद मार्फत रु ८१६७८१.00 खर्च गरेको छ । यसरी खर्च गर्ने प्रवृत्तिमा सुधार गर्दै सिलबन्दी बोलपत्र वा दरभाउपत्रको माध्यमद्वारा प्रतिस्पर्धात्मक विधिबाट खरिद गरिनुपर्दछ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ३३.२ | | | **मर्मत आदेशः** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ वमोजिम सरकारी जिन्सी मालसामान हानी नोक्सानी नहुने गरि संरक्षण गर्ने र तिनीहरुको राम्रो सम्भार गरी वा चालु अवस्थामा राख्ने उत्तरदायित्व सम्वन्धित कार्यालय प्रमुखको हुने उल्लेख छ। सोही वमोजिम कार्यालयमा रहेको चल्ती जिन्सी मालसामान मर्मत गर्नुपर्ने भएमा कार्यालय प्रमुखबाट मर्मत आदेश स्वीकृत गराई मर्मत गराई खर्च लेख्ने र सोको मर्मत अभिलेख तयार गरी राख्नुपर्दछ । पालिकाले मर्मत खर्च भक्तानी गर्दा केही खर्चमा मर्मत आदेश र मर्मत म.ले.प.फा.नं. 415 तयार नगरी रु.५९५८१४.०० खर्च लेखेको छ । नियमको पालना तर्फ कार्यालयको ध्यान जानुपर्दछ | |
| ३३.३ | | | **कार्यालय सामान खरिद र प्रयोग**– यस वर्ष मसलन्द तथा कार्यालय सामाग्री शिर्षकमा पालिका तर्फ रु. ६७,८८,११६।— खर्च गरेको छ। सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३ मा सामान खरिद गर्नु अगाडी सामानको आवश्यकता, खरिद प्याकेज, खरिद विधि लगायतको विषयको तयारी गर्नुपर्ने व्यवस्था छ । त्यस कार्यालयले खरिद सम्बन्धी कुनै तयारी तथा खरिद योजना नबनाइ पटक पटक र कर्मचारीहरुले आफु अनुकुल बजारमा गई कार्यालय समानहरु खरिद गर्ने गरेको देखियो । सामान खरिद गरी ल्याएपछि, नापजाँच गरी जिन्सी खातामा आम्दानी जनाई माग फारामको आधारमा जिन्सी खाताबाट खर्च जनाउनु पर्नेमा कतिपय सामानहरु जिन्सी आम्दानी नजनाउने, माग फाराम स्विकृत नगर्ने, माग फारामहरु व्यवस्थित नराख्ने, जिन्सीबाट माग फारामको आधारमा खर्च नहटाई जिन्सी खातामा पुरै मौज्दात देखाउने, वर्षान्तमा खर्च हुने सामानको मौज्दात विवरण तयार नगर्ने, जिन्सी निरीक्षण तथा मौज्दात परीक्षण नगर्ने स्थिती देखियो । खरिद भएका सामानहरुको अभिलेख तथा प्रयोगको अवस्था सम्बन्धमा जिन्सी खाताबाट यकिन गर्न स्थिती देखिएन वर्ष भरि खरिद सामान माग फारामका आधारमा प्रयोग/खर्च तथा बाँकिको सम्बन्धमा यकिन तथा विश्लेषण गर्ने अवस्था नै नदेखिएकोले जिन्सी खाता अद्यावधिक गरी मौज्दात बाँकीको विवरण सँग पेश हुनुपर्दछ ।सामानको आवश्यकता तथा परिमाण शुरुमै निश्चित गरी प्रतिस्पर्धात्मक रुपले खरिद कारवाही अवलम्बन गर्नेतर्फ कार्यालयले ध्यान दिनु जरुरी छ । पटक पटक खरिद गर्ने परिपाटीमा नियन्त्रण गरी कानुनको पालना गरी खरिदलाई मितव्ययी तथा प्रतिस्पर्धी बनाउनुपर्ने देखिन्छ । | |
| ३३.४ | | | **फरक कार्यमा भुक्तानीः** भौ.नं. ४४१।२०७९।३।२४, आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ मा सरकारी रकम खर्च गर्नु अघि रीत पुगे नपुगेको जाँच गर्नुपर्ने व्यवस्था छ । शैक्षिक प्रवर्धन कार्यक्रम अन्तर्गत वडा नं ५ बाल विकास आ वि को विज्ञान प्रयोगशाला स्थापना कार्यक्रमका लागि रु ४ लाख विनियोजित बजेटबाट रु ३८०३५०।०० को कापी खरिद र रु १९६५०।०० को भलिवल सहित खेल सामाग्री खरिदको विल भरपाईको आधारमा रु ४०००००।०० भुक्तानी गरेकोले तोकिएको कार्यक्रम भन्दा फरक कार्यमा गरेको भुक्तानी अनियमित देखिएको रु | ४००,००० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ३३.५ | | | **वितरणमुखी कार्यक्रममा खर्च गरेको** — स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ को उपदफा ३ मा आर्थिक विकास तथा गरिवी निवारणमा प्रत्यक्ष योगदान पुग्ने उत्पादनमूलक तथा छिटो प्रतिफल प्राप्त गर्न सकिने, स्थानीय वासिन्दाहरुको सहभागिता जुट्ने स्वयं सेवा परिचालन गर्न सकिने, कम लागतमा सम्पन्न गर्न सकिने, स्थानीय श्रोत साधन तथा सीपको अधिकतम प्रयोग हुने, महिला, बालबालिका, पिछडिएका वर्ग, क्षेत्र र समुदायलाई प्रत्यक्ष लाभ पुग्ने, लैगिक समानता र सामाजिक समावेशीकरण अभिबृद्धि हुने दिगो विकास, वातावरण संरक्षण तथा सम्बर्द्धन गर्न सघाउ पुऱ्याउने, भाषिक तथा साँस्कृतिक पक्षको जगेर्ना र सामाजिक सद्भाव तथा एकता अभिवृद्धिमा सघाउ पऱ्याउने विषयलाई प्राथमिकता दिई योजना तर्जुमा गर्नुपर्ने उल्लेख छ । तर गाउँपालिकाले सो ऐनले तोकेका शर्त भन्दा बाहिर योजना बनाई खर्च रु.१६१६९००।- लेखेको हुँदा आगामी दिनमा ऐनका शर्त बमोजिम योजना बनाई कार्यान्वयन गर्ने तर्फ दिनुपर्ने देखिन्छ । केही उदाहरण निम्न अनुसार छन् । | |

| विवरण | खर्चरकम |
|---|---|
| रानी बन स्पोर्टस कल्व बडिमालिकालाई लिग फूटबल तयारी गर्न अनुदान | १००००० |
| कम्पोष्ट मल प्रवर्ध्द अनुदान कार्यक्रममा खाल्डो खन्न नगद वितरण | २००००० |
| खिरिदेवी स्मृति प्रतिष्ठानलाई कार्यक्रम सञ्चालन र व्यवस्थापन खर्च भुक्तानी | ५००००० |
| वडा नं १ देखि ७ सम्म रु ५०००० दरले जेष्ठ नागरिक सम्मानमा रेडियो ब्लाङ्केट वितरण कार्यक्रम | ३५०००० |
| वडा नं १ देखि ७ सम्म विभिन्न खेलकुद कार्यक्रम सञ्चालनगर्न अनुदान वितरण | ३५०००० |
| वडा नं ६ सरसफाई कार्यक्रम अन्तरगत १६७ जनालाई रु ७०० दरले नगदै वितरण | ११६९०० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
| --- | --- | --- | --- | --- |
| | | | जम्मा — १६१६९०० <br> अनुत्पादक र वितरणमुखी खर्चलाई नियन्त्रण गर्नुपर्दछ । | |
| ३४ | | | **सेवा प्रवाह र आम्दानी -** | |
| ३४.१ | | | सेवा प्रवाह र आम्दानीः पालिकाले नाता प्रमाणित, घरबाटो सिफारिस, व्यक्तिगत घटना दर्ता सिफारिस लगायतको दस्तुर नगदी रसिदबाट संकलन गरेकोमा के कति संख्यामा उक्त सेवाहरु प्रवाह गर्यो भन्ने खुल्ने सेवा प्रवाहको विवरण तयार गरी पेश गर्न नसकेको कारण सेवा प्रवाह र संकलित राजश्व भिडान गर्न सकिएन । सेवा प्रवाहको विवरण तयार गर्ने परिपाटी तर्फ पालिकाको ध्यान जानुपर्ने देखिन्छ। | |
| ३४.२ | | | **सवारी कर** : स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६४ मा पालिकाले आफ्नो क्षेत्र भित्रका सवारीमा तोकिए बमोजिम सवारी दर्ता तथा वार्षिक सवारी कर र आफ्नो क्षेत्रमा आउने सबै प्रकारको सवारीमा तोकिए बमोजिम सवारी कर उठाउने उल्लेख भएकोमा यस बर्ष कुनै पनि रकम उठाएको देखिएन । हरेक वर्ष दर्ता हुने सवारीको अभिलेख राखी कर असूलीलाई प्रभाबकारी बनाउने तर्फ सम्वन्धित निकायको ध्यान जानु पर्दछ । | |
| ३५ | | | **आन्तरिक आय -** | |
| ३५.१ | | | **आन्तरिक आयको स्थितिः** पालिकाले यो बर्ष कुल रु ४७१५७२७.०० आन्तरिक आय हुने अनुमान गरेकोमा कुल रु २९४३२४९.०० आय प्राप्त भएको देखिन्छ । पालिकाले तयार गरेको एकिकृत आय व्यय विवरणमा एकमुषठ आय जनाएको तर कुन शिर्षकमा के कती आम्दानी भयो भनी नखुलाएकोले शिर्षकगत आय सम्बन्धमा बिष्लेषण गर्न सकिएन । कार्यालयले राजस्वको अभिलेख अध्यावधिक गरी सोको लेखापरीक्षण गराउने जिम्मेवारी कार्यालय प्रमुखको हुने व्यवस्था रहेको छ । राजश्व रसिद ठेलिहरु छपाई गरेर वडा कार्यालयमा पठाउने गरेकोमा सोको पुरा अभिलेख पालिकामा आएको देखिएन । अधिल्लो आ.व.को बाँकी के कति छन एकिन गर्न सकिएन । कार्यालयबाट सबै वडाहरुमा पनि स्वचालित प्रणालि जडान गरी राजस्व संकलन गर्ने तर्फ कार्यालयको ध्यान जानुपर्दछ । यसले गर्दा व्यक्तिहरुले छुट्टै रसिद छपाउने जोखिम विद्यमान रहन्छ । यसको सम्बन्धमा तहाँ कार्यालयबाटै यकिन गर्नुपर्दछ । कार्यलयले आगामी दिनमा रसिद नियन्त्रण तथा राजश्व असूलीलाई स्वचालित प्रणाली मार्फत ब्यवस्थापन सम्बन्धमा विशेष ध्यान पुर्याउनुपर्ने देखियो । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ३५.२ | | | **म.ले.प फारमः** राजश्व असुल गर्दा रसिद अनुसार असुलि देखिने म.ले.प.फा.न १०५, १०८ जस्ता खाता राखि वैंक दाखिला पश्चात गोश्वारा भौचर उठाई राजश्व असुल गर्नुपर्नेमा रसिद वाट सिधै वैङ्क दाखिला गरी वैंक स्टेटमेन्ट अनुसार आम्दानी जनाउने गरेको छ । जसवाट दाखिला राजश्व खातामा भिडान गर्न सकिएन । खाता तयार गरी आम्दानी भिडान गर्ने व्यवस्था कार्यान्वयन गर्नुपर्दछ । | |
| ३५.३ | | | **मनोरञ्जन कर** : स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६४ बमोजिम सिनेमा, भिडियो हल, सांस्कृतिक प्रदर्शन हल, संगित, थियटर, मनोरञ्जन, प्रदर्शन स्थल, ऐतिहासिक स्थलको प्रवेश शूल्कमा कर लिनुपर्ने व्यवस्था छ । आर्थिक वर्ष २०७८।७९ मा पालिकाले यस शीर्षकमा कूनैपनि कर संकलन गरेको पाईएन । यस पालिकाको क्षेत्र भित्रवाट उठ्नु पर्ने मनोरञ्जन कर एकिन गरी असुल गर्नुपर्दछ। | |
| ३५.४ | | | **राजश्व दाखिला** : आर्थिक कार्यबिधि नियमावली, २०६४ को नियम ९(६) बमोजिम जिम्मेवार व्यक्तिले आफ्नो जिम्मामा आएको सरकारी नगद सोही दिन दाखिला गरी स्रेस्ता खडा गर्नु पर्ने व्यवस्था छ । साथै सोही ऐन अनुसार तोकिएको समयमा राजश्व रकम दाखिला नगरेमा सम्वन्धित तालुक कार्यालयले १० दिन सम्म ढिला गरेको भए १० प्रतिशत, १५ दिन सम्म ढिला गरेको भए १५ प्रतिशत जरिवाना गरी सो समेत दाखिला गर्न लगाउने र १५ दिन भन्दा ढिलो गरेको भए २५ प्रतिशत जरिवाना गरी नगद दाखिला गर्न लगाई कसूरको मात्रा अनुसार प्रचलित कानून बमोजिम बिभागीय कारवाही समेत गर्न गराउन सक्ने व्यवस्था छ । कार्यालय अन्तर्गत ६ वडा बाट प्राप्त गरेको राजश्व रकम ऐनमा भएको व्यवस्था अनुसार तोकिएको अवधि भित्र दाखिला गरेको छैन । यसरी ढिला हुने गरी राजश्व रकम बैक दाखिला भएको अवधिको कार्यालयले छानविन गरी, जरिवाना रकम असुल गर्नुपर्ने देखिन्छ । कार्यालयले सम्पूर्ण वडा कार्यालयहरुले प्राप्त गरेको आन्तरिक राजश्व रकम र बैकमा दाखिला गरेको विवरणमा कार्यालयले विशेष ध्यान दिनुपर्दछ। | |
| ३५.५ | | | **रसिद नियन्त्रण खाता नरहेकोः** पालिकाले आफ्नो क्षेत्रभित्र लगाएको विभिन्न करहरुको सिफारिस दस्तुरको लागि प्रयोग गरिने नगदी रसिदको रसिद नियन्त्रण खाता अद्यावधिक गरी राख्नुपर्दछ ।गत वर्षको मौज्दात,यो वर्षको आय,यो वर्षको खर्च र बाँकी जिम्मेवारी देखिने गरी नगदी रसिदको खाता तयार गर्नपर्नेमा सो खाता तयार गरेको छैन । आ.व. को अन्तमा फिर्ता गर्नुपर्ने कतिपय रसिद ठेलीहरु फिर्ता आएको छैन । आम्दानीतर्फ प्रयोग गरिने रसिद ठेलीको आय एकिन गरी बैंक जम्मा विवरण राखी श्रेस्ता अद्यावधिक गर्नुपर्नेमा पालिकाले रसिद नियन्त्रण खाता नराखेको कारण एकिन हुन सकेन । पालिकाले यो बर्ष प्राप्त भएको आम्दानी रु.२९४३२४९। को हकमा सवै नगदी रसिद संकलन गरी वास्तविक आय एकिन गर्नुपर्ने देखिन्छ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ३६ | | | **व्यवसाय कर -** | |
| ३६.१ | | | **व्यवसाय कर** - स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५८ मा पालिकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउनूपर्ने व्यवस्था रहेको छ । यस वर्ष पालिकाले व्यवसाय दर्ता तथा नवीकरण शुल्क वापत कुनै कर संकलन नगरेकोमा पालिकाको क्षेत्रभित्र रहेका व्यवसायीहरुको अभिलेख अध्यावधिक गरेको छैन । जसबाट पालिकाले संकलन गरेको व्यवसाय कर यथार्थ मन्न सक्ने अवस्था छैन । तसर्थ पालिकाले आफ्नो क्षेत्र भित्र सञ्चालनमा रहेका सम्पूर्ण व्यवसायीको अद्यावधिक अभिलेख राखी करको दायराभित्र ल्याउनु पर्दछ । | |
| ३६.२ | | | **आन्तरिक आयः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले आर्थिक वर्ष २०७८।०७९ मा केन्द्रीय अनुदानबाट गरेको खर्चका तुलनामा आन्तरिक आयको स्थिति देहाय बमोजिम छ ।<br><br>केन्द्रिय अनुदानबाट खर्च: ४०८३३१००० ; आन्तरिक आय: २९४३२४९ ; आन्तरिक आय प्रतिशत: ०.७२<br><br>उपरोक्त विवरण अनुसार स्थानीय तहमा प्राप्त केन्द्रीय अनुदानबाट भएको खर्चको तुलनामा आन्तरिक आयको हिस्सा ०.७२ प्रतिशत मात्र रहेको छ । त्यसैले पालिकाको आन्तरिक आय संकलनको दायरालाई फराकिलो पार्दै आन्तरिक आय बृद्धि गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ । | |
| ३७ | | | **ठे.नं. १-०७७।७९ देवस्थली मा वि भवन निर्माण**<br><br>लागत अनुमान रु. २३०२३०३५।४३ रहेको देवस्थली मावि भवन निर्माण कार्यको ठेक्का व्यवस्थापन गर्दा स्वार कन्स्ट्रक्सनले कबोल गरेको रु. १४६३३१२३। मा सम्झौता मितिले १५ महिनाभित्र सम्पन्न गर्ने गरी २०७८।११।१६ मा सम्झौता भई रु २५०००००। पेश्की भुक्तानी गरेको निर्माण कार्य सम्बन्धमा देखिएका व्यहोराहरु निम्नानुसार छन् | |

| केन्द्रिय अनुदानबाट खर्च | आन्तरिक आय | आन्तरिक आय प्रतिशत |
|---|---|---|
| ४०८३३१००० | २९४३२४९ | ०.७२ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ३७.१ | | | **कार्य तालिका** – निर्माण व्यवसायीसँग मिति २०७८।११।१६ मा भएको सम्झौताको जनरल कण्डिसन अफ कन्ट्राक्टको बुँदा ३४.३ मा सम्झौता भएको १५ दिन भित्र कार्यतालिका र संशोधित कार्यतालिका पेश गर्ने र नगरे भुक्तानीमा रु ५००००। रोक्का राख्ने रहेकोमा लेखापरीक्षण अवधिसम्म कार्यतालिका र संशोधित कार्यतालिका पेश गरेको छैन । सम्झौता अनुसार कार्यतालिका पेश नगरे भुक्तानी दिंदा सम्झौतामा उल्लेखित रकम रोक्का राख्नु पर्दछ । | |
| ३७.२ | | | **निर्माण सामग्री** – सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९ मा लागत अनुमान तयार गर्दा विचार गर्नुपर्ने सम्बन्धी व्यवस्था छ। उल्लेखित भवन निर्माण कार्यको लागत अनुमान तयार गर्दा पुरानो भवन भत्काई निर्माणस्थल खालि गर्नको लागि मू अ कर समेत रु ८०३६५।५७ को लागत रकम राखी ठेक्का व्यवस्थापन गरेकोमा पुरानो भवन भत्काउँदा प्राप्त हुने काठ, झ्याल, ढोका, ढुङ्गा ईटा लगायत सामान पुन प्रयोग गर्न सकिने वा नसकिने यकिन गरी सकिने अवस्थामा परिमाण यकिन गरी नयाँ भवनको लागत अनुमानमा उक्त सामानको मुल्य घटाई लागत अनुमान तयार गरी ठेक्का व्यवस्थापन गर्नुपर्नेमा नगरेकोले पुरानो भवनबाट निस्केका मध्ये निर्माण व्यवसायीले प्रयोग गरेको सामानको मूल्य घटाई ठेक्का विलको भुक्तानी गर्ने तर्फ कार्यालयको ध्यान जानुपर्दछ । | |
| ३८ | | | **मष्टेश्वरी नमुना मावि भवन**<br><br>नुमना विद्यालयमा प्रदान गरेको अनुदान रकम खर्च गर्दा विनियोजन गरेको रकम अर्को कार्यक्रममा खर्च गर्न नपाईने, कार्यक्रम कार्यान्वयनको प्रगति विवरण शिक्षा तथा मानव स्रोत विकास केन्द्रमा पठाउनु पर्ने, स्थानीय तहवाट नियमित अनुगमन तथा प्राविधिक सहायता उपलव्ध गराउनु पर्ने, क्रियाकलाप कार्यान्वयन गर्दा सार्वजनिक खरिद ऐन २०६३ तथा नियमावली २०६४ अनुसारको प्रकृया अवलवम्वन गर्नुपर्ने तथा कार्यक्रमको कार्यान्वयन पश्चात निकासा रकमको लेखा राख्ने, प्रतिवेदन गर्ने र लेखापरीक्षणको दायित्व सम्बन्धित विद्यालयको हुने व्यवस्था छ । पालिकाले नमुना विद्यालयलाई भौ नं २७-२०७९।१९ बाट रु ७५ लाख र ४१ – २०७९।३।२४ बाट रु ७५ लाख समेत रु १ करोड ५० लाख अनुदान उपलव्ध गराएको र भवन निर्माण सम्बन्धी कार्यको ठेक्का व्यवस्थापन आफैले गरी एम किनारा जेभीले कवोल गरेको रु ३२५३७८०८। मा सम्झौता गरेको छ । अनुदान रकम बाट भए गरेको कामको सम्बन्धमा देखिएका व्यहोराहरु निम्नानुसार छन | |
| ३८.१ | | | **निर्माण सामग्री** – सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९ मा लागत अनुमान तयार गर्दा विचार गर्नुपर्ने सम्बन्धी व्यवस्था छ। उल्लेखित भवन निर्माण कार्यको लागत अनुमान तयार गर्दा पुरानो भवन भत्काई निर्माणस्थल खालि गर्नेकार्यको लागि मू अ कर समेत रु ४८५२८०। को लागत रकम राखी ठेक्का व्यवस्थापन गरेकोमा पुरानो भवन भत्काउँदा प्राप्त हुने काठ, झ्याल, ढोका, ढुङ्गा ईटा | ४७७,७८६ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | लगायत सामान पुन प्रयोग गर्न सकिने वा नसकिने यकिन गरी सकिने अवस्थामा प्रयोग हुने परिमाण र रकम यकिन गरी नयाँ भवनको लागत अनुमान उक्त सामानको मुल्य घटाई लागत अनुमान तयार गरी ठेक्का व्यवस्थापन गर्नुपर्नेमा पुरानो भवनबाट निस्केका र निर्माण व्यवसायीले प्रयोग गरेको सामानको नघटाई प्रथम विलवाट निर्माण व्यवसायीलाई उक्त कार्यको मू अ कर समेत रु ४७७७८६। भुक्तानी दिएकोले पुरानो भवन भत्काई प्राप्त भएको सामानको अवस्था यकिन गर्नुपर्ने रु | |
| ३८.२ | | | **विल भुक्तानी** - सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(१) ख मा प्राविधिक नाप जाँच गरी नापी कितावमा उल्लेख भएको बास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी दिनुपर्ने व्ययवस्था छ ।प्रथम रनिङ विलको भुक्तानी दिंदा शिल व्याण्ड तथा लिन्टल कार्यको २.४९ घमी आरसिसि कार्यवापत भुक्तानी गरी सकेकोमा providing and laying first class local chimney made brick one or more brick thick wall in cement mortar 1:4 कार्यको भुक्तानी दिंदा शिल व्याण्ड तथा लिन्टल कार्यको परिमाण नघटाई भुक्तानी गरेकोले निर्माण व्यवसायीले कवोल गरेको गाह्रो लगाउने कार्यको प्रति घमी रु. ३८०००।- का दरले रु. १०६९२०।— मू.अ.कर समेत असूल गरी संघीय सञ्चित कोष दाखिला हुनुपर्ने रु. | १०६,९२० |
| ३८.३ | | | **थप जर्ती** - सार्वजनिक खरिद निमायवली, २०६४ को नियम १०(३) मा सार्वजनिक निकायले निर्माण कार्यको लागत अनुमान तयार गर्दा नेपाल सरकारबाट स्वीकृत नर्मस तथा दररेट निर्धारण समितिले स्वीकृत गरेको सामाग्री तथा ज्यालाको आधारमा तयार गर्नुपर्दछ। पालिकाले उक्त भवन निर्माणमा प्रयोग हुने फलामे डण्डीको लागत अनुमान तयार गर्दा नर्मस अनुसार ५ प्रतिशत जर्ती राखी सकेकोमा नापी तयार गर्दा थप जर्ती २.५ प्रतिशत दिएकोले बढी जर्ती दिएको ४९४.२६ केजीको निर्माण व्यवसायीले कवोल गरेको प्रति केजी दर रु १६०। मा मू अ कर समेत थप गरी भुक्तानी भएको रु ८९३६२। असूल गरी संघीय सञ्चित कोष दाखिला हुनुपर्ने रु. | ८९,३६२ |
| ३८.४ | | | विद्यालयले प्राप्त अनुदान रकमवाट भवन निर्माण सम्बन्धि कार्यको प्रथम रनिङ विल मूल्याँकन अनुसार रु १२२६७८२६। र अन्य खर्च ९७१७४१। मसेत रु १३२३९५६७। खर्च लेखेको प्रमाण लेखापरीक्षणमा पेश भएको छ भने बाँकी रु १७६०४३५। को प्राविधिक मूल्याँकन सहित अनुगमन प्रतिवेदन, लेखापरीक्षण प्रतिवेदन तथा सामाजिक लेखापरीक्षण पेश नगरेकोले पेश हुनुपर्ने रु. | १,७६०,४३५ |
| ३९ | | | **गाउँपालिका प्रशासकिय भवन**<br><br>लागत अनुमान रु ६४२८३३१३। रहेको प्रशासकिय भवन निर्माण कार्य पि एस कन्स्ट्रक्सनले कवोल गरेको रु. ४७३५३०८१। मा सम्झौता मितिले १८ महिनाभित्र सम्पन्न गर्ने गरी २०७७।९।५ मा सम्झौता गरेको थियो । कार्यालयले चौथो रनिङ विल सम्मको रु ४१९१६४०२। भुक्तानी गरेको छ ।उक्त निर्माण कार्य सम्बन्धमा देखिएका व्यहोराहरु निम्नानुसार छन् | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ३९.१ | | | प्रोभिजनल सम - सार्वजनिक खरिद ऐनको दफा ६३ (१) को खण्ड (ग) र सो को नियमावलीको नियम १११(१) को खण्ड (ङ) मा निर्माण कार्यको गुणस्तर परीक्षण र नियन्त्रणको व्यवस्था छ । सम्झौताको विल अफ क्वाण्टिटिको प्रोभिजनल सम आईटममा उल्लेख भए अनुसार तेस्रो रनिङ विल भुक्तानी गर्दा गुणस्तर परीक्षण वापत रु ८८०००। भुक्तानी खर्च लेखेकोमा Brick, Cube, Aggregate crushing value test को २८२००। को नगदी विल र ६००००। गाडी भाडा भुक्तानी गरेको देखियो । गुणस्तर सम्बन्धी कार्यको लागि व्यवस्था भएको रकमवाट गाडी भाडा भुक्तानी गरेको उपयुक्त नदेखिएकोले असूल गरी राजश्व दाखिला हुनुपर्ने देखिएको रु | ६०,००० |
| ३९.२ | | | **विल भुक्तानी** - सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(१) ख मा प्राविधिक नाप जाँच गरी नापी किताबमा उल्लेख भएको बास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी दिनुपर्ने व्ययवस्था छ ।चौथो रनिङ विलसम्मको भुक्तानी दिंदा शिल व्याण्ड तथा लिन्टल कार्यको १०.७१ घमी आरसिसि कार्यवापत भुक्तानी गरी सकेकोमा providing and laying first class local chimney made brick one or more brick thick wall in cement mortar 1:4 कार्यको भुक्तानी दिंदा शिल व्याण्ड तथा लिन्टल कार्यको परिमाण नघटाई भुक्तानी गरेकोले निर्माण व्यवसायीले कवोल गरेको गाह्रो लगाउने कार्यको प्रति घमी रु. २१०००।- का दरले रु. २५४१४८।— मू.अ.कर समेत असूल गरी संघीय सञ्चित कोष दाखिला हुनुपर्ने रु. | २५४,१४८ |
| ४० | | | **ठे.नं. ३-०७७।७८ दशरथ मा वि फिल्ड भवन निर्माण**<br><br>लागत अनुमान रु १४९१४५०८।९० रहेको दशरथ मावि फिल्ड निर्माण कार्यको लागि अशोक कन्स्ट्रक्सन एण्ड अर्डर सप्लायर्सले कवोल गरेको रु. ७२९७०१५। मा २०७८।३।२० भित्र सम्पन्न गर्ने गरी मिति २०७८।१।१५ मा सम्झौता भएको मा रु. ७२२२३१८। बरावरको मूल्याँकन भई सोही बरावर भुक्तानी भएको ठेक्का सम्बन्धमा देखिएका व्यहोराहरु निम्नानुसार छन् | |
| ४०.१ | | | **निर्णयमा ढिलाई** - सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२० मा एनको दफा ५६ बमोजिमको अवस्था परी सम्झौता बमोजिमको काम त्यस्तो सम्झौताको अविधभित्र पुरा गर्न नसकिने भएमा कारण खुलाई सम्झौताको म्याद सकिनु भन्दा २१ दिन अगावै सम्बन्धित सार्वजनिक निकायमा अवधि थपको लागि निवेदन दिने र सार्वजनिक निकायले आवश्यक जाँचवुझ गरी तोकिएको पदाधिकारीले म्याद थप गरिदिन सक्ने व्यवस्था छ । निर्माण व्यवसायीले २०७८।३।६ मा म्याद थपको लागि निवेदन दिएकोमा कार्यालयले आवश्यक जाँचवुझ गरी समयमै निर्णय दिनुपर्नेमा २०७८।९।९ मा २०७८ फागुन मसान्त सम्म म्याद थप गरेको देखियो। कार्यालयले गर्ने निर्णय समयमै हुनुपर्दछ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ४०.२ | | | **कार्य स्वीकार प्रतिवेदन** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११७(१) मा सार्वजनिक निकायले सम्पन्न भएको निर्माण कार्य, आपूर्ति गरिएको मालसामान वा प्रदान गरिएको सेवा स्वीकार्दा सोको प्रतिवेदन तयार गर्नुपर्ने व्यवस्था छ । त्यस्तै, उपनियम(२) मा उल्लेखित प्रावधान पुरागरी उपनियम(३) अनुसार सार्वजनिक निकायले आवश्यक प्रक्रिया पुरा गरी भुक्तानीको लागि आर्थिक प्रशासन शाखा वा निकायमा पठाउनु पर्ने व्यवस्था छ ।उल्लेखित कार्यको अन्तिम विलको भौ.नं. २०-२०७८।३१।२ मा रु. ४३०००००।- भुक्तानी दिएकोमा नियमले व्यवस्था गरेको प्रावधान पुरा नगरी अन्तिम विलको रकम भुक्तानी दिएको पाइयो । यसरी कार्य स्वीकार प्रतिवेदन बेगर निवेदनको आधारमा अन्तिम विलको भुक्तानी दिंदा त्रुटी सच्याउने अवधि कहिले देखि कहिले सम्म रहने, कार्य सम्पन्न प्रतिवेदन कहिले जारी गर्ने भन्ने जस्तो दुविधा हुने देखिन्छ । यसमा सुधार हुनुपर्दछ । | |
| ४०.३ | | | **प्रोभिजनल सम** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११२ मा खरिद सम्झौतामा अन्यथा उल्लेख भएकोमा बाहेक दश लाख रुपैयाँ भन्दा बढीको निर्माण कार्य गर्दा विमा गराउनु पर्ने र ऐनको दफा ६३ (१) को खण्ड (ग) र सो को नियमावलीको नियम १११(१) को खण्ड (ङ) मा निर्माण कार्यको गुणस्तर परीक्षण र नियन्त्रणको व्यवस्था छ । सम्झौताको विल अफ क्वाण्टिटिको प्रोभिजनल सम आईटममा विमा वापत रु ८२२१९। र गुणस्तर परीक्षण वापत रु ३२४००। भुक्तानी खर्च लेखेकोमा कामको मात्र विमा गरेको र बिमा भुक्तानीको कर विजक वेगर भुक्तानी गरेको तथा गुणस्तर परीक्षणमा एक पटक क्युव टेष्ट गरी ८४००। को नगदी विल र २४०००। गाडी भाडा भुक्तानी गरेको देखियो । गुणस्तर सम्बन्धी कार्यको लागि व्यवस्था भएको रकमवाट गाडी भाडा भुक्तानी गरेको उपयुक्त नदेखिएकोले असूल गरी राजश्व दाखिला हुनुपर्ने तथा विमा भुक्तानी वापत सक्कल कर विजक पेश गर्ने अन्यथा असूल हुनुपर्ने देखिएको रु. | १०६,२२० |
| ४०.४ | | | **खर्च अनुपात**- समपुरक लगानीमा संचालन हुने योजनाहरुमा ५० प्रतिशत अनुदानवाट प्राप्त हुने रकम र ५० प्रतिशत गाउँपालिकाको समपुरक योजनाको लागि छुट्टयाईएको रकमबाट खर्च गरिनु पर्दछ । उल्लेखित योजनामा योवर्ष रु ४३०००००। खर्च भएकोमा गाउँपालिकाको समपुरक कोषवाट कुनै खर्च नगरी सवै रकम संघीय समपुरक अनुदानवाट खर्च लेखेकोले समपुरक अनुदानको मर्म अनुरुप खर्च नभएको रु. | २,१५०,००० |
| ४१ | | | **सिमेन्ट :**<br><br>**सिमेन्ट** : आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ बमोजिम बिलभरपाई संलग्न गरी खर्च लेख्दा रीत पुगे नपुगेको जाँच गरी भुक्तानी गर्नुपनर्ने व्यवस्था छ । कार्यालयले निर्माण कार्यको दरविश्लेषण गर्दा आयोजनामा ओ पि सि सिमेन्ट | १६९,१६१ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | प्रति बोरा मूल्यअभिवृद्धि करसमेत रु ९६०।५० का दरले विश्लेषण गरेकोमा आयोजनाको प्रयोगत भएको सिमेन्टमध्ये निम्नानुसार परिमाण पि पि सि सिमेन्ट प्रयोग गरेकोले पि पि सि सिमेन्ट मूल्यअभिवृद्धि करसमेत प्रतिवोरा रु ८४७।५० पर्ने भएकोले सिमेन्टमा प्रतिबोरा रु ११३ को दरले बढी विश्लेषण हुन गई रु.१६९१६१। बढी भुक्तानी भएको छ । बढी भुक्तानी भएको रकम सम्बन्धितबाट असुल गर्नुपर्ने रु | |

| भौ.नं.।मिति | आयोजनाको नाम | कामको विवरण | नम्श अनुसार प्रयोग सिमेन्ट परिमाण | पि पि सि सिमेन्ट परिमाण | बढि भुक्तानी |
|---|---|---|---|---|---|
| १०६।२०७८।१२।०१ | नानी खेत सिँचाइ कुलो निर्माण उपभोक्ता समिति | कुलो निर्माण | ४५ बोरा | १५ बोरा | १६९५ |
| १५०।२०७८।१२।१८ | उडिना भिडेतोला सि.कु.नि.स. | कुलो निर्माण | १९७ बोरा | १०० बोरा | ११३०० |
| १५२।२०७८।१२।१८ | चौला सिँचाइ कु.नि.स. | कुलो निर्माण | २६२ बोरा | १०० बोरा | ११३०० |
| १६६।२०७९।०१।०५ | चिराल्ना सि.कु.नि.स. | कुलो निर्माण | १८६ बोरा | ६६ बोरा | ७४५८ |
| १६७।२०७९।०१।०५ | भुजन गाढ बडाचौर सि.कु.नि.स. | कुलो निर्माण | २०९ बोरा | २०९ बोरा | २३६१७ |
| १७०।२०७९।०१।०७ | घट्टेखोलो देखि चरु सि.कु.नि.स. | कुलो निर्माण | १५६ बोरा | ७६ बोरा | ८५८८ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| | | | | | |
|---|---|---|---|---|---|
| १७२।२०७९।०१।०८ | जाडगुदु पि.सि.सि. बाटो नि.उ.स. | पि.सि.सि. बाटो निर्माण | ४६ बोरा | ४६ बोरा | ५१९८ |
| १७३।२०७९।०१।०८ | महिलामैत्री स्नान गृह निर्माण उपभोक्ता समिति | स्नानगृह निमार्ण | ५० बोरा | २५ बोरा | २८२५ |
| १७४।२०७९।०१।०८ | महिलामैत्री स्नान गृह निर्माण उपभोक्ता समिति | स्नानगृह निमार्ण | ३९ बोरा | २० बोरा | २२६० |
| १७७।२०७९।०१।१६ | धंग्रेडी ढल निकास कुलो नि.उ.स. | ढल निर्माण | १२८ बोरा | ४८ बोरा | ५४२४ |
| १८२।२०७९।०१।२२ | टुक्रा बाटो मर्मत उपभोक्ता समिति | बाटो मर्मत | ५० बोरा | २५ बोरा | २८२५ |
| २०८।२०७९।०२।२३ | सादेगाउँ टोल सुधार उपभोक्ता समिति | बाटो मर्मत | १५४ बोरा | ५९ बोरा | ६६६७ |
| २२१।२०७९।०३।०५ | थालिकोटा सिँचाई कुलो निर्माण उपभोक्ता समिति | कुलो निर्माण | १६० बोरा | ७० बोरा | ७९१० |
| २२२।२०७९।०३।०५ | पानी मूल खानेपानी निर्माण | खानेपानी निर्माण | १०३ बोरा | ३३ बोरा | ३७२९ |
| २५१।२०७९।०३।१२ | युवाखाडा घेरावार नि उ स | घेरावार कार्य | १४७ बोरा | ४७ बोरा | ५३११ |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>२७७।२०७९।०३।१६</td><td>दुर्गा भवानी आन्तरिक प्याराफिट निर्माण उ स</td><td>प्याराफिट निर्माण</td><td>३०१ बोरा</td><td>३०१ बोरा</td><td>३४०१३</td></tr>
<tr><td>२९६।२०७९।०३।२१</td><td>दोगडि ढल तथा पि.सि.सि. बाटो निर्माण उ स</td><td>बाटो निर्माण</td><td>८५ बोरा</td><td>५५ बोरा</td><td>६२१५</td></tr>
<tr><td>२९९।२०७९।०३।२१</td><td>भुजन गाढ बडाचौर सि.कु.नि.स.</td><td>भवन निर्माण</td><td>२३० बोरा</td><td>२०२ बोरा</td><td>२२८२६</td></tr>
<tr><td></td><td>जम्मा</td><td></td><td></td><td></td><td>१६९१६१</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>४२</td><td></td><td></td><td>वडा नं १ कार्यालय भवन<br><br>कार्यालयले ठेक्का नंबर ०५।२०७७।७८ बाट वडा नं १ कार्यालय भवन निर्माण कार्यको गोश्वारा भौचर नं ६०।२०७८।१०।१७ बाट दोस्रो रनिङ्ग बिल वापत रु २६,२२,३७७।२२ भुवन निर्माण सेवालाई भुक्तानी गरेकोमा देखिएका ब्यहोरा देहायबमोजिम रहेका छन्<br><br>• ठेक्का फाइल पेस नभएको : कार्यालयले वडा नं १ कार्यालयको ठेक्का फाइल पेस नगरेकोले सो फाइल परीक्षण गरिएको छैन ।</td><td>•</td></tr>
<tr><td>४२.१</td><td></td><td></td><td>गाह्रो : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ बमोजिम प्राविधिक नापजाँच गरी वास्तविक कार्यसम्पादनको आधारमा बिल र बीजकको भुक्तानी गर्नुपर्ने व्यवस्था छ । प्राविधिकले तयार गरेको नापी किताबमा Plinth to first floor level मा First class Brickwork in (1:4) cement sand mortar मा गाह्रोको उचाई ३ मिटर उल्लेख गरी ६०।४४ घमि मूल्याङ्कन गरी मूल्यअभिवृद्धि करसमेत प्रति घनमिटर रु १९२१० का दरले रु ११६१०५२।४० भुक्तानी गरेको छ । कार्यालयको भवनमा सामान्यतय ३ मिटरको Floor to floor उचाइ हुने र त्यसमा बिम र Plinth तथा Sill bands लगायतका आइटमको नाप घटाउनुपर्नेमा सो आइटमको</td><td>१,१६१,०५२</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | नाप नघटाई नापी गरेको देखिएकोले वास्तविक नापी भई भुक्तानी भएको छ भन्न सक्ने अवस्था नदेखिएकोले प्राविधिक नापी वास्तविक भए नभएको यकिन गरी असुल फर्स्योट गर्नुपर्ने रु | |
| ४२.२ | | | **एकीकृत नापी** : कार्यालयबाट तयार भएको प्राविधिक बिलमा पहिलो रनिङ्ग बिल रु ६३००३०५।८७ र दोस्रो रनिङ्ग बिल रु २६२२३७७।२२ समेत अद्यावधिक कार्य रु ८९२२६८३। भएको उल्लेख भएकोमा बिलको कामको विस्तृत नापी दोस्रो रनिङ्ग बिलमा अ.ल्या. नगरेकोले पहिलेकै बिलमा गुणन फरक तथा बढी परिमाण राखी भुक्तानी गरेको छ छैन यकिन गर्न सकिएन । समग्रमा कार्यालयले गुणन फरक तथा बढी परिमाण राखी बिल बनाउने प्राविधिकलाई जिम्मेवार बनाउँदै निज प्राविधिकबाट भएका अन्य निर्माण कार्यको नापी तथा बिलसमेत परीक्षण यकिन गरी वास्तविक रकम खर्च भए नभएको यकिन गर्नुपर्दछ । | |
| ४२.३ | | | **ब्यान्डमा बढी नापी** : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ बमोजिम प्राविधिक नापजाँच गरी वास्तविक कार्यसम्पादनको आधारमा बिल र बीजकको भुक्तानी गर्नुपर्ने व्यवस्था छ । कार्यालयबाट दोस्रो रनिङ्ग बिलको प्राविधिक नापी परीक्षण गर्दा Sill band and lintel band for RCC कार्यको ३.८७ घनमिटर नापी मापन गर्नुपर्नेमा गुणन फरक पारी तथा फर्मलाई बढी भुक्तानी गर्ने मनसायसाथ गुणन गर्दा परिमाण ३१.९६ घनमिटर राखी २८.०९ घनमिटर बढी मापन गरेकोले सो कार्यमा कबोल अङ्क प्रति घनमिटर मूल्यअभिवृद्धि करसमेत रु १८०८० का दरले रु ५०७७८२। बढी भुक्तानी भएको छ । बढी भुक्तानी गर्ने मनसायसाथ प्राविधिक प्रतिवेदन तयार गर्ने प्राविधिकलाई जिम्मेवार बनाउँदै उक्त रकम सम्बन्धित फर्मबाट असुल गर्नुपर्ने रु. | ५०७,७८२ |

| Description of Works | No's | L | B | H | Quantity | |
|---|---|---|---|---|---|---|
| | | | | | Payed Qty | Actual Qty |
| Supplying mixing, placing, compacting reinforced cement concrete of 1:1.5:3 (1 Cement:1.5 Sand:3 Aggregate 20 mm and down well graded) all complete as per drawing, specification and instruction os site engineer | | | | | | |
| Plinth to First Floor Level Sill & Lintel Bands | | | | | | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | Outside of Grid a-a | २ | ५.५ | ०.२३ | ०.०८ | ०.८३ | ०.१९ | |
| | | | Along Grid a-a | २ | ५.७९ | ०.२३ | ०.०८ | ०.८७ | ०.२ | |
| | | | Along Grid b-b | २ | ८.५३ | ०.२३ | ०.०८ | १.२८ | ०.२९ | |
| | | | Along Grid c-c | २ | ८.३३ | ०.२३ | ०.०८ | १.२५ | ०.२९ | |
| | | | Along Grid d-d | २ | ४.४७ | ०.२३ | ०.०८ | ०.६७ | ०.१५ | |
| | | | Between Grid d-d & e-e | २ | ३.१५ | ०.१२ | ०.०८ | ०.४७ | ०.०५ | |
| | | | Along Grid e-e | २ | ८.३३ | ०.२३ | ०.०८ | १.२५ | ०.२९ | |
| | | | Between Grid e-e & f-f | २ | ६.१५ | ०.१२ | ०.०८ | ०.९२ | ०.११ | |
| | | | Along Grid f-f | २ | ६.४ | ०.२३ | ०.०८ | ०.९६ | ०.२२ | |
| | | | Outside of Grid f-f | २ | ४.६६ | ०.२३ | ०.०८ | ०.७ | ०.१६ | |
| | | | Along Grid 2-2 | २ | १९.६२ | ०.२३ | ०.०८ | २.९४ | ०.६८ | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| | | | | | | |
|---|---|---|---|---|---|---|
| Between Grid 2-2 & 3-3 | २ | ४.१४ | ०.१२ | ०.०८ | ०.६२ | ०.०७ |
| Along Grid 3-3 | २ | ११.९१ | ०.१२ | ०.०८ | १.७९ | ०.२१ |
| Along Grid 4-4 | २ | १४.२९ | ०.१२ | ०.०८ | २.१४ | ०.२५ |
| Between Grid 4-4 & 5-5 | २ | १४.७२ | ०.१२ | ०.०८ | २.२१ | ०.२५ |
| Along Grid 5-5 | २ | १३.५१ | ०.२३ | ०.०८ | २.०३ | ०.४७ |
| | | | | Total | ३१.९६ | ३.८७ |
| | | | | Differenc in Qty | २८.०९ | |
| | | | | Rate | १६००० | |
| | | | | Amount | ४४९३६४.८८ | |
| | | | | VAT | ५८४१७.४३ | |
| Sill & Lintel Bands को नापीबाट बढी Qty कायम हुँदा बढी भुक्तानी भएको रकम | | | | Grand Total Amount | ५०७७८२.३१ | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ४३ | | | **घट्टेखोला सिँचाइ कुलो :**<br><br>बढी भुक्तानी : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ बमोजिम प्राविधिक नापजाँच गरी वास्तविक कार्यसम्पादनको आधारमा बिल र बीजकको भुक्तानी गर्नुपर्ने व्यवस्था छ । कार्यालयले गोश्वारा भौचर नं ३१५।२०७९।०३।२३ मा घट्टेखोला सिँचाइ कुलो निर्माण उपभोक्ता समितिलाई प्राविधिक बिलअनुसार रु ९१२५०४।८९ भुक्तानी गर्नुपर्नेमा रु ९१६९०० भुक्तानी भई रु ३९९५ बढी भुक्तानी भएको छ । बढी भुक्तानी भएको रकम सम्बन्धितबाट असुल गर्नुपर्ने रु | ३,९९५ |
| ४४ | | | **सामाजिक सुरक्षा :**<br><br>सामाजिक सुरक्षातर्फ यस वर्ष रु.७,८६,२३,०८०।८४ खर्च भएको बैङ्क नगदी किताब र आर्थिक विवरणबाट देखिन्छ । सामाजिक सुरक्षा कार्यक्रम सम्बन्धमा देखिएका ब्यहोरा देहाय बमोजिम रहेका छन् : | |
| ४४.१ | | | **रकम भिडान नभएको —** सामाजिक सुरक्षा भत्ता वितरणको लागि ४ चौमासिकमा कोष तथा लेखा नियन्त्रक कार्यालयवाट रु ७८६२३०८०।८४ र गाउँपालिकाले पछि सोधभर्ना हुने गरी रु ४३५६१४।३५ समेत रु ७९०५८६९६।१९ निकासा भएको छ। बैंकले पेश गरेको रिभर्स फिड अनुसार रु ७९२३८६९३। वितरण भएकोमा रिभर्स फिडमा सम्बन्धित लाभग्राहीको खातामा रकम जम्मा पश्चात मृत्यु वा अन्य कारणले वितरण नभई फिर्ता गरेको रु १९३०३१।८१ भई खुद वितरण रु ७९०४५६१६।१९ देखिनेमा कार्यालयले रु ७९०५८६९४।५९ वितरणको विवरण पेश गरेकोले फरक परेको रु १३०४४। सम्बन्धमा कार्यालयले स्वयं यकिन गर्नु पर्ने रु | १३,०४४ |
| ४४.२ | | | **लगत कट्टाको अभिलेख प्राप्त नभएको:** सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ को दफा १२ मा मृत्यू भएमा, बसाइँ सरी गएमा, एकल वा विधवा महिलाले विवाह गरेमा, बालबालिकाको हकमा पाँच बर्ष (साठी महिना) उमेर पूरा भएमा, नवीकरण नगरेमा, एक आर्थिक बर्षको कुनै पनि किस्ता रकम नबुझेमा बा बैंक मार्फत वितरण भएकोमा लगातार एक बर्षसम्म खाता निष्क्रिय भएमा वा अयोग्य व्यक्तिले भत्ता प्राप्त गरेको प्रमाणित भएमा त्यस्ता लाभग्राहीको नाम सम्बन्धित स्थानीय तहको मूल अभिलेखबाट कट्टा गर्नुपर्ने तथा लगत कट्टा गरिएको व्यहोरा अभिलेखमा स्पष्ट जनाई सम्बन्धित स्थानीय तहको वडाका सचिब वा निजले तोकेको जिम्मेवार पदाधिकारीले प्रमाणीत गर्नुपर्ने व्यवस्था छ । लेखापरीक्षण क्रममा मुल अभिलेख खाता, नवीकरकणको विवरण, नयाँ थप भएका लाभग्राहीको विवरण र आ.व. २०७८।७९ मा लगत कट्टाको विवरण माग भएकोमा उपलब्ध भएन । मुल अभिलेख खाता र लगत कट्टाको स्पष्ट अभिलेख | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | प्राप्त नभएकाले दफा १२ बमोजिम लगत कट्टा गर्नुपर्ने लाभग्राहीको लगत कट्टा भए नभएको र लगत कट्टा गर्नुपर्ने व्यक्तिलाई समेत भुक्तानी भएको छैन भनी यकिन गर्न सकिएन । यसमा सुधार गर्नुपर्दछ । | |
| ४४.३ | | | पारदर्शिता कायम नगरेकोः सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि, २०७५ को दफा ३३ मा आगामी आर्थिक वर्षमा भत्ता प्राप्त गर्नेहरुको विवरण सम्बन्धित वडा समितिहरुको सिफारिशका आधारमा स्थानीय तहको सभामा पेश गर्नुपर्ने, स्थानिय तहले सञ्चालन गरेको कार्यक्रमको चौमासिक वा वार्षिक रुपमा समीक्षा गर्दा सामाजिक सुरक्षा कार्यक्रममा भएको निकासा तथा खर्चको पनि समीक्षा गर्नुपर्ने, सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरुको नाम नामेसी सम्बन्धित स्थानिय तहको वेवसाइटमा राख्नुपर्ने व्यवस्था गरेकोमा कार्यालयले उल्लेखित व्यवस्था गरेको पाइएन । कार्यविधिमा उल्लेखित व्यवस्थाको पालना गर्नुपर्दछ । | |
| ४५ | | | **बैठक भत्ता -**<br><br>**बैठक भत्ताः** अर्थ मन्त्रालय कार्य संचालन निर्देशिका, २०७५ को दफा ७.१.१ मा बैठक भत्ताको मापदण्ड अनुसार एकै निकाय र अन्तर्गतका पदाधिकारी/कर्मचारी मात्र बस्ने बैठकमा भत्ता प्रदान नगर्ने उल्लेख छ। यस गाउँपालिकाका कर्मचारी तथा पदाधिकारी मात्र सम्मिलित भएको निम्मानुसार संख्याका पदाधिकारीहरु लाई, बैठक भत्ता बापत भुक्तानी भएको रु.२६२०००.० नियम सम्मत नदेखिएको व्यहोरा गत वर्ष समेत औल्याएकोमा यस वर्ष समेत भुक्तानी भएको रु. | २६२,००० |

| भौ.नं/मिति | प्रयोजन | पदाधिकारी संख्या | रकम |
|---|---|---|---|
| ११९/२०७८/९/२३ | शिलबन्दी दरभाउपत्र तथा बोलपत्रको मूल्याङ्कन बापत | १६ | १५५५००।०० |
| १४८/२०७८/९/३० | दोगडी जय बागेश्वरी सडक प्रारम्भिक वातावरणीय परीक्षण मूल्याङ्कन बैठक | ९ | २७०००।०० |
| १७८/२०७८/१०/२६ | शिलबन्दी दरभाउपत्र तथा बोलपत्रको मूल्याङ्कन बापत | २३ | ७९५००.० |
| जम्मा | | ६७ | २६२०००.०० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ४६ | | | **कर्मचारी व्यवस्थापन -** | |
| ४६.१ | | | **प्रशासकीय संगठन र कर्मचारी व्यवस्थापन** — स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ। गाउँपालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित ३५ दरबन्दी स्वीकृत रहेकोमा लेखापरीक्षण अवधि सम्म १२ (करार बाहेक) जना पदपूर्ती भएको देखिन्छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार कार्य व्यवस्थापनका दृष्टिकोणले महत्वपूर्ण मानिएका प्रमुख प्रशासकीय अधिकृत, जनस्वास्थ्य अधिकृत सहित २३ पदहरु रिक्त रहेका छन् । दरबन्दी बमोजिम जनशक्तिको पूर्णता नहुँदा विषयगत कार्यक्रम सञ्चालन, सेवा प्रवाह तथा पालिकाको समग्र कार्य सम्पादनमा असर परेको स्थिति छ ।तसर्थ रिक्त पदहरु यथाशक्य छिटो पूर्ति गरी सेवा प्रवाह प्रभावकारी बनाउनुपर्दछ । | |
| ४६.२ | | | **तलवी प्रतिवेदनः** निजामती सेवा ऐन, २०४९ को दफा ६(ख२) अनुसार कार्यालयले जिल्ला स्थित कोष तथा लेखा नियन्त्रक कार्यालयबाट कार्यालयबाट कार्यालयका कर्मचारीहरुको तलवी प्रतिवेदन पारित गराएर मात्र तलव भत्ता खर्च लेख्नुपर्ने व्यवस्था छ । यस वर्ष कार्यालयले कर्मचारी तलव भत्तामा रु.८५,१०,०००। खर्च लेखेकोमा तलवी प्रतिवेदन पारित नभएकोले तलव र ग्रेड भिडान गर्न सकिएन । ऐनको व्यवस्था पालना गरी तलवी प्रतिवेदन पारित गराई तलव भत्ता खर्च गर्नुपर्दछ । | |
| ४६.३ | | | **कर्मचारी करार** — स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको लागि तथा सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ । तर पालिकाले विभिन्न पदमा ५२ जना कर्मचारीहरु करारमा राखि रु.१ करोड ४८ लाख ४६ हजार खर्च लेखेको छ । त्यसैगरी सोही ऐनको २०७४ को दफा ८३(८) वमोजिम पालिकाले नगर प्रहरी, सवारी चालक, सयश, कार्यालय सहयोगी, पलम्बर, इलेक्टीसियन, चौकिदार, मालि, बगैंचे लगायतका पदमा मात्र करारवाट सेवा लिन सकिने व्यवस्था गरेको छ । स्थानीय तहले माथि उल्लेखित पद वाहेकको प्रशासन सहायक, स्टाफ नर्स, ल्याव टेक्निसियनसमेत ९ जना करार नियुक्ति गरी बर्षभरीमा रु.२५५५०५०.०० भुक्तानी गरेको नियमसम्मत नदेखिएको रु | २,५५५,०५० |
| ४७ | | | **पदाधिकरी सुविधा -**<br><br>**स्थानीय तहका पदाधिकारी सुविधा** : नेपालको संविधानको धारा २२७ मा गाँउ सभा तथा नगरसभाका सदस्यले पाउने सुविधाका सम्बन्धमा प्रदेश कानूनबमोजिम हुने ब्यवस्था अनुसार सुदुरपश्चिम प्रदेश संसदले स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुविधा | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | सम्बन्धी ऐन, २०७५ जारी गरेको छ । उक्त ऐनमा भएको व्यवस्था अनुसार पालिकाबाट देहाय बमोजिम रु. ५३०६५००।० सुविधा वापत भुक्तानी भएको छ । | |

| विवरण | प्रमुख | उपप्रमुख | वडाअध्यक्ष १० जना | कार्यपालिका सदस्य २० | सभाका सदस्य ५९ | जम्मा |
|---|---|---|---|---|---|---|
| बैठक भत्ता | १२००० | १२००० | ८४००० | ८४००० | ४८०००० | ६७२००० |
| यातायात खर्च | ० | १२०००० | ० | ० | ० | १२०००० |
| टेलिफोन,मोबाइल | ८४००० | ७२००० | ३३६००० | २९४००० | ० | ७८६००० |
| पुस्तक,पत्रीका, ईन्टरनेट | ७८००० | ६०००० | ३३६००० | २९४००० | ० | ७८६००० |
| समन्वय तथा सहजीकरण | १२०००० | १०८००० | ५४६००० | ५०४००० | ० | १२७८००० |
| अतिथि सत्कार | १३२००० | १२०००० | ६७२००० | ० | ० | ९२४००० |
| खानेपानी/बिजुली/ सरसफाई | ४८००० | ४२००० | २१०००० | २१०००० | ० | ५१०००० |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td><table>
<tr><td>चाडपर्व खर्च</td><td>२७५००</td><td>२५०००</td><td>१२६०००</td><td>७००००</td><td>०</td><td>२४८५००</td></tr>
<tr><td>जम्मा</td><td>५०१५००</td><td>५५९०००</td><td>२४१००००</td><td>१४५६०००</td><td>४८००००</td><td>५३०६५००।०</td></tr>
</table></td><td></td></tr>
<tr><td>४८</td><td></td><td></td><td>वडा सञ्चालन खर्च -<br><br>वडा कार्यालय संचालन खर्चः पालिकाले ७ वडा कार्यालयलाई रु ३ लाखका दरले वार्षिक रुपमा बजेट विनियोजन गरी रु २०५३७५०।- खर्च गरेको छ । वडा कार्यालयसँग सम्बन्धित नियमित खर्चहरु गाँउ कार्यपालिकाबाट समेत भएको अवस्थामा वडा कार्यालयबाट जिन्सी सामान खरिद, कार्यालय व्यवस्थापन, संचार, इन्धनलगायतका कार्यमा खर्च गर्दा जिन्सी लगत अद्यावधिक नहुने, वडा कार्यालयको खर्चमा एकरुपता नदेखिने तथा पालिका र वडा कार्यालयबाट एउटै काममा दोहोरो खर्च हुन सक्ने देखिएकाले दुई निकायबाट खर्च गर्ने परिपाटी नियन्त्रण गरी खर्चमा एकद्वार पद्धति कायम गर्न ध्यान दिनुपर्दछ ।</td><td></td></tr>
<tr><td>४९</td><td></td><td></td><td>भुक्तानीमा कर -<br><br>भुक्तानीमा कर — ३४८।२०७९।३।८, आयकर ऐन, २०५८ को दफा ८८ र ८९ मा भुक्तानीमा अग्रिम कर कट्टा गर्नुपर्ने व्यवस्था छ । पालिकाले मष्टेश्वरी मा वि मा अतिरिक्त कोचिङ्ग कक्षा सञ्चालन गरेवापत प्रतिकक्षा रु १५०० का दरले ५ जना शिक्षकलाई रु २२५०००।०० भुक्तानी दिंदा १५ प्रतिशतका दरले लाग्ने अग्रिम कर रु.३३७५०।- कट्टी गर्नुपर्नेमा रु.२२५०।०० मात्र कट्टी गरेकोले नपुग रु.३१५००।— निजहरुबाट असुल हुनुपर्ने रु.</td><td>३१,५००</td></tr>
<tr><td>५०</td><td></td><td></td><td>पशुको औषधि खरिद -</td><td></td></tr>
<tr><td>५०.१</td><td></td><td></td><td>पशु स्वास्थ्य सेवाका लागि औषधि खरिद गो भौ नं १६२।२०७८।१०।०९ पशुपंक्षी सम्बन्धि विभिन्न कार्यक्रम खर्चशिर्षकबाट प्रत्येक वडामा पशु स्वास्थ्य सेवाका लागि सन्तुष्टी भेटबाट औषधि खरिद गरी रु ४०००००।०० भुक्तानी गरेकोमा खरिद भएको औषधी वितरण गरि बाँकी रहेको मौज्दात लेखापरीक्षणमा पेश भएन । केस रजिष्ट्रर अनुसार पशु उपचार सहितको औषधीको माग र खर्च तथा मौज्दातको विवरण पेस गरिनुपर्दछ ।</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ५०.२ | | | **विपद् व्यवस्थापन कोष —**विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा १७ (२) तथा विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन नियमावली, २०७६ को नियम (८) मा स्थानीय विपद् व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकारमा प्रदेश विपद् व्यवस्थापन कार्यकारी समितिबाट स्वीकृत एकीकृत क्षेत्रगत नीति तथा कार्यक्रम अनुरुप हुने गरी स्थानीय विपद् व्यवस्थापन योजना तर्जुमा गरी कार्यान्वयन गर्ने, बजेट विनियोजन गर्न लगाउने, सबै पक्षको समन्वय र संलग्न गराउने, विपद् पूर्व तयारी तथा प्रतिकार्य समिति गठन गर्ने, प्रभावित क्षेत्रमा उद्दार र राहत व्यवस्था गर्ने, ऐन बमोजिम कार्य गरे नगरेको अनुगमन गर्ने, विपद् सूचना प्रणाली विकास र सञ्चालन, तथ्याङ्क अद्यावधिक गर्ने, विपद् घरपरिवारको पहिचान गर्ने, कर्मचारी क्षमता अभिवृद्धिको व्यवस्था र कार्यक्रम सहितको कार्ययोजना तयारी गरी लागू गर्ने गराउने सम्बन्धी व्यवस्था छ । कार्यालयले ऐन तथा नियमावलीमा तोकिएका कार्यहरू गरेको पाइएन। ऐन तथा नियमावलीको पालना हुनुपर्दछ । विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा २३(१४) मा विपद् व्यवस्थापनको लागि प्रत्येक स्थानीय तहमा विपद् व्यवस्थापन कोष रहने र कोषमा रहने रकम तथा कोषको सञ्चालन सम्बन्धी व्यवस्था सम्बन्धित स्थानीय तहले बनाएको नियममा तोकिएबमोजिम हुने व्यवस्था छ । पालिकाले गत वर्षको मौज्दात समेत रु. ७,७४,५६९.६६ आम्दानी भई रु. ६५६७५०। खर्च गरी रु. १,१७,८१९.६६ बाँकी रहेको देखिन्छ । विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा ४५ मा स्थानीय विपद् व्यवस्थापन समितिले प्रत्येक आर्थिक वर्षमा गरेको कामको विवरण सहितको वार्षिक प्रतिवेदन तयार गरी जिल्ला विपद् व्यवस्थापन समिति तथा प्रदेश विपद् व्यवस्थापन कार्यकारी समिति समक्ष पेस गर्नुपर्ने व्यवस्था छ । पालिकाले कामको विवरण सहितको वार्षिक प्रतिवेदन तयार गरी सम्बन्धित समितिमा पेस गरेको पाइएन । ऐनमा भएको व्यवस्थाको पालना हुनुपर्दछ ।विश्वव्यापी महामारी नियन्त्रण तथा रोकथाम गर्न यसवर्ष स्थापना भएको प्रकोप व्यस्थापन कोषमा गाउँपालिकाले चालु कार्यक्रमहरुबाट रु. ३,५०,९३०।०० स्टाफ नर्स र कार्यालय सहयोगीको तलव भत्तामा खर्च लेखेको छ । | |
| ५०.३ | | | **विविध खर्च** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(५) अनुसार खर्चको पुष्ट्याई हुने प्रमाण, कागजात संलग्न गरेर मात्र खर्च लेख्नुपर्ने व्यवस्था छ ।त्यस्तै महालेखा नियन्त्रक कार्यालयद्धारा प्रकाशित एकिकृत आर्थिक संकेत तथा वर्गीकरण र व्याख्या 2074 अनुसार खर्च संकेत नं.22711 विविध खर्च शिर्षकबाट बार्षिक कार्यक्रममा स्वीकृत भएका मनोरञ्जन, प्रदर्शन, चियापान र भोजहरु सम्बन्धी खर्च, कार्यालय सुरक्षा सम्बन्धी आवश्यक खर्च, प्रतिनिधि मण्डलको स्वागत खर्च र अतिथि सत्कार खर्च र अन्य कुनै खर्च शिर्षकमा नपरेका नियमानुसार गर्नुपर्ने विविध खर्च भुक्तानी गर्ने व्यवस्था छ । कार्यालयले विविध खर्च शिर्षकमा रु. ६४८९३२०।३५ खर्च गरेको छ । खर्च संकेतको वर्गीकरणमा यस अनुसार स्वागत कार्यक्रमको चियापान, भोज सम्बन्धी, सुरुक्षा, प्रतिनिधि मण्डलको स्वागत कार्य भएको पुष्टि हुने प्रमाण कागजात संलग्न नगरी होटल बिलमात्र पेश हुने गरेको छ । पेश भएका बिलबाट मात्र खर्च पुष्टि हुने देखिदैन । खर्चका प्रत्येक बिलमा के कुन कार्यक्रम वा समारोहमा खर्च भएको हो पुष्टि हुने उपस्थिति | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>लगायतका प्रमाण पेश गर्नुपर्दछ । औचित्य पुष्टि नहुने खर्चलाई नियमित मान्न सकिदैन । प्रत्येक खर्चको औचित्य पुष्टि हुने प्रमाण कागजात पेश गरि यस्तो खर्चमा नियन्त्रण तथा मित व्ययिता ल्याउनुपर्दछ ।</td><td></td></tr>
<tr><td>५०.४</td><td></td><td></td><td>पेश्की बाँकी : आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५२(४) मा नियमानुसार म्याद नाघेको पेश्की तोकिएको म्यादभित्र तोकिएको कार्यविधि अपनाई फछ्र्यौट गर्नुपर्ने व्यवस्था छ । कार्यालयले देहाय अनुसारका कर्मचारी,संस्थागत तथा ठेकेदारहरुलाई पेस्की दिएको म्याद नाघी पेश्की फछ्र्यौट हुन वाँकी देखिएकोले नियममा व्यवस्था भए बमोजिम समयमै फर्छ्यौट गर्नुपर्दछ रु.
<table>
<tr><th>पेश्कीको विवरण</th><th>पेश्की लिने ब्यक्ती, फर्म वा कम्पनीको नाम</th><th>म्याद ननाघेको</th><th>म्याद नाघेको</th></tr>
<tr><td>कर्मचारी</td><td>गजेन्द्र बहादुर रोकाय मेशिनरी तथा औजार मर्मत सम्भार तथा सञ्चालन खर्च</td><td></td><td>३००००</td></tr>
<tr><td>मोविलाईजेशन</td><td>श्री स्वार कन्स्ट्रक्सन प्रा.ली देवस्थली मा वि</td><td>२५०००००</td><td>0</td></tr>
<tr><td rowspan="3">संस्थागत</td><td>श्री दौंनागिरि आ.वि.भवन निर्माण -वडा-४ विद्यालय</td><td>0</td><td>५२८000</td></tr>
<tr><td>भिडेतोला आटी नि.उ.स.</td><td>0</td><td>३३०००</td></tr>
<tr><td>माटे साँगु खा.पा. नि.उ.स.</td><td></td><td>१५६७५०</td></tr>
<tr><td></td><td>जम्मा</td><td>२५०००००</td><td>७४७७५०</td></tr>
</table></td><td>७४७,७५०</td></tr>
<tr><td>५०.५</td><td></td><td></td><td>रितपूर्बकको कर बिजक — ११०।२०७८।९।२० मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १४ बमोजिम मूल्य अभिवृद्धि करमा दर्ता भएका फर्मसँग तोकीएको ढाँचाको कर वीजक लिई खरिद गर्नुपर्ने व्यवस्था छ । तर गाउँपालिकाले कर विजक नं केरमेट गरेको रित पूर्कको कर वीजक बेगर न्यु शिखर फर्निचर एण्ड फर्निसिङ्ग कैलालीबाट मु.अ.कर रु. १९०६४।५० समेत रु. १६५७१४।५०</td><td>१९,०६५</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>सामान खरिद गरेको छ । तसर्थ उक्त सप्लायर्स तथा निर्माण व्यवसासयिले रितपूर्वकको कर बिजक वेगर पालिकाबाट भुक्तानी लिएको मू.अ.कर समायोजन गरेको प्रमाण पेश हुनुपर्ने रु.</td><td></td></tr>
<tr><td>५१</td><td></td><td></td><td>नाफामूलक संस्थालाई अनुदान — स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६ मा वितरणमुखी खर्चलाई नियन्त्रण गर्दै संघ तथा प्रदेश सरकारबाट प्राप्त रकमलाई स्थानीय पूर्वाधार विकास तथा दीर्घकालीन पुजी निर्माण हुने कार्यमा खर्च गर्नुपर्नमा सो विपरित आफै आयअर्जन गर्ने निम्नानुसारका लघुजलविद्युत संस्थालाई मर्मत कार्यको लागि स्वीकृत बार्षिक कार्यक्रम वेगर सम्बन्धित संस्थालेनै सामान खरिद तथा मर्मत गरेको भनी पेश गरेको विल भरपाईको आधारमा संघिय सरकारको सशर्त कार्यक्रमवाट भुक्तानी दिन मिल्ने नदेखिएको रु.
<table>
<tr><th>गो.भौ.नं. मिति</th><th>अनुदान पाउने संस्थाको नाम</th><th>प्रयोजन</th><th>अनुदान रकम</th></tr>
<tr><td>१८-२०७८/११/२२</td><td>भुजनगाउँ लघु जलविद्युत योजना</td><td>सामान खरिद तथा मर्मत</td><td>१९३७००</td></tr>
<tr><td>२३-२०७८/१२/८</td><td>गाडा लघु जलविद्युत योजना</td><td>सामान खरिद तथा मर्मत</td><td>३८४७६०</td></tr>
<tr><td>३७-२०७९/3/1७</td><td>बार्जुगाड लघु जलविद्युत योजना</td><td>सामान खरिद तथा मर्मत</td><td>४२१५४०</td></tr>
<tr><td></td><td>जम्मा</td><td></td><td>१००००००</td></tr>
</table></td><td>१,०००,०००</td></tr>
<tr><td>५२</td><td></td><td></td><td>बजेट सुनिश्चितता– सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९ मा सार्वजनिक निकायले लागत अनुमान तयार गर्दा अन्य कुराको अतिरिक्त खरिद सम्झौता बमोजिम काम सम्पन्न गर्नको लागि लाग्ने अधिकतम रकम तथा समय समेतलाई ख्याल गरी लागत तयार गर्नु पर्ने व्यवस्था छ । कार्यालयले ठेकवन तथा तारेदह झोलुङ्गेपुलको लागि फ्रव्रिकेशन पार्टस खरिद गर्नको लागि रु २२७०३७१। को लागत अनुमान तयार गरी ठेक्का व्यवस्थापन गरेकोमा मालिका ईन्जिनियरिङ एण्ड मेकानिकल वर्कसले कवोल गरेको रु</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | २२६५९९४। मा २०७९।३।२० मा आपूर्ति गरिसक्ने गरी २०७९।१।९ मा सम्झौता गरेकोमा ठेकेवनको लागिमात्र सामान आपूर्ति गरि भौ नं ४०- २०७९।३।२३ मा रु १०९३०००। भुक्तानी दिएको छ । बाँकी सामान आपूर्ति नगरेको सम्बन्धमा सप्लायर्स सामान आपूर्ति गर्न तयार भएको तर कार्यालयमा तारेदहको भुक्तानीको लागि बजेट नभएकोले आपूर्ति नगरेको भनाई रहेको छ । बजेटको निश्चितता नभई ठेक्का व्यवस्थापन गरेको उचित देखिएन । बजेट व्यवस्था भएको वा हुने निश्चितता गरेर मात्र ठेक्का व्यवस्थापन गर्नेतर्फ कार्यालयको ध्यान जानुपर्दछ । | |
| ५३ | | | **आयोजनाको गुणस्तरः**<br><br>**आयोजनाको गुणस्तरः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा उपभोक्ताले आफुले लिएको काम गुणस्तरिय बनाउन त्यस्को प्राविधिक नापजाँच प्राविधिकबाट गराई सार्वजनिक निकायबाट अनुगमन गराउनु पर्ने व्यवस्था छ । पालिकाले आयोजना कार्यान्वय गर्दा कतिपय भवन, खानेपानी, सिचाइ जस्ता संरचनाहरुमा निश्चित अशको लागि मात्रै रकम विनियोजन गरी काम गराउदा त्यस्ता संरचना लामो समयसम्म पूर्ण नहुने, वातावरणीय प्रभाव लगायतको कारणले गुणस्तरमा ह्रास आउन सक्ने सम्भावना रहन्छ । त्यस्तै पालिकाले उपभोक्ता समितिबाट काम भएका सबै प्रकृतिका आयोजनामा गुणस्तर परीक्षण अनिवार्य गरेको पाइएन । तसर्थ आयोजना एकैपटक पूर्ण रुपमा सम्पन्न हुने गरी र सबै आयोजनाको प्रत्यक चरणमा गुणस्तर परीक्षण अनिवार्य गर्ने व्यवस्था गरी आयोजना व्यवस्थापनलाई प्रभावकारी बनाइनुपर्दछ । | |
| ५४ | | | **स्थानीय सरकार सञ्चालन ऐन २०७४ को कार्यान्वयनः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार पालिकाले गर्नुपर्ने उल्लेख भएका कार्यहरु गरिएको हुनुपर्नेमा दफा ११, दफा २४ (४) अनुसारका देहायका कार्यहरु भएको देखिएन । अतः उक्त ऐनद्वारा गर्नुपर्ने कार्यहरु प्रभावकारी रुपमा गरिनु पर्ने देखिन्छ ।<br><br>• स्थानीय सेवाको व्यवस्थापन सम्बन्धी नीति,मापदण्ड,सेवा शर्त,योजना,कार्यान्वयन र नियमन नभएको,<br>• सार्वजनिक ऐलानी र पर्ती जग्गा, सार्वजनिक भवन,भौतिक पुर्वाधारको संरक्षण र सुरक्षा नभएको,<br>• अनधिकृत निर्माण तथा सार्वजनिकसम्पत्ति अतिक्रमण रोकथाम तथा नियन्त्रण नभएको<br>• आयोजनाको अध्ययन, अनुसन्धान तथा प्रभाव मूल्याङ्कन नभएको,<br>• मातृभाषा शिक्षा दिने विद्यालयको अनुमति अनुगमन, तथा नियमन नभएको, | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | • सामुदायिक विद्यालयको जग्गाको स्वामित्व, सम्पत्ति अभिलेख, संरक्षण र व्यवस्थापन नभएको,<br>• स्थानीय पुस्तकालय र वाचनालयको संचालन तथा व्यवस्थापन नभएको,<br>• स्थानीय अभिलेख व्यवस्थापन सम्बन्धी नीति, कानून, मापदण्ड, योजना निर्माण, कार्यान्वयन, अनुगमन र नियमन नभएको,<br>• स्थानीय चरन तथा खर्क विकास र व्यवस्थापन नभएको,<br>• जेष्ठ नागरिक, क्लब, दिवा सेवा केन्द्र, भेटघाट स्थल, अश्रय केन्द्रको संचालन तथा व्यवस्थापन नभएको,<br>• खानेपानी महशुल निर्धारण र खानेपानी सेवा व्यवस्थापन नगरेको,<br>• एक मेगावाटसम्मका जलविद्युत आयोजना सम्बन्धी स्थानीयस्तरको नीति, कानुन, मापदण्ड, योजना तर्जुमा नगरेको,<br>• स्थानीय तहमा वैकल्पिक उर्जा सम्बन्धी नीति, कानून, मापदण्ड, योजना तर्जुमा नगरेको,<br>• स्थानीय विद्युत वितरण प्रणाली र सेवाको व्यवस्थापन, संचालन, अनुगमन र नियमन नभएको,<br>• स्थानीय तहमा वैकल्पिक उर्जा सम्बन्धी प्रविधि विकास र हस्तान्तरण, क्षमता अभिवृद्धि र प्रवर्द्धन नगरेको,<br>• खानेपानी, साना जलविद्युत आयोजना तथा वैकल्पिक उर्जा सम्बन्धी अन्य कार्य नभएको,<br>• जलाधार, वन्यजन्तु, खानी तथा खनिज पदार्थको संरक्षण सम्बन्धी स्थानीय नीति, कानून, मापदण्ड तयार नगरेको,<br>• सामुदायिक भुसंरक्षण र सोमा आधारित आय आर्जन कार्यक्रम नभएको,<br>• खानी तथा खनिज पदार्थ सम्बन्धी सूचना तथा तथ्याङ्क संकलन नभएको,<br>• बहुमुल्य धातु, पत्थर तथा खनिज पदार्थको संरक्षणा र सम्वर्द्धनमा सहयोग नगरेको<br>• आयुर्वेदिक, युनानी, आम्ची, होमियोप्याथिक, प्राकृतिक चिकित्सा लगायतका परम्परागत स्वास्थ्य उपचार सेवाको व्यवस्थापन नभएको,<br>• खानेपानी महशुल निर्धारण र खानेपानी सेवाको व्यवस्थापन नभएको,<br>• वातावरण, पर्यावरण तथा जैविक विविधता सम्बन्धी २६ वटा काम कर्तव्य रहेकोमा कुनै पनि कार्यान्वयन नभएको,<br>• व्यक्तिगत घट्नाको स्थानीय तथ्याङ्क सम्बन्धी नीति कानून ,मापदण्ड, योजना तर्जुमा नभएको,<br>• प्राकृतिक स्रोतबाट हुने रोयल्टी सम्बन्धी नीति, कानून, मापदण्ड तर्जुमा नभएको,<br>• यातायात व्यवस्थापन सम्बन्धी स्थानीय नीति, कानून, मापदण्ड, योजना तर्जुमा नभएको,<br>• संघीय तथा प्रदेश कानूनको अधिनमा रही स्थानीयस्तरको भु उपयोग नीति, योजना कार्यक्रम तर्जुमा र कार्यान्वयन नभएको,<br>• संघीय तथा प्रदेशको मापदण्डको अधिनमा रही व्यवस्थित वस्ती विकासमा कार्यक्रमको तर्जुमा र कार्यान्वयन, एकीकृत वस्ती विकासका लागि जग्गाको | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | • एकीकरण तथा जग्गा र विकास व्यवस्थापन नगरेको,<br>• स्थानीयस्तरमा अव्यवस्थित बसोवास व्यवस्थापन नभएको,<br>• दफा२४ (४) पालिकाले आवधिक, वार्षिक, रणनीतिगत योजना बनाउँदा मध्यम तथा दीर्घकालिन प्रकृतिका आयोजनाहरुको सूची तयार नगरेको,<br>• दफा८३ (७) पालिकाले संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा कुनै कार्य सम्पादन गर्न विशेषज्ञ सेवा आवश्यक पर्ने भई सेवा करारबाट कार्य सम्पादन गर्दा उपयुक्त र प्रभावकारी हुने देखेमा सेवा करारबाट त्यस्तो कार्य गर्न सक्ने उल्लेख गरेकोमा कार्यान्वयन नभएको<br><br>स्थानीय सरकार सञ्चालन ऐनद्वारा निर्देशित कार्य प्रभावकारी रुपमा गर्ने तर्फ पालिकाको ध्यान जानु पर्दछ । | |
| ५५ | | | **आयोजना अनुगमन** :- आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ८१ मा कार्यालयले आफ्नो कामको प्रकृति अनुसार खर्चलाई मितव्ययी एवं कामलाई गुणस्तरिय बनाउन आन्तरिक नियन्त्रण प्रणाली तयार गरी कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । गाउँपालिकाले प्रायजसो वडास्तरिय कार्यक्र म वडा अध्यक्ष र गाउँस्तरिय कार्यक्रमको वडा अध्यक्ष एवं उप प्रमुखको अध्यक्षतामा रहेको गाउँस्तरिय अनुगमन समितिबाट अनुगमन गराई भुक्तानीको लागि सिफारिस गर्ने गरेको देखियो । अनुगमन बाट यतिखर्चमा बनेको आयोजना अनुगमन भनी उल्लेख गरेतापनि योजनाका कमि कमजोरी उल्लेख गर्ने गरेको देखिएन । यसबाट उक्त काम सम्झौता अनुसार नै सम्पन्न भएको थियो भन्ने बुझिन आउँदछ । सवै जसो कामको अनुगमन पश्चात भुक्तानी हुने गरेको देखिँदा कुनै आयोजनामा कमि कमजोरी वा गुणस्तरमा प्रश्न उठेमा त्यस्को जिम्मेवारी उपभोक्ता समिति, प्राविधिक, अनुगमनकर्ता एवं भुक्तानीको लागि सिफारिस गर्ने पदाधिकारीलाई बनाउनु पर्ने देखिन्छ ।साथै अनुगमन गर्दा मापनिय सूचक सहितको फारामहरुको प्रयोग गरी आयोजना अनुगमनलाई थप प्रभावकारी बनाइनुपर्दछ । | |
| ५६ | | | **नर्म्समा भिन्नताः**<br><br>**नर्म्समा भिन्नताः** पालिकाले निर्माण कार्यमा परिमाण बिष्लेषणको लागि प्रयोग गरिएको नर्म्स कुन निकायको र कहिलेको हो भन्ने व्यहोरा लेखापरीक्षणको लागि पेश हुन सकेन । निर्माण आयोजना अन्तर्गत हुने कार्य आइटममा सम्बन्धित कार्य क्षेत्र अनुसारको नर्म्सको प्रयोग हुनुपर्दछ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ५७ | | | **न्यूनतम दररेटः**<br><br>**न्यूनतम दररेटः** स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १३ मा प्रत्येक आर्थिक बर्ष शुरु हुनुभन्दा १५ दिन अगावै आफ्नो क्षेत्रभित्रको निर्माण कार्य तथा अन्य सेवाको प्रयोजनको लागि निर्माण सामाग्री, ज्याला, भाडा तथा महशुलको स्थानीय न्यूनतम दररेट तोक्नुपर्ने व्यवस्था छ । पालिकाले आफ्नै दररेट तयार नगरी जिल्ला दररेट समितिले कैलालीको जिल्ला दररेटलाई आधार लिने निर्णय बमोजिम निर्माण सामाग्रीमा ढुवानी रकम समाबेश गरी निर्माण सामाग्रीको दररेट कायम गरेको छ । अधिकांश योजनामा उपभोक्ता समितिले निर्माण सामाग्री जिल्ला स्थीत आपुर्तकले उपलब्ध गराएको बिल पेश गरेको देखिन्छ । अतः स्थानिय बजारमै उपलब्ध हुने निर्माण सामाग्रीको दर र ढुवानी समाबेश गरी कार्यालयले दररेट तयार गर्नुपर्नेमा कैलाली लाई आधार लिदा आयोजनाको लागत बढि पर्न गएको देखिन्छ । स्थानिय बजारमै उपलब्ध हुने निर्माण सामाग्रीको दर र ढुवानी समाबेश गरी कार्यालयले दररेट तयार गर्नुका साथै कानूनमा भएको व्यवस्थाको परिपालना हुनुपर्दछ । | |
| ५८ | | | **निर्माण कार्यको गुणस्तरः**<br><br>**निर्माण कार्यको गुणस्तरः** सार्वजनिक खरिद नियमावलीको नियम १११(१ङ) अनुसार सार्वजनिक निकायले खरिद सम्झौता कार्यान्वयन गर्दा गुणस्तर पक्षको निरिक्षण र परीक्षण गर्नुपर्दछ ।कार्यालयले उपभोक्ता समिति तथा निर्माण व्यवसायी मार्फत् निर्माण/कार्यान्वयन गराइएका योजनाको दिगोपनाका लागि सम्बन्धित उपभोक्ता समिति वा निर्माण व्यवसायी मार्फत गुणस्तर परीक्षणको आवश्यक व्यवस्था गर्नुपर्दछ।कार्यालयले निर्माण कार्यको गुणस्तर सुनिश्चितता गर्न विभिन्न निर्माण सामग्रीको प्रयोगशाला परीक्षण गर्ने/गराउने, ढुङ्गा र सिमेन्टको गाह्रो लगाउने तथा ढलानको कार्यको गुणस्तरका लागि प्रयोग हुने ग्याबियन तार, सिमेण्ट, मोर्टारको गुणस्तर परीक्षण तथा कंक्रिट क्यूब टेष्ट जस्ता कार्य गराएको पाइएन।यसले गर्दा निर्माण कार्यमा आवश्यक गुणस्तर कायम भएको सम्बन्धमा आश्वस्त हुन सक्ने अवस्था छैन।अतः नियमावली तथा सम्झौतामा उल्लेख भए अनुसार निर्माण कार्यको गुणस्तर सुनिश्चित गर्न गुणस्तर परिक्षणलाई अनिवार्य गर्नु पर्दछ। | |
| ५९ | | | **वडा नं. १ कार्यालय भवन** | ५६१,४५६ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | कार्यालयले ठेक्का नंबर ०५।२०७७।७८ बाट वडा नं १ कार्यालय भवन निर्माण कार्यको गोश्वारा भौचर नं ६०।२०७८।१०।१७ बाट दोस्रो रनिङ्ग बिल वापत रु २६,२२,३७७।२२ भुवन निर्माण सेवालाई भुक्तानी गरेकोमा देखिएका ब्यहोरा देहायबमोजिम रहेका छन्<br><br>• **ठेक्का फाइल पेस नभएको** : कार्यालयले वडा नं १ कार्यालयको ठेक्का फाइल पेस नगरेकोले सो फाइल परीक्षण गरिएको छैन ।<br>• **ब्यान्डः** सार्बजनिक खरिद नियमावली,२०६४ को नियम १२३ वमोजिम प्राबिधिक नाप जाच गरी वास्तबिक कार्य सम्पादनको आधारमा बिल र विजकको भुक्तानी गर्नुपर्ने व्यबस्था छ । कार्यालयबाट निर्माण कार्य भएका देहायवमोजिम कार्यमा प्राबिधिक विलमा Sill band and lintel band for R.c.c कार्यको मापन भएकोमा Brick and stone masonary work मा उक्त परिमाण घटाउनु पर्नेमा नघटाएकोले निम्नानुसार रु.५६१४५६। बढि मूल्याङ्कन भएकोले प्राबिधिकलाई जिम्मेवार बनाई असुल गरी सम्बन्धित संचित कोषमा दाखिला गर्नुपर्ने रु. | |

| भौ.नं.र मिति | फर्मको नाम | विवरण।ठेक्का नम्बर | Sill and lintel band परिमाण | Brick/stone masonary work per cum rate with vat | बढि भुक्तानी |
|---|---|---|---|---|---|
| ३६-०७८-१०-०९ | न्यू बडालेक निर्माण सेवा | बाल बिकास आ.बि | ८।०१ | १६९५० | १३५७७० |
| ५३-०७८-१०-१६ | बेतलमाण्डौ निर्माण सेवा | सरस्वती आ.बि | ८।०१ | २०३४० | १६२९२३ |
| ५४-०७८-१०-१६ | भुवन निर्माण सेवा | दुर्गा भवानी आ.बि | ८।०१ | १२४५८।२५ | ९९७९०।५२ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| १०८-०७८-१२-०१ | अशोक कन्स्ट्रक्सन एण्ड अर्डर सप्लायर्स | गा.पा भवनको कम्पाउण्ड बाल निर्माण | २५।१६ | ६७८० | १७०५८५ |
| ३०९-०७९-३-२२ | आधारभुत स्बास्थ्य केन्द्र भवन निर्माण उ.स | भवन निर्माण | ३।५४ | ५०३७।९९ | १७८३५ |
| ६०-०७८-१०-१७ | भुवन निर्माण सेवा | १ वडा कार्यालय भवन निर्मान | ३।८७ | १९२१० | ७४३४३ |
| | जम्मा | | | | ५६१४५६ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ६० | | | **परामर्श सेवाः**<br><br>**परामर्श सेवाः** सार्वजनिक खरिद नियमावलीमा सार्वजनिक निकायमा कार्यरत जनशक्तिबाट नभ्याउने र बढी दक्षता आवश्यक पर्ने कार्य अनुसार परामर्श सेवाको लागत अनुमान तयार गरी प्रतिस्पर्धाको माध्यमले खरिद गर्नुपर्ने व्यवस्था छ। पालिकाले निम्नानुसारको परामर्श सेवाको खरिद गर्दा प्रतिस्पर्धा नगराई सोझै खरिद गरी रु. १४११६५६। खर्च लेखेको छ। स्थानीय विकासमा टेवा पुग्ने तथा दीर्घकालीन पुजी निर्माण हुने मागमा आधारित आयोजनाको छनौट भएपछि लाभ लागत यकिन गरी उपलब्ध जनशक्तिबाट हुन नसक्ने कार्यको लागि मात्र प्रतिस्पर्धाको माध्यमले परामर्श सेवा खरिद गनुपर्नेमा सो गरेको देखिएन।यस्तो अध्ययन कार्य गराउँदा लाग्ने खर्चको लागत अनुमान तयार गर्दा सडक सर्भेको लागी सडक बिभाग, भवनको लागी भवनको नर्मश लगाई लागत अनुमान तयार गर्नुपर्नेमा सो भन्दा बढि ब्ययभार पर्ने गरी डोलिडार को नर्मश प्रयोग गरी खर्च गरेको उपयुक्त देखिएन। डी.पी.आर.तयार गर्दा पालिकाको प्राविधिक जनशक्ति प्रयोग नगर्नाको कारण स्पष्ट गरी आगामी दिनमा पालिकाको प्राविधिक जनशक्तिबाट यस्तो कार्य गराउनुपर्दछ । साथै यसरी अध्ययन प्रतिवेदन तयार भएका आयोजनाहरु कार्यान्वयनमा गएको समेत नदेखिएकोले खर्चको सार्थकता समेत नदेखिएको रु. | १,४११,६५६ |

| भौ.नं./मिति | फर्मको नाम | कामको विवरण | रकम |
|---|---|---|---|

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>१३०-०७८-९-२७(चालू)</td><td>जे.आर.कन्सल्टेस्सी</td><td>डोगडी जयबागेश्वरी सडक ञ्ङ्क्क गर्ने</td><td>६११६५६</td></tr>
<tr><td>१२०-०७८-९-२३(चालु)</td><td>पि.एल.इन्जिनियरिङ्ग कन्सल्ट</td><td>डोगडी जयबागेश्वरी सडक (९।०१ कि.मि)</td><td>९०००००</td></tr>
<tr><td></td><td>जम्मा</td><td></td><td>१४११६५६।</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>६१</td><td></td><td></td><td>एकमुष्ट रकम बिनियोजन गरी पटक पटक निर्णय गरी खर्च :<br><br>एकमुष्ट रकम बिनियोजन गरी पटक पटक निर्णय गरी खर्च : स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा २४(६) मा पालिकाले योजना तर्जुमा गर्दा योजना सम्भाव्यताको आधारमा स्रोत साधनको पूर्व अनुमान, योजनाको प्राथमिकिकरण, योजना कार्यान्वयन तालिका र अनुगमन र मूल्यांकन योजना समेत तयार गर्नुपर्ने उल्लेख छ । यो वर्ष पालिकाले बजेट तथा नीति तथा कार्यक्रम तयार गर्दा प्रस्तावित बजेट तथा कार्यक्रममा आवश्यकता अनुसार गा.पा भित्रका बिभिन्न योजना तथा पुर्बाधार निर्माण तथा संचालनमा रु.३६०००००। र संघ र प्रदेश योजना आवश्यकता अनुसार १००००००० । योजना पहिचान तथा स्थान एकिन नगरी एकमुष्ट बजेट विनियोजन गरी क्रमश रु. ३५८२७८२। र ७००६४४५। समेत रु.१०५८९२२७। गा.पा अध्यक्ष तथा कार्यपालिकाको निर्णय अनुसार पटक पटक निर्णय गरी खर्च गरेको छ । सभाबाट विस्तृत रुपमा योजनागत रकम बाँडफाँड नगरी एकमुष्ट रुपमा बजेट विनियोजन गरी पटक पटक निर्णय गरी खर्च गरेको छ । यसरी खर्च गर्ने प्रबृतीमा नियन्त्रण हुनुपर्दछ ।</td><td></td></tr>
<tr><td>६२</td><td></td><td></td><td>सोलारः<br><br>सोलारः मूल्य अभिबृद्धि कर ऐन, २०५२ को दफा ५ को उपदफा(३) मा कर छुट हुने बस्तु तथा सेवाहरुको उल्लेख भए बमोजिम अनुसुचीमा सोलार प्यानलमा मूल्य अभिबृद्धि कर नलाग्ने व्यवस्था छ । कार्यालयले उल्लेखित व्यवस्थाको पालना नगरी निम्नानुसार सोलार जडान कार्य गरी रु.८५०२२०। भुक्तानी गरेकोमा सोलार प्यानलको रु.१९२४९९। मा मूल्य अभिबृद्धि कर रु.२२१४५।</td><td>२२,१४५</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>समेत समावेश भई भुक्तानी भएको छ । सोलार प्यानलमा मूल्य अभिबृद्धि कर नलाग्ने देखिएकोले सम्बन्धितबाट सो रकम असुल गर्नुपर्ने रु.
<table>
<tr><th>भौ.नं. मिति</th><th>फर्मको नाम</th><th>भुक्तानी</th><th>सोलर प्यानलको रकम</th><th>मूल्यअभिबृद्दी कर</th></tr>
<tr><td>२०२-०७९-२-१९</td><td>कृतिक ट्रेडर्स एण्ड सप्लायर्स</td><td>४७४१२० ।</td><td>९२४००</td><td>१०६३०</td></tr>
<tr><td></td><td>गडतोला ट्रेडर्स</td><td>३७६१०० ।</td><td>१०००९९</td><td>११५१५</td></tr>
<tr><td></td><td>जम्मा</td><td>८५०२२०</td><td>१९२४९९</td><td>२२१४५</td></tr>
</table></td><td></td></tr>
<tr><td>६३</td><td></td><td></td><td>बीमा गराउनुपर्नेः<br><br>बीमा गराउनुपर्नेः सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११२(१) मा दश लाख रुपैंयाभन्दा बढीको निर्माण कार्यमा निर्माण व्यवसायीले तोकिएको कुराको बिमा गराउनुपर्ने व्यवस्था रहेको छ। कार्यालयद्वारा संचालित दश लाख माथिका अधिकाँश निर्माण कार्यको सम्झौतामा बिमाको व्यवस्था गरेको छैन भने सम्झौतामा बिमाको व्यवस्था भएतापनि निर्माण व्यवसायीले बिमा गरेको प्रमाण पेश भएका छैनन्। निर्माण कार्यमा हुनसक्ने सम्भाव्य दुर्घटनाबाट हुन सक्ने क्षति न्यूनीकरणका लागि अनिवार्य रुपमा संरचनाको विमा गरेर नियमावलीको व्यवस्था पालना गरिनुपर्दछ ।</td><td></td></tr>
<tr><td>६४</td><td></td><td></td><td>विजकको ढाँचाः<br><br>विजकको ढाँचाः मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम १७ (१) मा दर्ता भएको व्यक्तिले कुनै वस्तु वा सेवाको आपूर्ति गर्दा कर अधिकृतले अन्यथा स्वीकृत गरेदेखी बाहेक प्रापकलाई अनुसुचि ५ र ५(क) बमोजिमको ढाँचामा कर विजक दिनुपर्ने व्यवस्था</td><td>१०८,२२२</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>छ । निम्न बमोजिमका फर्महरुलाई कामको भुक्तानी गर्दा कैफियत रहेको विजकको भुक्तानी भएकोले मूल्य अभिवृद्धि कर रु १०८२२२। सम्बन्धित आन्तिरिक राजश्व कार्यालयमा दाखिला गरेको र कारोबार अंक समेत खुल्ने गरी मूल्य अभिवृद्धि कर समायोजन गरेको प्रमाण पेश गर्नुपर्ने रु.
<table>
<tr><th>भौचर नं. मिति</th><th>फर्मको नाम</th><th>बिल रकम</th><th>मूल्य अभिवृद्धि कर रकम</th><th>कैफियत</th></tr>
<tr><td>२१-०७८-९-३०</td><td>उग्रतारा टेक्निकल गुड्स सप्लायर्स</td><td>४९७२००</td><td>५७२००</td><td>विजक नम्बर ५३७-०७८-८-१६ हस्तलिखित बिल</td></tr>
<tr><td>३३४-०७९-३-२६</td><td>बिकास कन्स्ट्रक्सन एण्ड अर्डर सप्लायर्स</td><td>४४३४९०।१७</td><td>५१०२२</td><td>विजक नम्बर ००१-०७९-३-२४ हस्तलिखित बिल</td></tr>
<tr><td></td><td>जम्मा</td><td></td><td>१०८२२२</td><td></td></tr>
</table></td><td></td></tr>
<tr><td>६५</td><td></td><td></td><td>बढि भुक्तानीः<br><br>बढि भुक्तानीः आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ (१०) बमोजिम भुक्तानी दिन रीत पुगेको नपुगेको जाँच गरी भुक्तानी गर्नुपर्नेमा व्यवस्था छ । कार्यालयले गोश्वारा भौचर नंम्बर १९५-०७९-२-१७ मा के.एन.हार्डवेयर एण्ड सप्लायर्स बाट पाईप २० एम.एम १० प्रेशर को प्रति मिटर मू.अ.कर समेत रु.३९।५५ का दरले खरिद गरेकोमा कार्यालयले सोहि फर्मबाट गोश्वारा भौचर नंम्बर २५५-०७९-३-१३ मा सोही प्रकृतीको पाईप प्रति मिटर मू.अ.कर समेत रु.४८।०२५ का दरले खरिद गरेकोले प्रति मिटर रु. ८।४७५ का दरले २००० मिटर पाईप को रु.१६९५०। फर्मलाई बढि भुक्तानी इको छ । बढि भुक्तानी भएको रकम सम्बन्धित बाट असुल गर्नुपर्नै रु.</td><td>१६,९५०</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ६६ | | | **निर्माण सामाग्री खरिद तथा प्रयोग :**<br><br>**निर्माण सामाग्री खरिद तथा प्रयोग** : खरिद भएका निर्माण सामाग्री प्रयोग हुनुपर्दछ । कार्यालयले निम्न अनुसार निर्माण सामाग्री खरिद गरी रु.३२१९३७। भुक्तानी गरेकोमा उक्त सामान प्रयोग भएको प्रमाण खर्च साथ संलग्न छैन । अत सामान सहि प्रयोग भएको सुनिश्चित गर्नुपर्दछ ।<br><table><tr><td>भौ.नं/मिति</td><td>फर्मको नाम</td><td>सामानको विवरण</td><td>रकम</td></tr><tr><td>१९५-०७९-२-१७</td><td>के.एन.हार्डवेयर एण्ड सप्लायर्स</td><td>एच.डि.पि पाईप</td><td>१७७९७५</td></tr><tr><td>२५५-०७९-२-१७</td><td>के.एन.हार्डवेयर एण्ड सप्लायर्स</td><td>एच.डि.पि पाईप</td><td>१४३९६२</td></tr><tr><td></td><td>जम्मा</td><td></td><td>३२१९३७</td></tr></table> | |
| ६७ | | | **निर्माण ब्याबसायी मार्फत उपभोक्ताको कार्यः**<br><br>**निर्माण ब्याबसायी मार्फत उपभोक्ताको कार्यः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(१३क) अनुसार उपभोक्ता समिति वा लाभग्राही समुदायले प्राप्त गरेको कुनै काममा निर्माण व्यवसायीलाई संलग्न गराइएको पाइएमा सार्वजनिक निकायले उक्त उपभोक्ता समिति वा लाभग्राही समुदायसँग भएको सम्झौता रद्द गरी त्यस्तो उपभोक्ता समिति वा लाभग्राही समुदायलाई भविष्यमा त्यस्तो किसिमको कुनै काम गर्न नदिने अभिलेख राखी सो काम गर्ने निर्माण व्यवसायीलाई कालो सूचीमा राख्न सार्वजनिक खरिद अनुगमन कार्यालयमा सिफारिस गर्नुपर्ने उल्लेख छ । कार्यालयले भौ.नं.।मिति १०३-०७८-११-३० मा डोगडी-जयबागेश्वरी सडक उपभोक्ता समिति बाट कार्य गराएकोमा उपभोक्ता समितिले कानुनको पालना नगरी निर्माण ब्याबसायी यमुना कन्स्ट्रक्सन बाट कार्य गराएको अबस्थामा | ४,१८०,००० |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>रु.४१८००००। भुक्तानी गरेको छ । कानुनमा उल्लेखित ब्याबस्था अनुसार कालोसूचिमा राख्न सिफारिश गरेको प्रमाण सहित कानुनको पालना बेगर खर्च लेखेको रकम नियमित गर्नुपर्ने रु.</td><td></td></tr>
<tr><td>६८</td><td></td><td></td><td>खर्च अनुपात- सूदुरपश्चिम प्रदेश समपुरक अनुदान सम्बन्धी कार्यविधि, २०७५ को दफा ६ मा समपुरक अनुदान प्राप्त गर्न छनौट भएको योजनाको कुल लागतमध्ये चालीस प्रतिशत प्रदेश सरकारले अनुदान दिने र बाँकी स्थानीय तहले लागत साझेदारी गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकाले प्रदेश समपुरक अनुदानबाट संचालन गरेको निम्नानुसारका योजनामा समपुरक अनुदानको कार्यबिधि अनुसारको अनुपातमा खर्च लेख्नुपर्नेमा पुरै रकम प्रदेश समपुरकबाट खर्च लेखेको समपुरक अनुदानको मर्म अनुसार खर्च नभएको रु
<table>
<tr><th>गो भौ नं मिति</th><th>योजनाको नाम</th><th>योजनाको भुक्तानी हुने रकम</th><th>समपुरक अनुदान बाट खर्च लेख्नुपर्ने रकम</th><th>समपुरकवाट बढी खर्च लेखेको रकम</th></tr>
<tr><td>६-०७९।२।२३</td><td>आटीचौर स्वास्थ्य चौकी घेरवार</td><td>१७५२११४</td><td>७००८४६</td><td>१०५१२६८</td></tr>
<tr><td>७-०७९।३।१३</td><td>मेनरोड देखि छालागाडसम्म कृषि सडक निर्माण</td><td>९४८४७९</td><td>३७९३९२</td><td>५६९०८७</td></tr>
<tr><td colspan="4">जम्मा</td><td>१६२०३५५</td></tr>
</table></td><td>१,६२०,३५५</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ६९ | | | **अग्रिम कर**- आयकर ऐन २०५८ को दफा ८७ (१) बमोजिम सेवा शुल्क भुक्तानीमा १५ प्रतिशत कर कट्टा गर्नुपर्ने व्यवस्था छ । पालिकाले झो.पु. निर्माणको लागि परामर्श सेवा वापत पिसविन गै स स लाई भौ नं ३३-२०७९।३।९ बाट रु. १,३१,५१३।- भुक्तानी गर्दा मू.अ. कर विजक पेश नगरेकोमा अग्रिम कर १५ प्रतिशतले रु १९७२७। कट्टा गर्नुपर्नेमा १ प्रतिशतले रु १३१५। मात्र गरेकोले नपुग रु १८४१२। असूल गरी राजश्व दाखिला हुनुपर्ने रु. | १८,४१२ |